

"गुणस्तरीय, संस्कारयुक्त, प्रविधिमैत्री शिक्षा, समृद्द कोन्ज्योसोम, हामी सबैको अपेक्षा"

# कोन्ज्योसोम गाउँपालिका

༄༅།། ཀོནྫོ་སོམ་གཱུཨུཔཱལིཀཱ

# गाउँ शिक्षा योजना

(२०८३।८४ - २०९२।९३)


कोन्ज्योसोम गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

चौघरे, ललितपुर

बागमती प्रदेश, नेपाल

# कोन्ज्योसोम गाउँपालिका

## ༄།། ཀོནཛྱོ་སོམ་གཱཨུཔཱལིཀཱ

# गाउँ शिक्षा योजना

## (२०८३/२०८४–२०९२/२०९३)


कोन्ज्योसोम गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

बागमती प्रदेश, नेपाल

प्रकाशक

कोन्ज्योसोम गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

चौघरे ललितपुर

ईमेल : konjyosom2075@gmail.com

वेवसाईड :www.konjyosommun.gov.np

सर्वाधिकार ©: प्रकाशकमा निहित

(२०८३ जेठ ३१ गतेको गाउँ शिक्षा समितिबाट सिफारिस, २०८३ असार ८ गतेको गाउँ कार्यपालिकाबाट स्वीकृत र २०८३ असार ९ गतेको गाउँ सभाबाट अनुमोदित ।)

प्रथम संस्करण : २०८३

(कोन्ज्योसोम गाउँपालिकाको लिखित स्वीकृति विना यसको पूरै वा आंशिक भाग विद्युतीय माध्यमबाट वा छायाँप्रति हुबहु प्रकाशन गर्न वा परिवर्तन गरेर प्रकाशन गर्न पाइने छैन। गरेको पाइएमा प्रतिलिपि अधिकार ऐन बमोजिम कारबाही गरिने छ ।)

# मन्तव्य



शिक्षा प्रणाली सिङ्गो सामाजिक प्रणालीको एक उप- प्रणाली हो । व्यक्तिको सर्वाङ्गीण विकास गरी समाज रूपान्तरणमा शिक्षाको अहम् भूमिका हुन्छ । रोजगारमूलक, गुणस्तरीय, व्यावहारिक एवम् जीवनोपयोगी शिक्षाको माध्यमबाट सिपयुक्त, दक्ष र सिर्जनशील मानव संसाधनको विकास गरी परिवार, समाज र राष्ट्रको आर्थिक समृद्धिमा योगदान पुर्याइएको हुन्छ । अतः शिक्षा प्रणाली स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशअनुकूल आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न राष्ट्रले अँगालेको एक शैक्षिक पद्धति हो । उल्लेखित शिक्षा प्रणालीलाई व्यवस्थित गरी गाउँपालिकाको शैक्षिक उन्ययनको लागि गाउँ शिक्षा योजनाको आवश्यकता महशुस भएको हो ।

हालको नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहका आ- आफ्ना अधिकार र कार्यक्षेत्रहरु तोकेको छ । यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ कार्यान्वयनमा छ, जसमा स्थानीय तहले शिक्षा सम्बन्धी २३ वटा कार्यहरु सम्पादन गर्ने उल्लेख छ । त्यसैले आफ्नो स्थानीय तहमा सञ्चालित विद्यालयहरुको प्रभावकारी व्यवस्थापन गर्दै शिक्षामा समतामूलक पहुँच, गुणस्तरीय शिक्षा, सक्षमता, सान्दर्भिकता, समावेशीकरण, सुशासन तथा व्यवस्थापन आदि सुनिश्चित गर्नका लागि स्थानीय तहले उपलब्ध स्रोत साधन (भौतिक, वित्तीय र मानवीय) को अधिकतम् परिचालन गर्नुपर्ने वास्तविकतालाई मध्यनजर गर्दै कोन्ज्योसोम गाउँपालिकाले गाउँ शिक्षा योजना निर्माण गरी कार्यान्वयनमा ल्याउन लागिएको छ । कुनै पनि ठाउँको समग्र विकासमा शिक्षाको विकास भनेको आधारभूत आवश्यकता हो । यस महत्वपूर्ण विषयवस्तुलाई आत्मसात् गरी उपलब्ध ऐन, कानून, नीति, नियम तथा अन्य दस्तावेजहरुको गहन अध्ययन गरी नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, पञ्च वर्षीय योजनाहरु, विद्यालय शिक्षा क्षेत्र योजना (SESP), तथा विभिन्न ऐन कानूनको परिधिमा रहेर स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनीधिहरुसँग चरणवद्ध रुपमा छलफल गरी निर्माण गरिएको यो शैक्षिक योजना गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि महत्वपूर्ण दस्तावेज हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

कोन्ज्योसोम गाउँपालिका सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, जातजाति, आदि दृष्टिकोणबाट विशिष्ट पहिचान र विशेषतासहितको प्रचुर सम्भावनाहरु बोकेको एक अनुपम स्थल हो । गाउँपालिकाको भूगोल, हावापानी, प्रकृतिक स्रोत र सम्पदा, सामाजिक, साँस्कृतिक, आर्थिक, ऐतिहासिक र वातावरणीय पक्षको पहिचान, संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन र पूर्ण उपयोग गर्ने नीति गाउँपालिकाले अवलम्बन गरेको छ । शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग, उत्पादनलाई बजारसँग र बजारलाई आर्थिक उन्नतिसँग जोडी सुन्दर, सभ्य र समृद्ध कोन्ज्योसोम निर्माणका लागि टेवा पुर्याउने उद्देश्यसहित गाउँ शिक्षा योजना निर्माण गरिएको छ ।

राष्ट्रियस्तरमा निर्माण भएको योजनाले स्थानीय आवश्यकता, चासो र सरोकार लगायत भौगोलिक, सामाजिक,सांस्कृतिक र प्राकृतिक विशिष्टतालाई पूर्ण रूपमा समेट्न सकेको हुँदैन । त्यसैले स्थानीयस्तरका परम्परागत ज्ञान, सिप, पेशा, व्यवसाय र प्रविधिलाई संरक्षण र संवर्धन गर्न,

स्थानीय सम्पदा, वातावरण, पर्यटकीय स्थल र जैविक विविधताप्रति जागरूक हुन, स्थानीय स्रोत साधनको अधिकतम परिचालन गर्न र स्थानीय संस्कृति तथा कलाकौशलप्रति सम्मान गर्दै शिक्षा प्रणालीलाई थप व्यवस्थित बनाई सिकाइ अनुकुल वातावरण निर्माणसँगै विद्यार्थीलाई न्यूनतम शिकाइ उपलब्धी हासिल गराउने ध्येयका साथ यस पालिकाले गाउँ शिक्षा योजना निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

योजनाको प्रभावकारी कार्यन्वयन भयो भने मात्र अपेक्षित सक्षमता / उद्देश्यहरू हासिल हुन सक्दछ । तसर्थ यो योजनाको प्रभावकारी कार्यन्वयनमा सम्बद्ध सरोकारवाला सबै पक्षको सक्रिय सहभागिता हुनु जरुरी छ । यसका लागि शिक्षकले शिक्षण सिकाइ क्रियाकलापका क्रममा नवीनतम शैलीहरूको अवलम्बन गरी विद्यार्थीहरूको सक्रिय सहभागिता सुनिश्चित हुने गरी सिकाइ सहजीकरण गर्नु पर्दछ । बालमैत्री सिकाइ वातावरण निर्माणको लागि आवश्यक वित्तिय व्यवस्थापन, विपद् उत्थानशील भौतिक संरचना निर्माण, सिकाइ अनुकुल वातावरण निर्माणसँगै मानव पूँजिको निर्माण गर्न यो योजना उपयोगी हुनेछ भन्ने कुरामा गाउँपालिका पूर्ण विश्वस्त छ ।

योजना निर्माण कार्यदल गठन,शैक्षिक घरधुरी सर्वेक्षण, विज्ञहरूसँगको परामर्श, स्थानीय सरोकारवालाहरूसँग सुझाव सङ्कलन एवम् समिति, उपसमिति, प्रधानाध्यापक, शिक्षक, बुद्धिजीवी, समाजसेवी र संघ/संस्थाका प्रतिनिधिहरूसँग अन्तरक्रिया गोष्ठी लगायत गाउँ शिक्षा योजना निर्माणका निर्धारित चरणहरू पूरा गरी यो योजना निर्माण गरिएको हो । यस प्रक्रियामा सक्रिय सहभागी भई योगदान पुयाउनु हुने योजना निर्माण कार्यमा संयोजन गर्नुहुने सामाजिक विकास समितिका संयोजक, शिक्षा शाखा प्रमुख योजना निर्माण समिति तथा समितिका सदस्यहरू, जनप्रतिनिधिहरू, शिक्षाप्रेमी, समाजसेवी, राजनीतिक, आर्थिक र सामाजिक जीवनका प्रबुद्ध व्यक्तित्वहरू लगायत यस योजनालाई मूर्त रुप दिन योजनाको विभिन्न चरणा तथा लेखन कार्यमा प्राविधिक तथा अन्य सहयोग पुयाउने गाउँपालिकामा शिक्षा क्षेत्रमा काम गर्ने गैरसरकारी संघसंस्थाहरुप्रति गाउँपालिका हार्दिक आभारसहित विशेष धन्यवाद ज्ञापन गर्दछ । योजनालाई पुनरावलोकन गरी प्राविधिक तथा व्यावहारिक दृष्टिकोणबाट अमूल्य सल्लाह सुझाव प्रदान गरी यस स्वरूपमा ल्याउन महत्त्वपूर्ण योगदान दिनु हुने प्राविधिक विज्ञ प्रल्हाद अर्याल प्रति विशेष धन्यवाद प्रकट गर्दछौं । अन्त्यमा, यो गाउँ शिक्षा योजनालाई कोन्ज्योसोम गाउँपालिकामा प्रभावकारी रूपमा कार्यान्वयन गर्न शिक्षक समुदाय लगायत सम्बद्ध सरोकारवाला पक्ष सबैको अहम् भूमिका रहने हुँदा गाउँ शिक्षा योजनाको निरन्तर सुधारका लागि सबैसँग रचनात्मक राय, सल्लाह र सुझावको अपेक्षा राख्दछु ।

कृष्णमान लामा
अध्यक्ष
कोन्ज्योसोम गाउँपालिका

## मन्तव्य



नेपालको संविधानमा व्यवस्था भएअनुसार शिक्षा साझा अधिकार सूचीमा परे पनि माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहको अधिकारक्षेत्रमा परेको छ । सोही व्यवस्था अनुसार कोन्ज्योसोम गाउँपालिकाले शैक्षिक व्यवस्थापकीय कार्य गर्दै आएको छ । दिगो विकासका लक्ष्य प्रासिका लागि नेपाल सरकारले गरेको प्रतिवद्धता, सोह्रौ आवधिक योजना एवम् विद्यालय शिक्षा क्षेत्र योजना (२०२१-२०३०) ले परिलक्षित गरेका उद्देश्यहरू हासिल गर्न सबै तहका सरकारहरूको उत्तिकै दायित्व रहेको हुन्छ । यसै सन्दर्भमा सङ्घीय एवम् प्रदेश तहबाट मार्गदर्शन एवम् योजनाका खाकाहरू उपलब्ध गराउने एवम् आवश्यक क्षमता विकास गर्ने जस्ता कार्यहरू गरिएको थियो । स्थानीय तहको सरकार गठन भए पश्चात् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्देश गरेअनुरूप क्षेत्रगत रूपमा आवधिक एवम् दीर्घकालीन योजनाहरू निर्माण एवम् कार्यान्वयनको जिम्मेवारी स्थानीय तहको भएको सन्दर्भमा कोन्ज्योसोम गाउँपालिकाको आर्थिक, सामाजिक तथा पर्यावरणीय परिवेश एवम् शिक्षा क्षेत्रका सूचकहरूको अवस्था समेतलाई ध्यानमा राखी यो शिक्षा क्षेत्रको योजना तयार गरी कोन्ज्योसोम गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८३/०३/०८ गतेको निर्णयबाट पारित गरि मिति २०८३।०३।०९ गतेको गाउँसभाबाट अनुमोदन भएको छ ।

गाउँपालिकालाई शिक्षा क्षेत्रको वार्षिक योजना तथा बजेट तर्जुमा गर्न, अन्य विषयक्षेत्रका योजनाहरूसँगको सम्बन्ध विश्लेषण गर्न तथा नतिजामुखी अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाई निर्धारित लक्ष्यमा पुग्न यो योजनाले मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ ।

यसैगरी मस्यौदा पुनरावलोकन गरी अन्तिम रूप प्रदान गर्ने क्रममा आफ्ना अमूल्य सुझाव प्रदान गर्नु हुने वडाअध्यक्ष तथा कार्यपालिका सदस्यहरू, जनप्रतिनिधिहरू, प्रधानाध्यापक, शिक्षक र शिक्षाप्रेमी व्यक्तित्व सबैप्रति आभार प्रकट गर्ने चाहन्छौं । यस योजनाको मस्यौदा समितिको संयोजकको रूपमा समन्वयकारी भूमिका निर्वाह गर्नुहुने सामाजिक विकास समिति संयोजक सन्तलाल लामा तथा शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख विष्णुप्रसाद आचार्य सहित मस्यौदा समितिका सदस्यहरू योजना तर्जुमामा संलग्न सम्पूर्ण व्यक्तित्वहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।अन्त्यमा, यस योजनाले गाउँपालिकालाई आफ्ना वार्षिक नीति तथा कार्यक्रम एवम् बजेट निर्धारण गर्न तथा गुणस्तरीय शिक्षाका लागि स्थानीय तहबाट लक्षित उद्देश्यहरू हासिल गर्न निर्धारित रणनीतिहरू उपयोगी हुने हाम्रो विश्वास रहेको छ ।

राजनप्रसाद घिमिरे
उपाध्यक्ष
कोन्ज्योसोम गाउँपालिका

# शुभकामना



कोन्ज्योसोम गाउँपालिका ललितपुर जिल्लाको एक महत्वपूर्ण गाउँपालिका हो । यहाँ विभिन्न जातजाति, वर्ग समुदाय, पेशा आदिमा समेत विविधता रहेको छ । शैक्षिक क्षेत्रमा पनि यहाँ विविधता रहेको पाईन्छ । यस प्रकारको विविधतालाई सम्बोधन गर्न नेपालको संविधानले माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापनको अधिकार स्थानीय तहलाई दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४, पञ्चवर्षीय योजनाहरु, अनिवार्य शिक्षा ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, विद्यालय शिक्षा क्षेत्र योजना (SESP), कोन्ज्योसोम गाउँपालिकाले बनाएको शिक्षा सम्बन्धी कानून तथा विभिन्न ऐन कानूनको अधिकारको उपयोग गरी स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनीधिहरुसँग चरणवद्ध रुपमा छलफल गरी निर्माण गरिएको कोन्ज्योसोम गाउँपालिकाको शिक्षा योजना गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि एउटा महत्वपूर्ण दस्तावेजको रुपमा रहेको छ । यो महत्वपूर्ण दस्तावेज प्रकाशनमा आउन लागेकोमा सबैलाई हार्दिक बधाई दिन चाहन्छु ।

गाउँपालिकाको शैक्षिक क्षेत्रमा सबै वर्गको पहुँच स्थापना गरी दक्ष, सकारात्मक सोच भएका जनशक्तिको उत्पादनमा सहयोग पुगोस् भन्ने हेतुले गाउँपालिकाले यो योजना निर्माण गरेको हो । यस क्षेत्रको बहु-पहिचानलाई आत्मसात गर्दै गाउँपालिकाको शैक्षिक अवस्थाको विश्लेषण सहित तयार पारिएको यस योजना निर्माण कार्यमा तदारुकता देखाउनुहुने अध्यक्षज्यू, उपाध्यक्षज्यू,सामाजिक विकास समिति संयोजक, शिक्षा शाखा प्रमुख लगायत कार्यालयका सम्पूर्ण कर्मचारीहरू, योजना निर्माणका क्रममा सल्लाह सुझाव दिनुहुने स्थानीय शिक्षाविद, विज्ञ टोली लगायत यस योजनालाई मूर्त रुप दिन खोज अनुसन्धान तथा लेखन कार्यमा सहयोग गर्ने विज्ञ संस्था, प्र.अ., शिक्षक लगायतका सम्पूर्ण सरोकारवाला महानुभावहरूले आ-आफ्नो क्षेत्रबाट पुर्‍याउनु भएको सहयोगबाट यो योजना निर्माण सम्भव भएकोले सम्पूर्ण सरोकारवालाहरु प्रति पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु । अन्त्यमा, यस योजनाले गाउँपालिकाको समग्र शैक्षिक विकासमा महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने विश्वासका साथ यस योजनाको प्रभावकारी र दिगो कार्यान्वयनको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछु ।



गोपालप्रसाद दुलाल  
प्रमुख प्रशासकीय अधिकृत  
कोन्ज्योसोम गाउँपालिका

## भनाइ



नेपालको बागमती प्रदेश, ललितपुर जिल्लामा पर्ने कोन्ज्योसोम गाउँपालिका बहुभाषिक, बहुसाँस्कृतिक, बहुजातीय र विविधतायुक्त गाउँपालिका हो । कूल ५ वटा वडामा विभाजन गरिएको छ । हालको नेपालको संविधानले परिकल्पना गरे अनुरुप स्थानीय तहका विद्यालयहरुको प्रभावकारी व्यवस्थापन गर्दै शिक्षामा समतामूलक पहुँच, गुणस्तरीय शिक्षा, समता, सान्दर्भिकता, समावेशीकरण, सुशासन तथा व्यवस्थापन आदि सुनिश्चित गर्नका लागि स्थानीय तहले उपलब्ध स्रोत साधन (भौतिक, वित्तीय र मानवीय ) को अधिकतम् परिचालन गर्नुपर्ने वास्तविकतालाई मध्यनजर गर्दै कोन्ज्योसोम गाउँपालिकाले गाउँ शिक्षा योजना निर्माण गरेको हो।

शिक्षालाई विकासको मेरुदण्ड मानेर उपलब्ध ऐन, कानून, नीति, नियम तथा अन्य दस्तावेजहरुको गहन अध्ययन गरी नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, पञ्च वर्षीय योजनाहरु, विद्यालय क्षेत्र विकास कार्यक्रम, तथा विभिन्न ऐन कानूनको परिधिमा रहेर स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनिधिहरुसँग चरणवद्ध रुपमा छलफल गरी निर्माण गरिएको यो शैक्षिक योजना गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि महत्वपूर्ण आधार हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

कोन्ज्योसोम गाउँपालिकाको शैक्षिक आवश्यकतालाई मनन् गर्दै शैक्षिक अवस्थाको गहन अध्ययन गरी तयार पारिएको यस योजना निर्माणमा उत्सुकता देखाउनुहुने अध्यक्षज्यू, उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, कार्यपालिकाका सदस्यज्यूहरु, शिक्षा शाखा प्रमुख लगायत कार्यालयका सम्पूर्ण कर्मचारीहरू, योजना निर्माणका क्रममा सल्लाह सुझाव दिनुहुने स्थानीय शिक्षाविद, विज्ञ टोली लगायत यस योजनालाई मूर्त रुप दिन खोज अनुसन्धान तथा लेखन कार्यमा सहयोग गर्ने विज्ञ संस्था, प्र.अ., शिक्षक लगायतका सम्पूर्ण सरोकारवालालाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, यस शैक्षिक योजनामा समावेश कार्यान्वयनमा सम्पूर्ण सरोकारवालाहरुको सहयोग र सहकार्यको अपेक्षा राख्दै यसको प्रभावकारी कार्यान्वयनको कामना गर्दछु ।

**सन्तलाल लामा, संयोजक**

सामाजिक विकास समिति

कोन्ज्योसोम गाउँपालिका ललितपुर

# भनाइ



नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, विभिन्न आवधिक योजनाहरु, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७, राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षा ऐन तथा नियमावलीहरु, विद्यालय शिक्षा क्षेत्र योजना ( SESP), गाउँपालिकाले तयार पारेका विभिन्न ऐन कानून तथा मापदण्डले दिएको अधिकार तथा मर्मलाई पालना गर्दै स्थानीय आवश्यकताहरुको पहिचान गरी त्यसैका आधारमा स्थानीय शिक्षाको विकासका लागि यस कोन्ज्योसोम गाउँपालिका स्तरीय गाउँ शिक्षा योजना तयार पारी लागु गर्ने चरणमा पुगेकोमा मलाई अत्यन्तै खुशी लागेको छ । शिक्षा विकासको मेरुदण्ड हो । कुनैपनि क्षेत्रको विकासका लागि शिक्षाको विकास अपरिहार्य रहेको हुन्छ । त्यसकारण शिक्षा सबैका लागि महत्वपूर्ण क्षेत्र हो । स्थानीय सरोकारवालाहरुको सहभागितामा विषय विज्ञहरुले गाउँपालिकाको हालको शैक्षिक अवस्थाको विश्लेषण गरी आगामी दिनका लागि तयार पारिएको रणनैतिक दस्तावेज हो यो शिक्षा योजना, जसले गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि मार्गदर्शन गर्दछ । यो महत्वपूर्ण दस्तावेज विद्यालयका प्र.अ., शिक्षक, प्राध्यापक स्थानीय विज्ञ, विषय विज्ञ, जनप्रतिनिधिहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको निरन्तर प्रयासबाट सम्भव भएको हो । त्यसकारण यस योजना निमार्णका क्रममा आवद्ध हुनु भएका सम्पूर्ण सरोकारवाला, विभिन्न तह र तप्काका व्यक्ति तथा संस्थाप्रति हार्दिक आभार प्रकट गर्दछु। यसै गरी शैक्षिक योजनाको मर्मलाई बुझेर योजना बनाउन र लागु गर्न तत्परता देखाउनु हुने अध्यक्षज्यू, उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीज्यूहरु लगायत विद्यालयसँग सम्बद्ध सम्पूर्ण महानुभावहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, यो योजनाको प्रभावकारी कार्यान्वयन र अर्थपूर्ण नतिजाको लागि यहाँहरुको रचनात्मक सुझावको अपेक्षा सहित समग्र गाउँपालिकाको शैक्षिक उन्नयन, बढोत्तरी र यसको सफलतापूर्ण नतिजा सहितको कामना गर्दछु ।



विष्णुप्रसाद आचार्य,प्रमुख
शिक्षा, युवा तथा खेलकुद शाखा
कोन्ज्योसोम गाउँपालिका

# विषय सूची


हाम्रो भनाइ ........ i

विषय सूची ........ ii

योजनाको सारांश ........ v

**परिच्छेद १ : परिचय**

१.१ भौगोलिक अवस्थिति ........ १

१.२ जनसाङ्ख्यिक संरचना ........ २

१.३ सामाजिक तथा सांस्कृतिक अवस्था ........ ३

१.४ आर्थिक अवस्था ........ ४

१.५ शैक्षिक अवस्था ........ ४

**परिच्छेद २ : दूरदृष्टि, लक्ष्य, उद्देश्य तथा रणनीति**

२.१ दूरदृष्टि ........ १३

२.२ लक्ष्य ........ १३

२.३ उद्देश्यहरू ........ १३

२.४ रणनीतिहरू ........ १४

२.५ अपेक्षित उपलब्धिहरू ........ १९

२.६ मुख्य कार्यसम्पादन सूचक तथा लक्ष्य निर्धारण ........ १९

**परिच्छेद ३ : विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र**

३.१ प्रारम्भिक बालविकास तथा शिक्षा ........ २६

३.२ आधारभूत शिक्षा ........ ३५

३.३ माध्यमिक शिक्षा ........ ४४

३.४ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ ........ ५४

**परिच्छेद ४ : अन्तरसम्बन्धित विषय क्षेत्र**

४.१ पाठ्यक्रम र मूल्याङ्कन ........ ६०

४.२ शिक्षक व्यवस्थापन र विकास ........ ६९

४.३ समता तथा समावेशीकरण ........ ७४

४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाइ कार्यक्रम ........ ८१

४.५ आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा ........ ९३

४.६ विद्यालय भौतिक पूर्वाधार विकास ........ ९८

४.७ सूचना तथा सञ्चार प्रविधि ........ १०३

**परिच्छेद ५ : अन्य उपक्षेत्र**

५.१ विद्यालय समायोजना तथा एकीकरण....................................................................११०
५.२ जनशक्ति व्यवस्थापन.........................................................................................११७
५.३ प्रधानाध्यापकसम्बन्धी व्यवस्था............................................................................१२२

**परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन**

६.१ संस्थागत क्षमता विकास......................................................................................१२७
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध....................................................................१३३

**परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन**

७.१ परिचय..........................................................................................................१३७
७.२ वर्तमान अवस्था.................................................................................................१३७
७.३ उद्देश्य..........................................................................................................१३८
७.४ रणनीतिहरू.....................................................................................................१३९
७.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य उपलब्धि..................................................१३९
७.६ विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्वन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरूको बजेट विवरण...........................................................................................................१४०

**परिच्छेद ८ : कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण**

८.१ परिचय.......................................................................................................... १४२
८.२ वर्तमान अवस्था................................................................................................. १४२
८.३ उद्देश्य.......................................................................................................... १४३
८.४ रणनीतिहरू..................................................................................................... १४४
८.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य उपलब्धि.................................................. १४४

**अनुसुचीहरु**

अनुसुची १ वडागत शैक्षिक बिवरण........................................................................१४७
अनुसुची २ भाषा अनुसारको जनसंख्या बिवरण..........................................................१४८
अनुसुची ३ धर्म अनुसारको जनसंख्या बिवरण...........................................................१४८
अनुसुची ४ वडागत जनसंख्या ,घरमुली र महिला तथा पुरुषको जनसंख्या बिवरण..........................१४९
अनुसुची ५ वडागत सामुदायिक विद्यालयको बिवरण....................................................१४९
अनुसुची ६ उमेर समुहगत जनसंख्या बिवरण.............................................................१५०
अनुसुची ७ सामुदायिक विद्यालयको मौजुदा भौतिक पूर्वाधारको बिवरण.......................................१५१

# ACRONYMS

SEE: Secondary Education Examination

SLCE: School Leaving Certificate Examination

SMC: School Management Committee

PTA: Parent Teachers Association

ECDC: Early Child Development Center

CTEVT: Council for Technical Education and Vocational Training

GER: Gross Enrolment Rate

NER: Net Enrolment Rate

SIP: School Impovement Plan

NA: Not Available

CLC: Community Learing Centre

SSDP: Secondary School Development Programme/Project

ICT: Imformation Communication Technology

सासिके : सामुदायिक सिकाइ केन्द्र

पालिका : कोन्ज्योसोम गाउँपालिका

गा पा : गाउँपालिका

प्र.प्र.अ. : प्रमुख प्रशासकीय अधिकृत

प्र .अ:  प्रधानाध्यापक

**गाउँ शिक्षा योजना निमार्ण कार्यदल**

| | |
|---|---|
| १ सन्तलाल लामा | संयोजक सामाजिक विकास समिति संयोजक |
| २ दिनेश संजेल | सदस्य, विषय विज्ञ |
| ३ नानीराम संजेल | सदस्य, शिक्षक |
| ४ डोल्मा लामा | सदस्य, शिक्षा समिति सदस्य |
| ५ पुरुषोतम बजगाईं | सदस्य, शिक्षक महासंघ अध्यक्ष |
| ६ प्रेमप्रकाश भट्टराई | सदस्य, प्रधानाध्यापक |
| ७ विष्णुप्रसाद आचार्य | सदस्य सचिव, शिक्षा शाखा प्रमुख |

**विषय क्षेत्र लेखनमा सहयोग**

१ राजेश घिमिरे,शिक्षक

२ बद्रीप्रसाद घिमिरे,प्रधानाध्यापक

**प्राविधिक लेखाजोखा मुल्यांकन**

प्रल्हाद अर्याल ,पूर्व उपसचिव शिक्षा सेवा

**तथ्याङ्क व्यवस्थापन**

१ माधव घिमिरे.सुचना प्रविधि अधिकृत

२ रविन घिमिरे, सहायक विद्यालय निरीक्षक

**विशेष सल्लाहकार**

१ कृष्णमान लामा — गा पा अध्यक्ष

२ राजनप्रसाद घिमिरे- गा पा उपाध्यक्ष

३ गोपालप्रसाद दुलाल- प्र.प्र.अ.

४ रोहन घलान लामा - वडा नं २ अध्यक्ष

५ तिलकबहादुर भोम्जन- वडा नं ३ अध्यक्ष

६ तिर्थबहादुर घलान— वडा नं ४ अध्यक्ष

७ विजयकुमार स्याङ्तान — वडा नं ५ अध्यक्ष

# योजनाको सारांश

गाउँ शिक्षा योजना स्थानीय तहभित्रको शिक्षा प्रणालीलाई समावेशी, गुणस्तरीय र दिगो बनाउने उद्देश्यले तयार गरिएको समग्र रणनीतिक दस्तावेज हो । यस योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक तथा वैकल्पिक/आजीवन शिक्षासम्मका कार्यक्रमलाई एकीकृत ढङ्गले समेटेको छ ।

योजनाको प्रमुख उद्देश्यहरूमा शिक्षामा पहुँच र समता विस्तार, सिकाइ उपलब्धि सुधार, शिक्षक तथा शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धि, विद्यालय शासन र व्यवस्थापन सुदृढीकरण, प्रविधिको प्रभावकारी उपयोग, तथा सुरक्षित र बालमैत्री वातावरण निर्माण समावेश छन् ।

योजना तयार गर्दा तथ्याङ्क विश्लेषण, विद्यालय अवस्था अध्ययन, सरोकारवालासँग परामर्श तथा स्थानीय आवश्यकता पहिचानलाई आधार बनाइएको छ । यसले विद्यालय भर्ना र निरन्तरता, ड्रपआउट न्यूनीकरण, लक्षित समूह (बालिका, दलित, अपाङ्गता भएका बालबालिका, सीमान्तकृत समुदाय) का लागि विशेष कार्यक्रम तथा गैर-औपचारिक/वैकल्पिक शिक्षालाई प्राथमिकता दिएको छ ।

कार्यान्वयन रणनीतिमा स्पष्ट लक्ष्य, परिणाम सूचक, वार्षिक कार्ययोजना, जिम्मेवारी बाँडफाँड र अनुगमन-मूल्याङ्कन व्यवस्था समावेश गरिएको छ । स्थानीय स्रोत परिचालन, अन्तर-तह समन्वय, समुदाय सहभागिता र सार्वजनिक–निजी साझेदारीलाई जोड दिइएको छ ।

समग्रमा, यो शिक्षा योजना स्थानीय तहको शैक्षिक रूपान्तरणका लागि मार्गदर्शक दस्तावेज हो । योजनाको प्रभावकारी कार्यान्वयनले सबै बालबालिकालाई समान अवसर, गुणस्तरीय सिकाइ र जीवनोपयोगी सीप प्रदान गर्दै सामाजिक न्याय र दिगो विकासमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

**क) विषय प्रवेश**

संविधानतः संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहमा निहित भएको छ । नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा विद्यालय शिक्षा सम्बन्धी विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाले स्थानीय तहलाई आफ्ना भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक सन्दर्भअनुसार शिक्षा नीति तथा योजना निर्माण गर्ने स्पष्ट अधिकार र दायित्व प्रदान गरेको छ । यस सन्दर्भमा स्थानीय शिक्षा योजना स्थानीय तहको शिक्षा विकासको मार्गदर्शक दस्तावेजका रूपमा अत्यन्तै महत्वपूर्ण मानिन्छ ।

स्थानीय शिक्षा योजना भनेको स्थानीय तहभित्रका बालबालिका, युवा तथा वयस्कहरूको समावेशी, गुणस्तरीय, जीवनोपयोगी र समान पहुँच सुनिश्चित गर्ने उद्देश्यले तयार गरिने दीर्घकालीन तथा मध्यकालीन योजना हो । यस योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक तह, प्राविधिक तथा व्यवसायिक शिक्षा, अनौपचारिक तथा आजीवन सिकाइसम्मका सबै आयामलाई समेट्दै स्थानीय

आवश्यकतामा आधारित लक्ष्य, रणनीति, कार्यक्रम तथा बजेटको स्पष्ट खाका प्रस्तुत गर्दछ । साथै, यसले संघीय तथा प्रदेशस्तरीय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना (SESP) तथा दिगो विकास लक्ष्य (SDG-4) सँग स्थानीय शिक्षा विकासलाई समन्वयात्मक रूपमा अघि बढाउन सहयोग पुऱ्याउँछ।

स्थानीय शिक्षा योजना निर्माण प्रक्रिया तथ्यमा आधारित, सहभागीमूलक र समावेशी हुनुपर्दछ । यस क्रममा विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, समुदाय, सरोकारवाला निकाय तथा विषयगत विज्ञहरूको सार्थक सहभागिता सुनिश्चित गर्नु आवश्यक हुन्छ । यसले शिक्षा क्षेत्रमा विद्यमान असमानता, पहुँचको समस्या, गुणस्तरका चुनौती, लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवाल, अपाङ्गमैत्रीपूर्वाधार, डिजिटल शिक्षा, जलवायु परिवर्तन तथा विपद् प्रतिरोधी संरचना शिक्षा प्रणाली जस्ता समसामयिक विषयहरूलाई सम्बोधन गर्न सहयोग गर्दछ ।

यसरी तयार गरिने स्थानीय शिक्षा योजनाले स्थानीय तहको शिक्षा क्षेत्रमा लगानीको प्राथमिकता निर्धारण गर्ने, स्रोत साधनको प्रभावकारी परिचालन गर्ने तथा नतिजामूलक कार्यान्वयनलाई सुनिश्चित गर्ने आधार प्रदान गर्दछ । दीर्घकालीन दृष्टि, स्पष्ट लक्ष्य र मापनयोग्य सूचकहरूसहितको स्थानीय शिक्षा योजना मार्फत स्थानीय तहले आफ्ना नागरिकका लागि समावेशी, गुणस्तरीय र दिगो शिक्षा प्रणाली निर्माणतर्फ ठोस कदम चाल्न सक्नेछ ।

### ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

शिक्षा सामाजिक, आर्थिक तथा मानवीय विकासको आधार स्तम्भ हो । गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षा बिना दिगो विकास सम्भव हुँदैन । संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा सेवा प्रवाहको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको सन्दर्भमा शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य झनै बढेको छ । स्पष्ट दृष्टि, लक्ष्य र रणनीतिबिना सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरू अपेक्षित नतिजा दिन नसक्ने हुँदा व्यवस्थित शिक्षा योजना अपरिहार्य भएको छ ।

शिक्षा योजना निर्माणको प्रमुख आवश्यकता स्थानीय सन्दर्भ, आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा विकासलाई अगाडि बढाउनु हो । देशभर शिक्षा क्षेत्रमा भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधता विद्यमान छ । एकै किसिमको नीति र कार्यक्रमले सबै स्थानका समस्या समाधान गर्न नसक्ने भएकाले स्थानीय तथ्याङ्क, विद्यालयको अवस्था, सिकाइ उपलब्धि, पहुँच र निरन्तरताको अवस्था, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा स्रोत साधनको यथार्थ मूल्याङ्कनका आधारमा शिक्षा योजना तयार गर्नु आवश्यक हुन्छ । यसले स्थानीय समस्यालाई पहिचान गरी समाधानमुखी हस्तक्षेप सुनिश्चित गर्दछ ।

शिक्षा योजना निर्माणको अर्को महत्वपूर्ण औचित्य सीमित स्रोत साधनको प्रभावकारी र पारदर्शी उपयोग हो । शिक्षा क्षेत्रमा लगानी बढ्दै गए तापनि स्रोतको सही प्राथमिकता निर्धारण हुन नसक्दा अपेक्षित उपलब्धि हाँसिल हुन सकेको छैन । शिक्षा योजनाले स्पष्ट प्राथमिकता, कार्यक्रम र बजेटबीचको अन्तरसम्बन्ध स्थापित गरी स्रोतको दोहोरोपन घटाउने र नतिजामूलक लगानी सुनिश्चित गर्ने आधार प्रदान गर्दछ । साथै, यसले विकास साझेदार तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्न सहज बनाउँछ ।

समावेशीता, समानता र सामाजिक न्याय प्रवर्द्धन गर्नु पनि शिक्षा योजना निर्माणको प्रमुख औचित्य हो । बालबालिकाको पहुँचबाहिर रहने अवस्था, लैङ्गिक विभेद, जातीय तथा सामाजिक बहिष्करण, अपाङ्गता, गरिबी र भौगोलिक कठिनाइका कारण सिर्जित असमानतालाई सम्बोधन गर्न लक्षित रणनीति आवश्यक हुन्छ । शिक्षा योजनाले GESI उत्तरदायी कार्यक्रमहरू समावेश गरी पछाडि परेका तथा जोखिममा रहेका समूहको शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुऱ्याउँछ ।

त्यसैगरी, शिक्षा योजनाले शिक्षा प्रणालीको गुणस्तर सुधार र दिगोपन सुनिश्चित गर्दछ । शिक्षकको पेशागत विकास, पाठ्यक्रम कार्यान्वयन, शिक्षण-सिकाइ प्रक्रिया, परीक्षा तथा मूल्याङ्कन प्रणाली, डिजिटल शिक्षा र नवप्रवर्तनलाई योजनाबद्ध रूपमा अघि बढाउन शिक्षा योजना आवश्यक हुन्छ । साथै जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र आपत्कालीन अवस्थामै पनि सिकाइ निरन्तरता कायम राख्ने शिक्षा प्रणाली निर्माणका लागि दीर्घकालीन सोच र तयारी शिक्षा योजनामार्फत मात्र सम्भव हुन्छ ।

यसरी, शिक्षा योजना निर्माण स्थानीयदेखि राष्ट्रिय लक्ष्यसम्मको सेतुका रूपमा कार्य गर्दछ । यसले विद्यालय शिक्षा क्षेत्र योजना (SESP), दिगो विकास लक्ष्य (SDG-4) तथा राष्ट्रिय शिक्षा नीतिसँग स्थानीय शिक्षा विकासलाई समन्वय गर्दै उत्तरदायी, प्रभावकारी र परिणाममुखी शिक्षा प्रणाली निर्माण गर्न स्पष्ट दिशा प्रदान गर्दछ । त्यसैले, गुणस्तरीय, समावेशी र दिगो शिक्षा सुनिश्चित गर्न शिक्षा योजना निर्माण आवश्यक मात्र नभई अत्यन्त औचित्यपूर्ण कार्य हो ।

**ग) योजना निर्माणको आधार र प्रक्रिया**

शिक्षा योजना निर्माण गर्दाका देहाय बमोजिमका सामग्रीहरूलाई आधार लिएर योजना निर्माण गरिएको थियो ।

क) नेपालको संविधान

ख) सोह्रौं आवधिक योजना

ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७

ङ) राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच

च) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली

छ) विद्यालय शिक्षा क्षेत्र योजना

ज) राष्ट्रिय शिक्षा नीति २०७६,

झ) दिगो विकास लक्ष्य

ञ) बागमति प्रदेशको शिक्षा नीति तथा योजना

ट) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८

ठ) स्थानीय तहको मध्यकालिन खर्च संरचना

ड) राष्ट्रिय जनगणनाको प्रतिवेदन, २०७८

ढ) राजनीतिक दलको घोषणापत्र

ण) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम

त) स्थानीय आर्थिक, सामाजिक घरधुरी सर्वेक्षण, २०८१

थ) स्थानीय शैक्षिक घरधुरी सर्वेक्षण, २०८२

द) Big school model को सम्भाव्यतासम्बन्धी अध्ययन प्रतिवेदन,२०८२

त्यसै गरी योजना निर्माणको क्रममा देहाय बमोजिमका प्रक्रियाहरू अवलम्वन गरिएको थियो ।

क) शिक्षा समितिको बैठकको निर्णय

ख) योजना निर्माण कार्यदल गठन

ग) सरोकारवालाहरूको वडागत तथा पालिकास्तरीय भेलाको सुझाव

घ) प्रथम मस्यौदा तयारी तथा प्रस्तुतिकरण र सुझाव संकलन

ङ) योजनाको अन्तिम रूप

च) योजनाको लेखाजोखा

छ) कार्यदलबाट शिक्षा समितिमा पेश

ज) कार्यापालिकाबाट योजनाको अनुमोदन तथा गाउँसभाबाट स्वीकृति र कार्यान्वयनको अवस्था

**घ) योजनाको दस्तावेजको स्वरूप**

यस योजनाको पहिलो परिच्छेदमा स्थानीय तहको पृष्ठभूमि, शिक्षा क्षेत्रका समस्याहरू चुनौतीहरू र अवसरहरू उल्लेख गरिएको छ । दोस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरू प्रस्तुत गरिएको छ ।

परिच्छेद तीनमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका समावेश गरिएको छ । यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक

शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ रहेका छन् । परिच्छेद चारमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषय क्षेत्रहरू समावेश गरिएको छ।यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा, विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि रहेका छन् ।

परिच्छेद पाँचमा विद्यालय सुशासन तथा व्यवस्थापन अन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका समावेश गरिएको छ । परिच्छेद ६ मा योजनाका लागि लगानी र स्रोत व्यवस्थापन के कसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ । परिच्छेद सातमा योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजाहरू र मुख्य मुख्य सूचकहरू उल्लेख गरिएको छ ।

# परिच्छेद १
# परिचय

## १.१ भौगोलिक अवस्थिति

कोन्ज्योसोम गाउँपालिका नेपालको संविधान जारी भएपछिको नयाँ संरचना अनुसार बागमती प्रदेश अन्तर्गत ललितपुर जिल्लामा पर्दछ । यस गाउँपालिकालाई मिति २०७३ साल फागुन २७ गतेका दिन साविकका चौघरे, शङ्खु, दलचोकी, नल्लु र भारदेउ गा.वि.सलाई समेटि साविकको चौघरे गा.वि.स.को कार्यालय भवनलाई केन्द्र बनाई ५ वटा वडा कायम गरी कोन्ज्योसोम गाउँपालिका घोषणा गरिएको र नेपाल राजपत्रमा प्रकाशन भएको थियो । यस गाउँपालिकाको उत्तरमा गोदावरी नगरपालिका, पश्चिममा गोदावरी नगरपालिका र बागमती गाउँपालिका, दक्षिणमा बागमती र महांकाल गाउँपालिका र पूर्वमा महांकाल गाउँपालिका र काभ्रेपलान्चोक जिल्ला रहेका छन् । भौगोलिक हिसाबले ८५ डिग्री, १८ मि.२७ से. देखि ८५ डिग्री २४ मि.२३ से. पूर्वी देशान्तर सम्म र २७ डिग्री २८ मि.३६ से. देखि २७ डिग्री ३३ मि.४९ से. उत्तरी अक्षांशमा अवस्थित कोन्ज्योसोम गाउँपालिकाको क्षेत्रफल ४४.१६ वर्ग कि.मि छ । गाउँपालिकाको उचाई समुन्द्र सतहबाट १०५३ मिटरदेखि २६७४ मिटरसम्म छ । यहाँको औसत अधिकतम तापक्रम २६.४ डिग्री सेल्सियस र औसत न्यूनतम तापक्रम २.३ डिग्री सेल्सियस र वार्षिक औसत वर्षा १६९७ मी.मी रहेको छ ।

गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा ६ वटा मा.वि.(३ वटा साविक उच्च माध्यमिक तह), ५ वटा आधारभुत तह (६ –८) र ६ वटा आधारभुत तह (१–५) संचालित गरी जम्मा १७ वटा विद्यालयहरू रहेका छन् । अध्ययनका लागि यस गाउँपालिकाभित्रका शैक्षिक संस्थाहरूमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिकाहरूबाट समेत विद्यार्थीहरू आउने गरेका छन् ।

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार यस गाउँपालिकाको जनसङ्ख्या ८९८९ र घरधुरी सङ्ख्या २१४२ रहेको छ । जसमा महिला ४५९१ (५१.१%) र पुरुष ४३९८ (४८.९%) रहेका छन् । यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ । कोन्ज्योसोम गाउँपालिकाको साक्षरता दर ७३.९% रहेको छ जसमा पुरुष ८१.९% र महिला ६६.४% साक्षर रहेको देखिन्छ ।

कोन्ज्योसोमको प्राकृतिक सुन्दरता र मनोरम पर्यावरणीय पक्ष तथा जातीय, धार्मिक र सांस्कृतिक पहिचानलाई यहाँको मानविय कला सहितको निपुणता प्रयोग गरी अझ सुन्दर र मनमोहक कोन्ज्योसोम बनाउन सकिन्छ । विभिन्न समुदाय, जातजातीका मानिसहरूको बसोबास रहेको यस क्षेत्रमा बुद्धजयन्ती

ल्होसार, दसैं, तिहार, माघे सङ्क्रान्ती, होली, कृष्ण जन्माष्टमी, जनैपूर्णिमा, क्रिसमस आदि जस्ता विभिन्न चाडपर्वहरू मनाउने गरिन्छ ।

पर्यटकीय सम्भावनाको हिसाबले यहाँ प्राकृतिक सौन्दर्य, धार्मिक तथा सांस्कृतिक स्थलहरू रहेका छन्। वनजंगल, डाँडाकाँडा, ऐतिहासिक मठमन्दिर, गुम्बा वा सांस्कृतिक धरोहरहरूले आन्तरिक पर्यटन प्रवर्द्धनको राम्रो सम्भावना देखाउँछन् । यद्यपि पूर्वाधार, प्रचार-प्रसार र व्यवस्थापनको कमीका कारण यी सम्भावनाहरू पूर्ण रूपमा उपयोग हुन सकेका छैनन् ।

स्थानीय तहमा पाइने जैविक विविधतामा विभिन्न प्रजातिका वनस्पति, वन्यजन्तु तथा चराचुरुङ्गीहरू पर्दछन् । वन क्षेत्रले वातावरणीय सन्तुलन कायम राख्न, जलाधार संरक्षण गर्न र स्थानीय जीविकोपार्जनमा योगदान पुऱ्याएको छ । तथापि वन अतिक्रमण, अव्यवस्थित दोहन र जलवायु परिवर्तनका असरले जैविक विविधतामा चुनौती सिर्जना गरिरहेको छ ।

प्राकृतिक प्रकोप तथा जोखिमको दृष्टिले यस स्थानीय तह बाढी, पहिरो, आगलागी, खडेरी तथा भूकम्प जस्ता जोखिमहरूसँग आंशिक रूपमा संवेदनशील रहेको छ । विशेष गरी वर्षायाममा नदी तथा खोलानालाबाट बाढी र पहिरोको जोखिम बढ्ने गर्दछ । जोखिम न्यूनीकरणका लागि पूर्वतयारी, जनचेतना, सुरक्षित पूर्वाधार विकास तथा स्थानीय तहको आपतकालीन व्यवस्थापन क्षमता सुदृढीकरण आवश्यक देखिन्छ ।

समग्रमा यस स्थानीय तहमा प्रशस्त प्राकृतिक, जैविक तथा पर्यटकीय सम्भावना रहे तापनि दिगो व्यवस्थापन, जोखिम न्यूनीकरण र योजनाबद्ध विकासमार्फत मात्र यी स्रोतहरूको समुचित उपयोग सम्भव छ ।

## १.२ जनसाङ्ख्यिक संरचना

यस स्थानीय तहको जनसाङ्ख्यिक संरचनाले विविधता, गतिशीलता र विकासका चुनौती तथा सम्भावनालाई एकैसाथ प्रतिबिम्बित गर्दछ । जनसङ्ख्याको बनावट हेर्दा महिला र पुरुषको अनुपात करिब सन्तुलित रहेको पाइन्छ, यद्यपि कार्यशील उमेर समूहमा पुरुषको बाह्य बसाइसराइँका कारण महिला जनसङ्ख्याको अनुपात तुलनात्मक रूपमा बढी देखिने अवस्था पनि रहेको छ । बालबालिका, किशोर-किशोरी, कार्यशील उमेर (१५-५९ वर्ष) तथा ज्येष्ठ नागरिकको जनसङ्ख्या वितरणले भविष्यको शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा आवश्यकतालाई संकेत गर्दछ ।

यस स्थानीय तहमा दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा अन्य आर्थिक रूपमा विपन्न समुदायहरूको बसोबास रहेको छ । यी समूहहरू सामाजिक, आर्थिक तथा शैक्षिक पहुँचका दृष्टिले अझै पनि जोखिममा रहेको अवस्था देखिन्छ, जसले लक्षित तथा समावेशी नीतिको आवश्यकता औंल्याउँछ ।

जनसङ्ख्याको वृद्धिदर मध्यम स्तरको रहेको अनुमान गरिन्छ । जन्मदर, मृत्युदर, स्वास्थ्य सेवामा पहुँच तथा बसाइसराइँका प्रवृत्तिले यस वृद्धिदरलाई प्रभावित गरेको छ । यदि हालको प्रवृत्ति निरन्तर रहेमा आगामी वर्षहरूमा कार्यशील उमेर समूहको हिस्सा क्रमशः घट्ने र ज्येष्ठ नागरिकको जनसङ्ख्या बढ्ने सम्भावना देखिन्छ ।

बसाइसराइँको दृष्टिले यो स्थानीय तह श्रममा आधारित बाह्य तथा शहरकेन्द्रित बसाइसराइँबाट प्रभावित छ । रोजगारी, शिक्षा र सेवा सुविधाको खोजीमा युवा वर्गको बाहिरिने प्रवृत्तिले स्थानीय उत्पादनशीलता र विद्यालय उमेर समूहको सङ्ख्यामा असर पारेको छ । जनसङ्ख्याको समग्र प्रक्षेपणले दीर्घकालमा शिक्षा, सीप विकास, रोजगारी सिर्जना र सामाजिक संरक्षण कार्यक्रमलाई जनसाङ्ख्यिक यथार्थसँग जोडेर अघि बढाउनुपर्ने आवश्यकता स्पष्ट पार्दछ ।

समग्रमा, यस स्थानीय तहको जनसाङ्ख्यिक संरचनाले समावेशी विकास, लक्षित शिक्षा तथा मानव संसाधन विकास रणनीतिका लागि बलियो आधार प्रदान गर्दछ ।

## १.३ सामाजिक तथा सांस्कृतिक अवस्था

यस स्थानीय तह सामाजिक, सांस्कृतिक र भाषिक विविधताले सम्पन्न क्षेत्रका रूपमा परिचित छ । यहाँ विभिन्न जातजाति र समुदायहरूको बसोबास रहेको छ, जसले आपसी सहअस्तित्व, सहिष्णुता र सामाजिक सद्भावको परम्परालाई बलियो बनाएको छ । हिन्दु, बौद्ध, क्रिश्चियन, किराँत तथा अन्य धर्मावलम्बीहरूको उपस्थिति रहेको यो क्षेत्रमा धार्मिक सहिष्णुता र विविध आस्था प्रणाली सामाजिक जीवनको अभिन्न अङ्गकारूपमा विकसित भएका छन् ।

स्थानीय तहमा प्रचलित परम्परा, संस्कृति, चाडपर्व, संस्कार, लोककला तथा सांस्कृतिक अभ्यासहरूले समुदायको पहिचान, मूल्य मान्यता र सामाजिक आचरणलाई निर्देशित गर्दछन् । यस्ता सांस्कृतिक सम्पदाले सामाजिक एकता, नैतिक शिक्षा र अन्तरपुस्तीय सम्बन्ध सुदृढ गर्न महत्वपूर्ण भूमिका खेलेका छन् । तथापि आधुनिक जीवनशैली, शहरीकरण र वैदेशिक प्रभावका कारण केही परम्परागत अभ्यासहरू क्रमशः लोपोन्मुख हुने जोखिममा रहेका छन् ।

भाषिक दृष्टिले यस स्थानीय तह बहुभाषिक प्रकृतिको छ । नेपाली, तामाङ, नेवारी, मगर, पहरी भाषासँगै विभिन्न मातृभाषाहरू प्रयोगमा छन्, जसले सांस्कृतिक पहिचान र सिकाइ प्रक्रियामा विशेष महत्त्व राख्दछन् । मातृभाषामा आधारित शिक्षा तथा सञ्चारले बालबालिकाको सिकाइ सहज बनाउने र समावेशी शिक्षा प्रवर्द्धन गर्ने सम्भावना देखिन्छ ।

यस स्थानीय तहमा पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको रैथाने ज्ञान, सीप र प्रविधि कृषि, पशुपालन, घरेलु उद्योग, खानपान र प्राकृतिक स्रोत व्यवस्थापनसँग जोडिएका छन् । यस्ता ज्ञान र सीपहरूले स्थानीय जीविकोपार्जन, आत्मनिर्भरता र दिगो विकासमा योगदान पुऱ्याउँदै आएका छन् । यद्यपि पर्याप्त

अभिलेखीकरण, प्रवर्द्धन र आधुनिक प्रविधिसँगको समन्वयको अभावले यी ज्ञान सीपहरूको निरन्तरतामा चुनौती देखिन्छ ।

समग्रमा, सामाजिक सांस्कृतिक विविधता, मातृभाषा र रैथाने ज्ञान यस स्थानीय तहका अमूल्य सम्पदा हुन्। तिनको संरक्षण, प्रवर्द्धन र शिक्षा तथा विकास योजनासँग एकीकरण गर्नु दीर्घकालीन सामाजिक विकासका लागि अपरिहार्य देखिन्छ ।

## १.४ आर्थिक अवस्था

यस स्थानीय तहको आर्थिक संरचना मुख्यतः कृषि,पशुपालन, सेवा तथा उद्यमशीलतामा आधारित रहेको छ । परम्परागत कृषि, पशुपालन यहाँको प्रमुख व्यवसायका रूपमा विद्यमान छ, जसअन्तर्गत अन्नबाली, तरकारी, फलफूल, पशुपालन तथा साना स्तरका कृषिमा आधारित गतिविधिहरू सञ्चालन भइरहेका छन् । यद्यपि सिँचाइ, प्रविधि, बजार पहुँच र मूल्य श्रृंखलाको सीमितताका कारण कृषि क्षेत्रको उत्पादकत्व अपेक्षाअनुसार वृद्धि हुन सकेको छैन ।स्थानीय बजार, साना व्यापारिक गतिविधि र सेवा व्यवसायले रोजगारी सिर्जना गरिरहेको भए पनि पूँजी, सीप, प्रविधि र लगानी वातावरणको कमजोरीले यस क्षेत्रको विस्तार सीमित रहेको देखिन्छ ।

पर्यटन सम्भावनाको दृष्टिले यस स्थानीय तहमा प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदाले आन्तरिक पर्यटन प्रवर्द्धनको अवसर प्रदान गरेका छन् । धार्मिक यात्रा, स्थानीय संस्कृति र प्राकृतिक सौन्दर्यमा आधारित पर्यटन गतिविधिले आयआर्जन र रोजगारी सिर्जनामा योगदान पुऱ्याउने सम्भावना रहे तापनि पूर्वाधार विकास, प्रवर्द्धन र व्यवस्थापन अझै अपर्याप्त छन् ।

रोजगारीका अवसरहरू सीमित भएकाले श्रमशक्तिको उल्लेखनीय हिस्सा आन्तरिक तथा वैदेशिक रोजगारीमा संलग्न रहेको छ । रेमिट्यान्सले घरायसी अर्थतन्त्रमा योगदान पुऱ्याए पनि दीर्घकालीन उत्पादनशील क्षेत्रमा यसको न्यून प्रयोग चुनौतीका रूपमा देखिन्छ ।

समग्रमा, यस स्थानीय तहको आर्थिक विकासका लागि कृषि आधुनिकीकरण, साना तथा मध्यम उद्यम प्रवर्द्धन, पर्यटन विकास र सीपमूलक रोजगारी सिर्जनालाई एकीकृत रूपमा अघि बढाउनु आवश्यक देखिन्छ ।

## १.५ शैक्षिक अवस्था

| उपक्षेत्र | अवस्थाको विश्लेषण |
|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | प्रारम्भिक बालविकास तथा शिक्षा बालबालिकाको समग्र विकासको आधार हो । यस स्थानीय तहमा प्रारम्भिक बालविकास केन्द्रहरूको सङ्ख्या ३० रहेको छ भने ती केन्द्रहरूमा अध्ययनरत बालबालिकाको सङ्ख्या २२७ |

| | |
|---|---|
| | रहेको छ । केन्द्रहरूको भौगोलिक वितरण र सेवा गुणस्तरमा विविधता रहेको अवस्था छ ।<br>लैङ्गिक दृष्टिले प्रारम्भिक तहमा बालक र बालिकाको सहभागिता तुलनात्मक रूपमा सन्तुलित देखिन्छ। यद्यपि अपाङ्गता भएका, दलित, आदिवासी/जनजाति तथा आर्थिकरूपमा विपन्न समुदायका बालबालिकाको पहुँच र नियमितता अझै चुनौतीपूर्ण छ । अपाङ्गमैत्री पूर्वाधार, विशेष सिकाइ सामग्री र समावेशी शिक्षण अभ्यासको अभाव यसका प्रमुख कारण हुन् ।<br>प्रारम्भिक बालविकास केन्द्रहरूमा कार्यरत सहजकर्ताको सङ्ख्या ३० रहेको छ । अधिकांश सहजकर्ताले आधारभूत तालिम प्राप्त गरे पनि खेलमा आधारित सिकाइ, बालमनोविज्ञान र समावेशी शिक्षण विधिमा निरन्तर क्षमता अभिवृद्धि आवश्यक देखिन्छ । सहजकर्ता–बालबालिका अनुपात १:७.५ रहेको छ भने ६ वटा केन्द्रमा न्यूनतम मापदण्ड अनुकूलको पूर्वाधार पुगेको छैन ।<br>पूर्वाधारको दृष्टिले सुरक्षित, बालमैत्री कक्षाकोठा, खानेपानी, शौचालय, खेल सामग्री तथा सिकाइ कुनाको उपलब्धता केन्द्रगत रूपमा असमान छ । सूचना तथा सञ्चार प्रविधिको प्रयोग न्यून रहेको छ र डिजिटल सिकाइ सामग्री सीमित केन्द्रहरूमा मात्र प्रयोगमा आएका छन् ।<br>जलवायु तथा वातावरणीय दृष्टिले केही केन्द्रहरू बाढी, पहिरो, चिसोको जोखिममा रहेका छन्, जसले बालबालिकाको नियमितता र स्वास्थ्यमा असर पुऱ्याएको छ । सुरक्षित पूर्वाधार र वातावरणीय सचेतना कार्यक्रमको आवश्यकता देखिन्छ ।<br>समग्रमा, यस स्थानीय तहमा प्रारम्भिक बालविकासमा पहुँच विस्तार भए तापनि समावेशिता, गुणस्तर, पूर्वाधार र वातावरणीय सुरक्षामा सुधार आवश्यक छ । लक्षित कार्यक्रम, सहजकर्ताको क्षमता विकास र बालमैत्री वातावरण निर्माणमार्फत प्रारम्भिक शिक्षाको गुणस्तर सुदृढ गर्न सकिने सम्भावना देखिन्छ । |
| आधारभूत शिक्षा | आधारभूत शिक्षा (कक्षा १–८) सबै बालबालिकाको मौलिक अधिकार र जीवनोपयोगी सिकाइको आधार हो । यस स्थानीय तहमा आधारभूत तहका |

| | |
|---|---|
| | सामुदायिक १७ र संस्थागत १ गरी जम्मा विद्यालयहरूको सङ्ख्या १८ रहेको छ । सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको सङ्ख्या १०६९ र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीको सङ्ख्या १६९ गरी जम्मा विद्यार्थी सङ्ख्या १२३८ रहेको छ । भर्ना दरमा सुधार देखिए तापनि कक्षा दोहोरिने, कक्षा छोड्ने र सिकाइ उपलब्धिमा तहगत भिन्नता देखिन्छ ।<br>लैङ्गिक दृष्टिले आधारभूत तहमा बालक र बालिकाको सहभागिता तुलनात्मक रूपमा सन्तुलित देखिन्छ । यद्यपि दलित, अपाङ्गता भएका, आदिवासी/जनजाति तथा अन्य आर्थिकरूपमा विपन्न समूहका बालबालिकाको नियमितता र सिकाइ उपलब्धि अपेक्षाकृत कमजोर रहेको अवस्था पाइन्छ । अपाङ्गमैत्रीपूर्वाधार, सहायक सामग्री तथा समावेशी शिक्षण विधिको अभाव यसका प्रमुख कारण हुन् ।<br>शैक्षिक सर्वेक्षण २०८२ अनुसार विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाको सङ्ख्या २ र आधारभुत तह पार नगरी बीचैमा विद्यालय छाड्ने विद्यार्थीको सङ्ख्या ३१ जना रहेको छ । विद्यालयहरूको भौगोलिक वितरण केही क्षेत्रमा पहुँचमैत्री र केही क्षेत्रमा भौगोलिक असहजता देखिन्छ । सामुदायिक विद्यालयमा विद्यार्थी–शिक्षक अनुपात औसत १:९.२ रहेको छ भने गणित, विज्ञान र अङ्ग्रेजी विषयमा स्वीकृत दरबन्दीमा कार्यरत विषयगत शिक्षकको अभाव देखिन्छ ।<br>उचित तालिम, शैक्षिक सामग्री र व्यवस्थापनको अभावले यसको प्रभावकारिता सीमित भए पनि व्यवस्थित रूपमा लागू गर्न सकेमा पहुँच र लागत–प्रभावकारिता सुधार गर्ने सम्भावना देखिन्छ ।<br>पूर्वाधारको दृष्टिले सुरक्षित कक्षाकोठा, बालमैत्री शौचालय, खानेपानी, पुस्तकालय र खेलकुद सुविधाको उपलब्धता विद्यालयगत रूपमा असमान छ । सिकाइ सामग्री तथा स्थानीय सन्दर्भअनुकूल पाठ्यसामग्रीको उपलब्धता सीमित रहेको छ । सूचना तथा सञ्चार प्रविधिको प्रयोग अझै न्यून छ, जसले प्रविधिमा आधारित सिकाइ विस्तारमा चुनौती सिर्जना गरेको छ ।<br>जलवायु तथा वातावरणीय दृष्टिले केही विद्यालयहरू बाढी, पहिरो, चिसो |

| | |
|---|---|
| | जस्ता जोखिममा रहेका छन्, जसले शैक्षिक नियमितता र पूर्वाधारमा असर पारेको छ । सुरक्षित विद्यालय पूर्वाधार, विपद् पूर्वतयारी र वातावरणीय शिक्षाको आवश्यकता देखिन्छ ।<br>समग्रमा, यस स्थानीय तहमा आधारभूत शिक्षामा पहुँच विस्तार भए तापनि समावेशिता, सिकाइ गुणस्तर, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा जलवायु–अनुकूल विद्यालय विकासमा अझै सुधार आवश्यक देखिन्छ । लक्षित समावेशी कार्यक्रम र गुणस्तर सुधारका पहलमार्फत आधारभूत शिक्षालाई सुदृढ बनाउन सकिने सम्भावना देखिन्छ । |
| माध्यमिक शिक्षा | माध्यमिक शिक्षा (कक्षा ९–१२) विद्यार्थीहरूको जीवनोपयोगी सीप, विश्लेषणात्मक सोच र भविष्यका अवसरका लागि आधार तयार गर्ने महत्वपूर्ण चरण हो । यस स्थानीय तहमा माध्यमिक विद्यालयहरूको सङ्ख्या ६ रहेको छ भने ती विद्यालयमा अध्ययनरत विद्यार्थीको सङ्ख्या ३७४ रहेको छ । भर्ना दरमा सुधार भए तापनि कक्षा छोड्ने र सिकाइ उपलब्धिमा तहगत भिन्नता देखिन्छ ।<br>लैङ्गिक दृष्टिले माध्यमिक तहमा बालक र बालिकाको सहभागिता ४९.९:% र ५०.१% रहेको छ । अपाङ्गता भएका, दलित, आदिवासी/जनजाति तथा अन्य समूहका विद्यार्थीहरूको सहभागी दर अपेक्षाकृत कम छ, जसले लक्षित समावेशी हस्तक्षेपको आवश्यकता औंल्याउँछ ।<br>शिक्षक विद्यार्थी अनुपात औसत १:१८.७ रहेको छ ।विषयबस्तु र आधुनिक शैक्षणिक विधि तथा प्रविधिमा विषयगत दक्ष शिक्षक विशेष गरी गणित, विज्ञान, अङ्ग्रेजी तथा प्राविधिक/व्यावसायिक विषयमा सीमितता छ, जसले सिकाइ गुणस्तरमा असर पुर्‍याएको छ ।<br>पूर्वाधारको दृष्टिले सुरक्षित कक्षाकोठा, बालमैत्री शौचालय, खानेपानी, पुस्तकालय, विषयगत ल्याव र खेलकुद सुविधाको उपलब्धता विद्यालयगत रूपमा असमान छ । सिकाइ सामग्री, प्रयोगात्मक उपकरण तथा ICT सामग्रीको पहुँच न्यून छ ।<br>जलवायु तथा वातावरणीय दृष्टिले केही विद्यालयहरू बाढी, पहिरो, जस्ता जोखिममा रहेका छन्, जसले शैक्षिक नियमितता र पूर्वाधारमा असर |

| | |
|---|---|
| | पुऱ्याएको छ । सुरक्षित पूर्वाधार, वातावरणीय शिक्षा र विपद् तयारी कार्यक्रम आवश्यक देखिन्छ ।<br>समग्रमा, यस स्थानीय तहमा माध्यमिक शिक्षामा पहुँच विस्तार भए तापनि समावेशिता, मनोसामाजिक परामर्श, सिकाइ गुणस्तर, शिक्षक व्यवस्थापन, पूर्वाधार र ICT प्रविधि विस्तारमा सुधार आवश्यक छ । लक्षित योजना र गुणस्तर सुधारका पहलमार्फत माध्यमिक शिक्षाको प्रभावकारिता वृद्धि गर्न सकिने सम्भावना देखिन्छ । |
| अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | अनौपचारिक शिक्षा र आजीवन सिकाइले सबै उमेर समूहका नागरिकलाई जीवनोपयोगी सीप, साक्षरता र आर्थिक अवसर प्रदान गर्ने महत्वपूर्ण माध्यमको रूपमा काम गर्दछ । यस स्थानीय तहमा अनौपचारिक शिक्षा कार्यक्रमहरू सञ्चालनमा रहेका छैनन् । वैकल्पिक शिक्षा कार्यक्रम, साक्षरता अभियान, बालबालिका र युवा लक्षित कार्यक्रम, महिला साक्षरता समूह, सीप विकास तालिमलगायतका कार्यक्रमहरू सन्चालन गर्नुपर्ने देखिन्छ । यसले बालबालिका, युवा र महिला समावेशीकरणमा सकारात्मक योगदान पुर्याउने छ ।<br>आयआर्जन तथा व्यावसायिक सीपसँग जोडिएका तालिम कार्यक्रमले समुदायका सदस्यलाई आत्मनिर्भर र रोजगारीमा सक्षम बनाउने उद्देश्य राख्दछन् । यस स्थानीय तहमा कृषि, हस्तकला, सिलाइ कटाइ, रैथाने सीप र उत्पादन, आईटी/प्रविधि र स्थानीय उत्पादन आधारित तालिममा व्यवस्थित र एकिकृतरूपमा सन्चालन भएको नपाउनुका साथै बजारिकरणको लागि चुनौती रहेको छ । यस्ता तालिमहरूले दिगो आयआर्जनको सम्भावना बढाउने भए तापनि तालिमपछि रोजगारी व्यवसाय सन्चालन र बजार पहुँचमा चुनौतीहरू रहेका देखिन्छन् ।<br>सामुदायिक पुस्तकालय, सिकाइ केन्द्र र डिजिटल स्रोतहरूको अभाव रहेको छ । सार्वजनिक पुस्तकालय सञ्चालनमा नरहेकाले बालबालिका, युवा र महिला समुदायले त्यसको उपयोग गर्ने अवसर पाएका छैनन् । पुस्तकालय, सीप परीक्षण, प्रशिक्षण र परामर्शलाई एकीकृत गर्दै स्थानीय स्तरमा सिकाइ वातावरणलाई प्रभावकारी बनाउनु आवश्यक छ । |

| | |
|---|---|
| | समग्रमा, यस स्थानीय तहमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमले साक्षरता, सीप विकास र समुदाय सहभागितामा निरक्षरता न्यूनीकरण, गुणस्तरीय कार्यक्रम विस्तार, लक्षित समूहको समावेशी सहभागिता, आयआर्जन तथा सीपको व्यावसायिक उपयोग र स्थानीय पुस्तकालय तथा ज्ञान स्रोतको सशक्तिकरणलाई प्राथमिकता दिनु आवश्यक देखिन्छ । यसले दीर्घकालीन रूपमा समुदायमा जीवनभर सिकाइको वातावरण र दिगो विकास सुनिश्चित गर्न सहयोग पुऱ्याउनेछ । |

यस स्थानीय तहमा शिक्षा पहुँच विस्तार भएको देखिन्छ । प्रारम्भिक बालविकास केन्द्रदेखि माध्यमिक तहसम्म विद्यार्थीहरूको भर्ना र सहभागितामा पहुचको उपलब्धता रहेको छ । प्रारम्भिक बालविकास र आधारभूत तहमा लैङ्गिक समानता अपेक्षाकृत सन्तुलित देखिन्छ भने माध्यमिक तहमा बालिकाको निरन्तरतामा केही कमी छ । अपाङ्गता भएका, दलित, आदिवासी/जनजाति तथा अन्य आर्थिकरूपमा विपन्न समूहका बालबालिकाको पहुँच र सिकाइ उपलब्धि अझै चुनौतीपूर्ण छ, जसले लक्षित समावेशी कार्यक्रमको आवश्यकता औंल्याउँछ ।

शिक्षक क्षमता र व्यवस्थापनमा सुधार आवश्यक देखिन्छ । विशेष गरी विषयगत दक्ष शिक्षकको अभाव, शिक्षक–विद्यार्थी अनुपातको असमानताले सिकाइ गुणस्तरमा प्रत्यक्ष असर पुऱ्याउँछ । पूर्वाधार, सिकाइ सामग्री र ICT पहुँच असमान रहेको छ । सुरक्षित, बालमैत्री र अपाङ्गमैत्री कक्षाकोठा, पुस्तकालय, प्रयोगात्मक सामग्री र डिजिटल स्रोतहरूको अभावले गुणस्तरीय शिक्षण सिकाइमा चुनौती सिर्जना गरेको छ । जलवायु तथा वातावरणीय जोखिम, जस्तै बाढी, पहिरोले विद्यालय र बालविकास केन्द्रको नियमितता तथा पूर्वाधारमा प्रभावकारी असर पुऱ्याएको छ ।

अनौपचारिक शिक्षा र आजीवन सिकाइले समुदायमा साक्षरता, सीप विकास र जीवनोपयोगी सीप प्रदान गर्ने महत्वपूर्ण भूमिका खेल्दछ । निरक्षरता न्यूनीकरण, गुणस्तरीय तालिम, आयआर्जन र व्यावसायिक सीपको प्रयोग, तथा सामुदायिक पुस्तकालय र ज्ञान स्रोतहरूको उपयोगमा ल्याउनाका लागि यस्ता कार्यक्रम सन्चालन गर्नुपर्ने आवश्यक देखिन्छ ।

समग्रमा, यस स्थानीय तहको शिक्षा क्षेत्रमा पहुँच र समावेशिता विस्तार भए तापनि गुणस्तरीय सिकाइ, समावेशी पहुँच, शिक्षक क्षमता, पूर्वाधार सुधार, ICT पहुँच र वातावरणीय जोखिम व्यवस्थापन मुख्य चुनौती बनेका छन् । यसका लागि तथ्याङ्कमा आधारित लक्षित कार्यक्रम, समावेशी नीतिहरू, बालमैत्री वातावरण निर्माण, शिक्षक क्षमता अभिवृद्धि र स्थानीय समुदायको सक्रिय सहभागिता आवश्यक छ ।

यी पहलहरू सफलतापूर्वक कार्यान्वयन भएमा स्थानीय तहमा दिगो, गुणस्तरीय र समावेशी शिक्षा प्रणाली विकास गर्न सकिने स्पष्ट सम्भावना छ ।

### १.५.१ सबल पक्षहरू

यस स्थानीय तहले शिक्षा क्षेत्रमा समावेशिता, गुणस्तर र पहुँच विस्तारका लागि विभिन्न असल अभ्यासहरू लागू गर्दै आएको छ । प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म बालबालिकाको समग्र विकास सुनिश्चित गर्न सुरक्षित, बालमैत्री र अपाङ्गमैत्री कक्षाकोठा निर्माण गरिएको छ । प्रारम्भिक तहमा खेलमा आधारित सिकाइ, बालमनोविज्ञान र अभिभावक सहभागिता जस्ता कार्यक्रमहरू सञ्चालन गरिएका छन् जसले बालबालिकाको नियमित उपस्थिति र सिकाइ प्रभावकारिता बढाउन सहयोग पुऱ्याएका छन् ।

आधारभूत र माध्यमिक तहमा लैङ्गिक समानता सुनिश्चित गर्दै बालक र बालिकाको सहभागिता सन्तुलन कायम गरिएको छ । दलित, अपाङ्गता भएका, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहको सहभागिता बढाउन लक्षित कार्यक्रम सञ्चालन भएका छन् । शिक्षक व्यवस्थापनमा सुधार गर्दै विषयगत दक्ष शिक्षकको नियुक्ति र निरन्तर पेशागत विकास कार्यक्रम सञ्चालन गरिएका छन् । शिक्षक–विद्यार्थी अनुपात सुधार गर्ने, तालिम र क्षमता अभिवृद्धि मार्फत सिकाइ गुणस्तर वृद्धि गर्ने पहलहरू भएको देखिएका छन् ।

पूर्वाधार र सिकाइ वातावरण सुधारका लागि विद्यालयहरूमा पुस्तकालय, प्रयोगशाला, खेलकुद सामग्री र ICT उपकरण उपलब्ध गराइएका छन् । विद्यालय भवनमा हरित र वातावरणीय सचेत पूर्वाधार लागू गरेर जलवायु जोखिम न्यूनीकरणमा कदम चालिएको छ ।

### १.५.२. शिक्षा क्षेत्रका समस्याहरू

क) विद्यालय शिक्षामा सबै बालबालिकालाई समान पहुँच, सहभागिता र गुणस्तर सुनिश्चित गर्न नसक्नु ।

ख) लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्न नसक्नु ।

ग) अपाङ्गता भएका दलित र आर्थिकरूपमा विपन्न समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध गराउन नसक्नु ।

घ) पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हाँसिल गर्न नसक्नु ।

ङ) बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार गर्न नसक्नु ।

च) स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न नसक्नु ।

छ) विषयगत तथा कक्षागत शिक्षकको दरबन्दी पर्याप्त नहुनु ।

ज) सूचना तथा सञ्चार प्रविधि (ICT) पहुँच नहुनु र प्रभावकारी प्रयोग गर्न नसक्नु ।

झ) साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर पर्याप्त उपलब्ध गराउन नसक्नु ।

ञ) वैकल्पिक सिकाइ कार्यक्रम कार्यान्वयन गर्न नसक्नु ।

ट) विद्यालय र बालविकास केन्द्रको शैक्षिक पूर्वाधार विकास पर्याप्त नहुनु ।

ठ) विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता सुनिश्चित गर्न नसक्नु ।

ड) विद्यालय भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गर्दै न्यूनतम सिकाइ उपलब्ध हाँसिल हुन नसक्नु

ढ) तोकिएको शैक्षिक सत्रमा तह पार गर्नेको सङ्ख्या कम हुनु, पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त सिकाइका लागि सार्वजनिक इ/पुस्तकालय नहुनु

ण) शिक्षा क्षेत्रका सबै तहमा सुशासनको प्रत्याभूत हुन नसक्नु

त) विद्यार्थीको सिकाइ उपलब्धिप्रति विद्यालय र विषय शिक्षकलाइ जवाफदेही बनाउने वस्तु निष्ठ पद्धति नहुनु

थ) बालबालिकाको विकास र सिकाइप्रति अभिभावकलाई जोड्न नसक्नु,

द) बालबालिकामा नैतिकता, अनुशासन र सिकाइप्रति रुचि जगाउन मनोपरामर्श सेवा उपलब्ध गराउनु नसक्नु

### १.५.३. अवसरहरू

क) संवैधानिक तथा कानुनी आधारहरू प्राप्त हुनु,

ख) शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न सकिनु,

ग) स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकार स्थानीय तहमा प्रदान गर्नु,

घ) तीन तहको सरकार तथा अन्य सङ्घ संस्थाहरूबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु,

ङ) सुचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु,

च) स्थानीय पाठ्यक्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तनसम्बन्धी विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयनको अवसर हुनु,

छ) स्थानीयतहमा भएको रैथाने ज्ञान, सिप र प्रविधिलाई आन्तरिकीकरण गर्नु,

ज) वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनु ।

### १.५.४. चुनौतीहरू

क) लैङ्गिक, भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जात/जाति, आदिको विविधताका कारण सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न,

ख) जनसाङ्ख्किीय प्रवृत्ति (विशेषत: जन्म र बसाँई सराई), बनौट र बसोबास साथै भौगोलिक विकटता कारण व्यवहारिक विद्यालय नक्साङ्कन तथा समायोजन कार्यले पूर्णता पाउन,

ग) स्थानीय परिवेशका अनुसार संचालित कक्षा र विषयको आधारमा भैरहेको विद्यालय शिक्षक दरवन्दीलाई न्यायोचित वितरण गर्न,

घ) विद्यालयमा थप आर्थिक व्यस्थापन हुन नसक्ने हुँदा निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन पूर्णरूपमा गर्न,

ङ) दक्ष जनशक्तिको अभावका कारण पाठ्यक्रम, पाठ्यपुस्तक तथा मुल्यांकन प्रणालीमा सुधार र शिक्षामा सुचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग गर्न,

च) विपत्को अवस्थाको व्यवस्थापन र त्यस्ता समयमा वैकल्पिक माध्यमबाट सिकाइ अवसर प्रदान गर्न,

छ) जनसाङ्ख्यिक समूहहरूको विविधताका कारण आजीवन सिकाइको पहिचानमा विविधता र समान अवसर सुनिश्चित गर्न,

ज) सबै विद्यालयमा तोकिएअनुसारको भौतिक पूर्वाधारको निर्माण र सुरक्षित हरित विद्यालयको रूपमा विकास गर्न आर्थिक स्रोत सङ्कलन गर्न,

झ) जलवायु परिवर्तन र त्यसको असर कम गर्ने उपायहरू अवलम्बन गर्न ।

## परिच्छेद २

# दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ दूरदृष्टि

*"गुणस्तरीय, संस्कारयुक्त, प्रविधिमैत्री शिक्षा : समृद्ध कोन्ज्योसोम, हामी सबैको अपेक्षा"*

## २.२ लक्ष्य

समावेशी पहुँचसहित गुणस्तरीय, संस्कारयुक्त र प्रविधिमैत्री शिक्षा प्रणालीको विकासमार्फत स्थानीय आवश्यकता र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम र आत्मनिर्भर जनशक्ति उत्पादन गर्ने,

## २.३ उदेश्य

क) सबै बालबालिकालाई समतामूलक पहुँच, सहभागिता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु ।

ख) विद्यालय शिक्षामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्नु ।

ग) अपाङ्गता भएका ,दलित र आर्थिकरूपमा विपन्न समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध गर्नु ।

घ) पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हाँसिल गर्नु ।

ङ) बालमैत्री विद्यालय वातावरण निर्माण गरी सिकाइ सुधार गर्नु ।

च) स्थानीय पाठ्यक्रम अद्यावधिक गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।

छ) विषयगत तथा कक्षागत शिक्षकको पर्याप्त दरबन्दी सुनिश्चित गर्नु ।

ज) सूचना तथा सञ्चार प्रविधि (ICT) पहुँच विस्तार गरी सिकाइमा प्रभावकारी प्रयोग गर्नु ।

झ) साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर उपलब्ध गर्नु ।

ञ) वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।

ट) विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता सुनिश्चित गर्नु ।

ठ) पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त सिकाइका लागि सार्वजनिक इ/ पुस्तकालय प्रणालीको विकास गर्नु ।

ड) शिक्षा क्षेत्रका सबै तहमा सुशासनको प्रत्याभूत गर्नु ।

ढ) विद्यार्थीको सिकाइ उपलब्धिप्रति विद्यालय र विषय शिक्षकलाइ जवाफदेही बनाउने वस्तु निष्ठ पद्धति विकास गर्नु ।

ण) बालबालिकाको सर्वाङ्गीण विकास र सिकाइप्रति अभिभावकको संलग्नताको सुनिश्चिता गर्नु ।

त) बालबालिकामा नैतिकता, अनुशासन र सिकाइप्रति रुचि जगाउन मनोपरामर्श सेवाको प्रबन्ध गराउनु ।

## २.४ रणनीति

| उद्देश्य | रणनीति |
|---|---|
| सबै बालबालिकालाई समान पहुँच, सहभागिता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु | क) बालबालिकाको भर्ना र नियमित उपस्थितिको अनुगमन गर्ने । |
| | ख) विद्यालय पहुँच नपुग्ने क्षेत्रका बालबालिकालाई लक्षित कार्यक्रम सञ्चालन गर्ने । |
| | ग) अभिभावक र समुदायको सहभागिता सुनिश्चित गर्ने । |
| | घ) बालबालिकाको स्कूल बस वा यातायात सुविधा उपलब्ध गराउने गर्ने । |
| | ङ) बालबालिकाको नियमित उपस्थितिका लागि अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने । |
| विद्यालय शिक्षामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्नु | क) बालिकाका लागि भर्ना र समर्थन कार्यक्रम लागू गर्ने । |
| | ख) शिक्षक र समुदायलाई लैङ्गिक समावेशी तालिम प्रदान गर्ने । |
| | ग) विद्यालय स्तरमा समावेशी नीति र अनुगमन प्रक्रिया विकास गर्ने । |
| | घ) लैङ्गिक र सामाजिक समावेशी शिक्षासम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने । |
| | ङ) समावेशी बालबालिकाको सहभागिता र नियमित उपस्थितिको अनुगमन गर्ने । |
| अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध | क) अपाङ्गमैत्री पूर्वाधार निर्माण गर्ने । |
| | ख) सहायक सिकाइ सामग्री उपलब्ध गराउने । |
| | ग) शिक्षकलाई समावेशी शिक्षण तालिम प्रदान गर्ने । |

| | |
|---|---|
| गर्नु | घ) लक्षित समूहका बालबालिकाको नियमित उपस्थितिको अनुगमन गर्ने । |
| | ङ) अभिभावक र समुदायलाई समावेशी शिक्षा विषयमा सचेत पार्ने । |
| पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हाँसिल गर्नु | क) शिक्षक विद्यार्थी अनुपात सुधार र गुणस्तरीय शिक्षक नियुक्ति गर्ने । |
| | ख) सिकाइ मूल्याङ्कन र सुधार कार्यक्रम नियमित सञ्चालन गर्ने । |
| | ग) पाठ्यक्रम अनुसार सहायक सिकाइ सामग्री उपलब्ध गर्ने । |
| | घ) शिक्षकलाई नयाँ शिक्षण विधिमा तालिम प्रदान गर्ने । |
| | ङ) सिकाइ उपलब्धिको अनुगमन र रिपोर्टिङ प्रणाली विकास गर्ने । |
| बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार गर्नु | क) सुरक्षित, बालमैत्री र अपाङ्गमैत्री कक्षाकोठा निर्माण गर्ने । |
| | ख) खेलकुद, पुस्तकालय र प्रयोगशाला जस्ता पूर्वाधार सुधार गर्ने । |
| | ग) बालबालिकाको सहभागिता र अभिभावक सहयोगद्वारा विद्यालय वातावरण सुधार गर्ने । |
| | घ) विद्यालय परिसर सफाइ र हरित कार्यक्रम सञ्चालन गर्ने । |
| | ङ) विद्यालयमा स्वास्थ्य र सुरक्षा उपाय लागू गर्ने । |
| स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु | क) समुदाय र शिक्षकको सहभागिता सहित स्थानीय पाठ्यक्रम विकास गर्ने । |
| | ख) स्थानीय सन्दर्भअनुकूल सिकाइ सामग्री उपलब्ध गर्ने । |
| | ग) शिक्षकलाई स्थानीय पाठ्यक्रम कार्यान्वयन तालिम प्रदान गर्ने । |
| | घ) पाठ्यक्रम कार्यान्वयन अनुगमन र सुधार गर्ने । |
| | ङ) विद्यार्थीको सन्दर्भअनुकूल मूल्याङ्कन प्रणाली लागू गर्ने । |
| विषयगत तथा कक्षागत | क) आवश्यक शिक्षक दरबन्दी पहिचान र पूर्ति गर्ने । |

| | |
|---|---|
| शिक्षकको दरबन्दी सुनिश्चित गर्नु | ख) विषयगत दक्षता अनुसार शिक्षक नियुक्ति गर्ने । |
| | ग) शिक्षक व्यवस्थापन र अनुगमन प्रणाली मजबुत गर्ने । |
| | घ) शिक्षक प्रशिक्षण र पेशागत विकास कार्यक्रम सञ्चालन गर्ने । |
| | ङ) शिक्षक–विद्यार्थी अनुपात सुधार सुनिश्चित गर्ने । |
| सूचना तथा सञ्चार प्रविधि (ICT) पहुँच विस्तार गरी प्रभावकारी प्रयोग गर्नु | क) विद्यालयमा ICT उपकरण र इन्टरनेट सुविधा उपलब्ध गर्ने । |
| | ख) शिक्षक र विद्यार्थीलाई ICT तालिम प्रदान गर्ने । |
| | ग) डिजिटल सामग्री र प्रविधि आधारित सिकाइ कार्यक्रम सञ्चालन गर्ने । |
| | घ) ICT प्रयोग अनुगमन र सुधार कार्यक्रम सञ्चालन गर्ने । |
| | ङ) स्थानीय समुदायमा ICT–सञ्चार प्रशिक्षण कार्यक्रम उपलब्ध गर्ने । |
| साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर उपलब्ध गराउन गर्नु | क) समुदायमा साक्षरता र जीवनपर्यन्त शिक्षा कार्यक्रम सञ्चालन गर्ने । |
| | ख) महिला, युवा र लक्षित समूहका लागि अनौपचारिक शिक्षा कार्यक्रम उपलब्ध गर्ने । |
| | ग) शिक्षा कार्यक्रमको अनुगमन र गुणस्तर सुधार गर्ने । |
| | घ) स्थानीय पुस्तकालय र ज्ञान केन्द्रको प्रयोग विस्तार गर्ने । |
| | ङ) जीवनपर्यन्त शिक्षासम्बन्धी सामग्री र स्रोत उपलब्ध गर्ने । |
| वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नु | क) स्कूल बाहिरका बालबालिका र किशोरकिशोरीका लागि कार्यक्रम सञ्चालन गर्ने । |
| | ख) समुदाय र स्थानीय संस्थासँग सहकार्य गरेर वैकल्पिक शिक्षा विस्तार गर्ने । |
| | ग) वैकल्पिक शिक्षाको गुणस्तर अनुगमन र सुधार गर्ने । |

| | |
|---|---|
| | घ) स्थानीय सन्दर्भअनुकूल वैकल्पिक सामग्री विकास गर्ने ।<br>ङ) शिक्षक र प्रशिक्षकको क्षमता अभिवृद्धि गर्ने । |
| विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता सुनिश्चित गर्ने | क) कक्षाकोठा, शौचालय, खानेपानी, खेलकुद र पुस्तकालय निर्माण गर्ने ।<br>ख) विद्यालय पूर्वाधार जलवायु जोखिम प्रतिरोधी ढाँचामा निर्माण गर्ने ।<br>ग) पूर्वाधारको नियमित मर्मत–सम्भार सुनिश्चित गर्ने ।<br>घ) स्थानीय समुदाय र सङ्घ/संस्थासँग सहकार्य गर्ने ।<br>ङ) भौतिक पूर्वाधारको गुणस्तर अनुगमन गर्ने ।<br>च) बालबालिकाको स्वास्थ्य र सुरक्षा सुनिश्चित गर्दै पूर्वाधार सुधार गर्ने ।<br>छ) जलवायु अनुकूल हरित कार्यक्रम सञ्चालन गर्ने ।<br>ज) प्राकृतिक विपद् जोखिम न्यूनीकरणका लागि विद्यालय अनुगमन गर्ने ।<br>झ) शिक्षक र विद्यार्थीलाई वातावरणीय सुरक्षा तालिम प्रदान गर्ने ।<br>ञ) विद्यालय स्तरमा जलवायु सचेतना र आपतकालीन तयारी कार्यक्रम सञ्चालन गर्ने । |
| विद्यालय भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गर्दै न्यूनतम सिकाइ उपलब्धि हाँसिल गराउनु । | क) प्रारम्भिक कक्षामा भाषिक तथा गणितिय सीप सुदृढीकरण गर्ने<br>ख) कक्षागत, तहगत र विषयगत न्यूनतम सिकाइ उपलब्धि निर्धारण गर्ने<br>ग) स्तरअनुसार सिकाइ Teachimg at Right level<br>घ) नियमित सिकाइ मूल्याङ्कन प्रणालीको विकास र प्रयोग<br>ड) कमजोर र जोखिममा रहेका विद्यार्थी लक्षित कार्यक्रम |
| पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त सिकाइको | क) सार्वजनिक पुस्तकालय प्रणालीको विकास गर्ने<br>ख) विद्यालय तथा समुदायस्तरमा Reading and speech corner |

| | |
|---|---|
| सुनिश्चितता गर्नु | को व्यवस्था गर्ने |
| | ग) सामुदायिक सिकाइ केन्द्र विस्तार तथा सुदृढीकरण |
| शिक्षा क्षेत्रका सबै तहमा सुशासनको प्रत्याभूत गर्नु | क) प्रविधिमैत्री सुशासन प्रणालीको प्रयोग गर्ने |
| | ख) पारदर्शी उत्तरदायि तथा जवाफदेही प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने |
| | ग) तथ्याङ्कमा आधारित कार्यप्रणालीको विकास |
| विद्यार्थीको सिकाइ उपलब्धिप्रति विद्यालय र विषय शिक्षकलाई जवाफदेही बनाउने वस्तु निष्ठ पद्धति विकास गर्नु | क) न्यूनतम सिकाइ उपलब्धि मापदण्डको विकास |
| | ख) विद्यालय तथा शिक्षक कार्यसम्पादन सुचकको विकास र प्रयोग |
| | ग) तथ्य र तथ्याङ्कमा आधारित जवाफदेही प्रणालीको विकास |
| | घ) प्रविधिमा आधारित अनुगमन तथा सुपरिवेक्षण प्रणालीको विकास |
| बालबालिकाको सर्वाङ्गीण विकास र सिकाइप्रति अभिभावकको संलग्नताको सुनिश्चिता गर्नु | क) अभिभावक शिक्षा कार्यक्रम सन्चालन |
| | ख) नियमित अभिभावक शिक्षक अन्तरक्रिया सन्चालन |
| | ग) विद्यालयस्तरका गतिविधिमा अनिवार्य अभिभावकको अगुवाइ र सहभागितामा सन्चालन गर्ने नीति निर्माण |
| | घ) समुदाय सहयोग संजालको विकास |
| | ङ) जोखिममा रहेका बालबालिकाका लागि सहयोग |
| बालबालिकामा असल संस्कार, नैतिकता, अनुशासन र सिकाइप्रति रुचि जगाउन मनोपरामर्श सेवाको प्रबन्ध गराउनु | क) मनोपरामर्श सेवाको व्यवस्था मिलाउने |
| | ख) स्थानीय पाठ्यक्रममा मुल्यमा आधारित शिक्षाका विषयबस्तु अद्यावधिक गरी लागु गर्ने |
| | ग) विद्यालयमा अनुशासनमैत्री बातावरणको निर्माण |
| | घ) बृत्तिसेवा Carer counsiling को व्यवस्था गर्ने |

| | |
|---|---|
| | ङ) विद्यार्थीमैत्री शिक्षण सिकाइ विधिको प्रयोग |

## २.५ अपेक्षित उपलब्धि

क) सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ।

ख) विद्यालय शिक्षामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित भएको हुनेछ ।

ग)अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध भएको हुनेछ ।

घ)पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हाँसिल भएको हुनेछ ।

ङ) बालमैत्री विद्यालय निर्माण गरी भयरहित सिकाइ वातावरण सुधार भएको हुनेछ ।

च) स्थानीय पाठ्यक्रम परिमार्जन निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ ।

छ) विषयगत तथा कक्षागत शिक्षकको पर्याप्त दरबन्दी सुनिश्चित भएको हुनेछ ।

ज) सूचना तथा सञ्चार प्रविधि (ICT) पहुँच विस्तार गरी प्रभावकारी प्रयोग भएको हुनेछ ।

झ) साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर उपलब्ध भएको हुनेछ ।

ञ) वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ ।

ट) विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु उत्थानशीलता सुनिश्चित भएको हुनेछ ।

ठ) विद्यालय भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गर्दै न्यूनतम सिकाइ उपलब्ध हाँसिल भएको हुनेछ ।

ड) पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त सिकाइका लागि सार्वजनिक पुस्तकालय प्रणालीको विकास भएको हुनेछ ।

ढ) शिक्षा क्षेत्रका सबै तहमा सुशासनको प्रत्याभूत भएको हुनेछ ।

ण) विद्यार्थीको सिकाइ उपलब्धिप्रति विद्यालय र विषय शिक्षकलाई जवाफदेही बनाउने वस्तु निष्ठ पद्धति विकास भएको हुनेछ ।

त) बालबालिकाको विकास र सिकाइप्रति अभिभावकको संलग्नताको सुनिश्चिता भएको हुनेछ ।

थ) बालबालिकामा नैतिकता, अनुशासन र सिकाइप्रति रुचि जगाउन मनोपरामर्श सेवा उपलब्ध भएको हुनेछ ।

## २.६ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.स. | सूचक | | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ | श्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| १. प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ८५.४ | ९०.१ | ९५.६ | ९८.२ | |
| | | प्रदेश | ११२.६ | | | | |
| | | राष्ट्रिय | ८६.४ | ८९.५ | ९४.० | ९९.० | फ्ल्यास रिपोर्ट |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ७८.७ | ८० | ८५ | ९० | |
| | | प्रदेश | ७५.४ | | | | |
| | | राष्ट्रिय | ६८.७ | ७३.० | ८५.० | ९५.० | फ्ल्यास रिपोर्ट |
| २. आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | ९३.८ | ९४.५ | ९६ | १०० | |
| | | प्रदेश | ९३.५ | | | | |
| | | राष्ट्रिय | ९६.८ | ९७.५ | ९९. | १०० | फ्ल्यास रिपोर्ट |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | ११५.४ | ११२ | १०८ | १०५ | |
| | | प्रदेश | १५७.४ | | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५. | १०७. | १०५. | फ्ल्यास रिपोर्ट |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९७.२ | ९९ | ९९.५ | १०० | |
| | | प्रदेश | ९४.९ | | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९. | ९९.५ | १०० | फ्ल्यास रिपोर्ट |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | दि.वि.ल. (रा.समीक्षा) |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | १०९.९ | १०५ | १०३ | १०० | |
| | | प्रदेश | ११८.५ | | | | |
| | | राष्ट्रिय | ११८. | ११५. | | | फ्ल्यास रिपोर्ट |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | ९७.२ | ९८ | ९९ | १०० | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | फ्ल्यास रिपोर्ट |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | स्थानीय | १२०.५ | ११५ | ११० | १०५ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १३०.५ | ११०. | १०७. | १०५. | फ्ल्यास रिपोर्ट |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ८५ | ९० | ९५ | १०० | |
| | | प्रदेश | ८७ | | | | |
| | | राष्ट्रिय | ८७.६ | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ८० | ८५ | ९० | ९५ | |
| | | प्रदेश | ८२.९ | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | फ्ल्यास रिपोर्ट |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | २० | १८ | १५ | १० | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०. | १५. | १०. | फ्ल्यास रिपोर्ट |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक | स्थानीय | १.०१ | १ | १ | १ | |
| | | प्रदेश | १.०१ | | | | |
| | | राष्ट्रिय | १.०२ | | | १.०१ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | समता सूचाकाङ्क* | | | | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.१ | ९६ | ९८ | १०० | |
| | | प्रदेश | ९४.४ | | | | |
| | | राष्ट्रिय | ९४.१ | ९९. | | १०० | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | १११.९ | ११० | १०८ | १०५ | |
| | | प्रदेश | १२६.८ | | | | |
| | | राष्ट्रिय | १२४.४ | | | | फ्ल्यास रिपोर्ट |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ६३.३ | ६५ | ७० | ७५ | |
| | | प्रदेश | ८७.९ | | | | |
| | | राष्ट्रिय | ८६.३ | | | | फ्ल्यास रिपोर्ट |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | स्थानीय | ५७.९ | ६५ | ७० | ७५ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ७२.७ | | | दि.वि.ल. ४ (ने.रा.का.) |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | १.०२ | १.०१ | १ | १ | |
| | | प्रदेश | १ | | | | |
| | | राष्ट्रिय | १.०१ | १.०१ | | | फ्ल्यास रिपोर्ट वि.क्षे.वि.यो. |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | स्थानीय | २ | २ | | | शैघस ८२ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | २.९ | १. | दि.वि.ल. ४ (ने.रा.का.) |
| २.२ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला | स्थानीय | ४२ | ४५ | ४८ | ५० | शैसु २०८२ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ४३.७ | | ४५. | ५०. | फ्ल्यास रिपोर्ट |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | शिक्षकको सङ्ख्या*(%) | | | | | योजना<br>दि.वि.ल. ४ (ने.रा.का.) |
| **३.** | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | स्थानीय | ५८ | ६० | ६५ | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ४७.६ | | ६५. | फ्ल्यास रिपोर्ट |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | स्थानीय | ७१.८ | ७५ | ८० | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ७१.४ | | | फ्ल्यास रिपोर्ट<br>दि.वि.ल. (रा.समीक्षा) |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | १.०२ | १.०१ | १ | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | १.०२ | १. | १. | वि.क्षे.वि.यो.<br>दि.वि.ल. (रा.समीक्षा) |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ९७.५ | | | फ्ल्यास रिपोर्ट |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | ५५ | ६० | ६५ | |
| | | प्रदेश | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | ६०.३ | | | फ्ल्यास रिपोर्ट |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | ३० | ३५ | ४० | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | २४ | | | फ्ल्यास रिपोर्ट |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | ३६ | ४० | ४५ | शैसु २०८२ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | २०.६ | २२. | २७. | फ्ल्यास रिपोर्ट<br>दि.वि.ल. ४ (ने.रा.का.) |
| **४. जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | ७४.३ | ७६ | ८० | आसास ०८१ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ५८ | | ९५. | पन्ध्रौं योजना |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | ७३.९ | ७५ | ८० | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ८२. | ८९. | ९५. | दि.वि.ल. ४ (ने.रा.का.) |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | ९६.४ | ९७ | १०० | आसास ८१ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ९२. | | ९९. | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | ०.८२ | ०.९ | ०.९५ | आसास ०८१ |
| | | प्रदेश | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | ०.६५ | | | दि.वि.ल. (रा.समीक्षा) |
| **५. सुशासन तथा व्यवस्थापन** | | | | | | |
| ५.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | ७.४ | १० | २० | शैक्षिक सुचना |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | २४:०१:०० | | ३०:०१:०० | फ्ल्यास रिपोर्ट |
| ५.२ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | १४.९ | १५ | २० | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ३०:०१:०० | | ३०:०१:०० | फ्ल्यास रिपोर्ट |
| ५.३ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | ९.१ | १० | १५ | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ३३:०१:०० | ३१:०१:०० | ३०:०१:०० | |
| ५.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ११.४ | १५ | २० | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ४०:०१:०० | | ३०:०१:०० | फ्ल्यास रिपोर्ट |
| ५.५ | माध्यमिक तह (कक्षा९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | ११.३ | १५ | २० | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ४१:०१:०० | ३५:०१:०० | ३०:०१:०० | |

## परिच्छेद ३

# विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचयः

नेपाल सरकारले ४८ महिनादेखि ६० महिनासम्मका बालबालिकाहरूको लागि विद्यालय शिक्षाको तयारी गराउनको लागि प्रारम्भिक बालविकास शिक्षाको व्यवस्था गरेको छ । प्रारम्भिक बालविकास शिक्षा बालबालिकाको जन्मदेखि करिब ४ वर्षको उमेरसम्मको समग्र विकाससँग सम्बन्धित शिक्षा हो । यस चरणलाई मानव जीवनको सबैभन्दा संवेदनशील र महत्वपूर्ण समय मानिन्छ, किनकि यस अवधिमा बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, बौद्धिक, सामाजिक, भावनात्मक तथा भाषिक विकास तीव्र गतिमा हुन्छ । यसै कारण प्रारम्भिक बालविकास शिक्षालाई भविष्यको शिक्षाको बलियो आधारका रूपमा लिइन्छ । प्रारम्भिक बालविकास शिक्षाले बालबालिकामा आत्मविश्वास, अनुशासन, सहयोग, सहिष्णुता र सामाजिक व्यवहार जस्ता गुणहरू विकास गर्न मदत पुऱ्याउने उद्देश्य लिएको छ । साथै, पोषण, स्वास्थ्य, सरसफाइ र सुरक्षासम्बन्धी सचेतनालयागतका पक्षहरू प्रारम्भिक बालविकास शिक्षाले समेट्छ । शिक्षक, अभिभावक र समुदायको संयुक्त भूमिका यस चरणमा अत्यन्त आवश्यक हुन्छ, किनकि घर र विद्यालय दुवैबाट प्राप्त सकारात्मक वातावरणले बालबालिकाको विकासलाई थप प्रभावकारी बनाउँछ । नेपालको संविधान २०७२ को भाग ३ धारा ३९ को उपधारा ३ मा (३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनि उल्लेख गरिएको छ । नेपालको अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०७६ मा चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एकवर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा उल्लेख गरिएको छ । नेपालको सोह्रौं योजनामा पनि प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमलाई जोड दिइएको छ र सोह्रौं योजनाको अन्त्यसम्ममा प्रारम्भिक बालविकास शिक्षाको अनुभवसहित कक्षा १ मा जाने दर १००% पुऱ्याउने लक्ष्य लिएको छ साथै कोन्ज्योसोम गाउँपालिकाको पाँच वर्षे गाउँ शिक्षा योजनामा पनि सो कार्यक्रमलाई उच्च प्राथमिकताका साथ समावेश गरिएको छ । यस कार्यक्रमलाई सबै बालबालिकाहरूको पहुँचमा पुऱ्याउनका लागि सरकारी तथा गैरसरकारी संस्था, स्थानीय सरकार, समुदाय, विद्यालयहरू तथा आमसरोकारवालाहरूको हातेमालो वा सहयोग हुन आवश्यक छ ।

शिक्षा ऐन २०२८ को नवौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवम् नैतिक सिर्जनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ । यसै कुरालाई मध्यनजर गरेर यस गाउँपालिकाले निर्माण गरेको गाउँ शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएको छ । बालविकास केन्द्र सञ्चालन, रेखदेखलगायतका कार्यहरू योजनामा समेटिएका छन् ।

### ३.१.२ वर्तमान अवस्थाः

यस गाउँपालिकाले प्रारम्भिक बालविकास र शिक्षालाई आधारभूत शिक्षाको बलियो जगको रूपमा निर्माण गर्ने उद्देश्य लिएको छ । यसका लागि बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक एवम् नैतिक पक्षको विकास गराउन आवश्यक लक्ष्य, उद्देश्य, रणनीति, प्रबन्ध आदि जस्ता कुराहरू शिक्षा योजनामा समेटिएका छन् । यस गाउँपालिकामा सामुदायिक विद्यालयतर्फ सञ्चालनमा रहेका प्रारम्भिक बालविकास केन्द्रको सङ्ख्या ३० रहेको छ भने संस्थागत तर्फ १ गरी जम्मा ३१ ओटा सञ्चालनमा रहेका छन् । शैक्षिक सत्र २०८२ को तथ्याङ्कअनुसार गाउँपालिकामा कक्षा १ मा नवप्रवेशीमध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत ७८.७ रहेको देखिन्छ । यसरी हेर्दा बालविकास सहजकर्ता र विद्यार्थी अनुपात १ः८ रहेको देखिन्छ ।

**पूर्व प्राथमिक कक्षाको विद्यार्थीहरूको विवरणः**

| | विद्यालयको प्रकार | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|---|
| पूर्व प्राथमिक | सामुदायिक | ११३ | ११४ | २२७ |
| | संस्थागत | ५१ | ४६ | ९७ |
| | जम्मा | १६४ | १६० | ३२४ |

**क. मुख्य समस्या**

प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित, पूर्वाधारयुक्त बालविकास केन्द्रको रूपमा निर्माण गरी बालबालिकाको सहज पहुँच तथा गुणस्तरका लागि निम्न प्रकारका समस्या र चुनौतीहरू रहेका छन्ः

१. प्रारम्भिक बालविकासमा तोकिएको उमेर समूह भन्दा कम उमेरका बालबालिका सहभागी हुँदा सिकाइ सहजीकरणमा समस्या भएको,

२. विद्यालयमा वर्तमान समयसापेक्ष रूपमा शारीरिक, सामाजिक तथा संवेगात्मक, बौद्धिक, भाषिक र सांस्कृतिक विकासको लागि आवश्यक पर्ने न्यूनतम मापदण्डहरू पुरा नभएको ।

३. सहजकर्ताको वृत्तिविकास तथा क्षमता विकास गर्न दिइएका तालिम कक्षाकोठा सम्म पुर्याउन नसकिएको ।

४. अपाङ्गमैत्री, बालमैत्री, सुरक्षित विद्यालयको पूर्वाधारहरू अभाब भएको ।

५. केही प्रारम्भिक बालविकास केन्द्रको दूरी टाढा भएको र यातायातको उपलब्धता नभएको।

६. बालबालिकाको वर्तमान रुचि, चाहना र आवश्यकताअनुसार पर्याप्त श्रब्य दृश्य सामग्रीको सामग्रीहरू प्रयोग गरी शिक्षण सिकाइ गर्न नसकिएको,

७. प्रारम्भिक बालविकास शिक्षालाई २ तह (शिशु स्याहार केन्द्र र प्रारम्भिक बालविकास केन्द्र) को रूपमा विकास गर्न भौतिक तथा जनशक्ति व्यबस्थापनमा समस्या हुनु ।

**ख चुनौतीको विश्लेषण**

प्रारम्भिक बालविकास शिक्षालाई औपचारिक शिक्षाको तयारीका रूपमा नभई औपचारिक शिक्षाकै एक पाटोकारूपमा हेर्ने गलत धारणा विद्यमान छ । यसले प्रारम्भिक बाल विकास शिक्षाको मर्म नै मर्दै गइरहेको अवस्था छ । यो सँगै बालविकास कक्षामा शारीरिक, सामाजिक, संवेगात्मक, बौद्धिक, भाषिक तथा सांस्कृतिक विकासका लागि आवश्यक खेल सामग्री, सुरक्षित वातावरण, बालमैत्री, भयरहित कक्षा कोठा र गतिविधिको अभावले बालबालिकाको सर्वाङ्गीण विकासमा अवरोध उत्पन्न भएको छ । वर्षैभरी एकै किसिमको शैक्षिक सामग्रीहरू भित्तामा टाँसिएको हुन्छ शिक्षकहरू शैक्षिक सामग्री बनाउने कुरामा अत्यन्त कम उत्प्रेरित भएको पाईएको छ । यसको कारण स्रोतहरूको अभाव र शिक्षकहरूलाई बालसुलभ वातावरण सिर्जना गर्ने सिपको विकास गर्नु चुनौतीको रूपमा रहेको छ।

बालविकास सहजकर्ताको पारिश्रमिक न्यून हुनु तथा वृत्तिविकास र क्षमता विकासका अवसर नहुनुले उनीहरूको उत्प्रेरणा घटाएको छ । यसले शिक्षण गुणस्तर कमजोर बनाउने, अनुभवी जनशक्ति टिकाइराख्न नसक्ने र सेवाको निरन्तरतामा समस्या सिर्जना गरेको छ। अपाङ्गता भएका बालबालिकाका लागि अपाङ्गमैत्री पूर्वाधारको अभाव र समावेशी सिकाइको व्यवस्थापनमा कमजोरी देखिन्छ । यसले समान पहुँच र समान अवसरको सिद्धान्तलाई कमजोर बनाउँदै अपाङ्गता भएका बालबालिकालाई शिक्षा प्रक्रियाबाट आंशिक रूपमा बाहिर राख्ने जोखिम बढाएको छ ।

यो सँगै मुख्य समस्या भनेको बालबालिकाहरू ३/४ वर्षको भएसँगै अभिभावकहरू छोराछोरी पढाउने भन्दै शहरकेन्द्रित बसाइँ सर्न थालेका छन् । भौगोलिक विकटता र साना बालबालिकाहरू हिडेर आफैं जान नसक्नु, विद्यालय टाढा हुनु र यातायातको सुविधा नहुनुले र भर्ना भएका बालबालिकाको पनि नियमित उपस्थितिमा प्रभावित भएको छ । यी समस्या र चुनौतीहरू समाधान गर्न नीति, पूर्वाधार, जनशक्ति विकास, अभिभावक सहभागिता र समावेशी दृष्टिकोणलाई एकीकृत रूपमा सुदृढ गर्नुपर्ने देखिन्छ ।

### ३.१.३ उद्देश्यः

क) चार बर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु,

ख) प्रारम्भिक बालविकास केन्द्रहरूमा आवश्यक पुर्वाधार सहितको सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु ,

ग) प्रारम्भिक बालविकास केन्द्रको सान्दर्भिकता र गुणस्तरीयता सुनिस्चितता गर्नु,

### ३.१.४ रणनीतिहरू

क) सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्डअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,

ख) प्रारम्भिक बालविकास केन्द्रहरूको पुनःनक्साङ्कन गर्ने,

ग) जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने समुदायका बालबालिकाका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने,

घ) प्रारम्भिक बालविकास शिक्षालाई दुई तह (शिशुस्याहार केन्द्र र बालविकास केन्द्र) बनाउँदा आवश्यक पर्ने पूर्वाधार र जनशक्तिको उचित व्यबस्थापन गर्ने

ङ) पाठ्यक्रमको कार्यान्वयन गर्दा स्थानीय परिवेश अनुसार अनुकूलन तथा प्रभावकारी कार्यान्वयन गर्ने ,

च) शिशु स्याहार केन्द्रको सन्चालनमा लागत सहभागिता अभिवृद्धि गर्ने,

छ) अभिभावक सचेतना कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी सङ्घ संस्था, निजि क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने,

ज) पाठ्यक्रम र मापदण्ड तथा ढाँचाहरूलाइ समयानुकुल स्थानीयकरणका लागि समायोजन तथा परिमार्जन गर्ने,

### ३.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### अ) उपलब्धि

क) सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

#### आ) नतिजा

क) प्रारम्भिक बालविकास शिक्षा उमेरका सबै बालबालिकारूलाई प्रारम्भिक बालविकास तथा शिक्षामा सहज पहुँच हुनेछ,

ख) प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ भा प्रवेश गर्ने अवसर हुनेछ,

ग) सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त सहजकर्ता सहित केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेका हुनेछन्,

## इ) प्रारम्भिक वालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड पुरा भए नभएको परिक्षण गर्ने | पटक | १ | | | | | १ | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | पटक | | १ | | १ | | २ | |
| ३ | परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था, निजी क्षेत्रसँगको सहकार्य गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ४ | अनाथ, असहाय र अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्यसम्बन्धी अभिलेख व्यवस्थापन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | |
| | वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | | | | | | | | |
| ७ | बालविकास केन्द्रका सहजकर्ताका लागि क्षमताविकास कार्यक्रम सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ८ | कृषि, स्वास्थ्य र महिला तथा बालबालिका शाखासँग अन्तरक्रिया कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ९ | विद्यालयमा आधारित शिशु स्याहार केन्द्र स्थापना र सन्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १० | सन्दर्भ सामग्रीको व्यबस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ११ | पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्ने | वटा | १६ | १६ | १६ | १६ | १६ | | |
| १२ | पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री | वटा | | २ | २ | २ | | ६ | |

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **पहिलो वर्ष** | **दोस्रो वर्ष** | **तेस्रो वर्ष** | **चौथो वर्ष** | **पाँचौ वर्ष** | जम्मा | |
| | व्यवस्थापन गरी न्यूनतम मापदण्डमा सुधार गर्ने | | | | | | | | |
| १३ | अभिभावक शिक्षा कार्यक्रम सन्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १४ | अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा संस्कारयुक्त सिपहरू र व्यवहार बालबालिकालाई सिकाउने व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १५ | सहजकर्तालाई बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **पहिलो वर्ष** | **दोस्रो वर्ष** | **तेस्रो वर्ष** | **चौथो वर्ष** | **पाँचौ वर्ष** | जम्मा | |
| १६ | परिवार, समुदाय, निजीक्षेत्र तथा गैर सरकारी सङ्घसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १७ | सहयोगी (आया) को व्यवस्था | जना | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | |
| १८ | प्रारम्भिक वालविकास सहजकर्ताहरूको सेवा तथा सुविधामा वृद्धी गर्ने | सङ्ख्या | न्यूनतम पारिश्रमिक | न्यूनतम पारिश्रमिक | न्यूनतम पारिश्रमिक | न्यूनतम पारिश्रमिक | न्यूनतम पारिश्रमिक | | |
| १९ | उत्कृष्ट बालविकास सहजकर्तालाई पुरस्कारको व्यवस्था | जना | १ | १ | १ | १ | १ | ५ | |
| २० | बालसुलभ सामग्रीको व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| २१ | अभिभावक विहिन बालबालिका पहिचान गरी सिकाइको अवसर सिर्जना गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

# ३.२ आधारभूत शिक्षा

## ३.२.१ परिचय

नेपालको शिक्षा ऐन, २०२८, आठौं संशोधन, २०७३ बाट आधारभूत तहको शिक्षाको व्यवस्था गरिएको छ । यस ऐनअनुसार आधारभूत तह भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षालाई जनाउँदछ । नेपालको संविधान, २०७२ को धारा ३१ ले शिक्षासम्बन्धी हकको व्यवस्था गरी प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको सुनिश्चित गरेको छ । यसका साथै अपाङ्गता भएका र आर्थिकरूपले विपन्न नागरिकहरूलाई समतामूलक ढंगबाट उच्च शिक्षासम्म निःशुल्क पाउने अधिकारको व्यवस्था गरिएको छ ।

यसै व्यवस्थालाई कार्यान्वयन गर्नका लागि अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ जारी भएको छ । यस ऐनबमोजिम आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व तथा यससम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुने व्यवस्था गरिएको छ । तसर्थ, हरेक नागरिकले समतामूलक ढंगबाट आधारभूत तहको शिक्षाको पहुँच पाउने वातावरण तयार गर्ने जिम्मेवारी तीनै तहका सरकारहरूको काँधमा रहेको छ ।

आधारभूत तहको शिक्षाले हरेक नागरिकको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्ने अभिप्राय राखिएको छ । यस तहको शिक्षाले माध्यमिक तहमा प्रवेश गर्नका लागि आधारभूत ज्ञान, सीप र प्रवृत्तिको विकास गर्दछ । संविधान तथा प्रचलित ऐनबमोजिम माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनमा प्राथमिक जिम्मेवारी स्थानीय तहलाई दिइएको हुँदा कोन्ज्योसोम गाउँपालिकाले यस क्षेत्रमा आवधिक शिक्षा विकास योजना तर्जुमा गरी शिक्षा विकासका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको छ ।

तसर्थ, यस खण्डमा आधारभूत तहको शिक्षामा नागरिकको सहज र समतामूलक पहुँच, गुणस्तर र विद्यालयको आधारभूत व्यवस्थापन क्षेत्रमा रहेका सम्भावना, अवसर, समस्या तथा चुनौतीहरूको पहिचान गरी आगामी ५ वर्षका लागि कोन्ज्योसोम गाउँपालिकाको आधारभूत तहको शिक्षा क्षेत्रमा विकासका उद्देश्य, रणनीति तथा कार्यनीति, अपेक्षित नतिजा तथा परिमाणात्मक लक्ष्य र प्रमुख क्रियाकलापहरू छनोट गरी समावेश गरिएको छ ।

## ३.२.२ वर्तमान अवस्था

कोन्ज्योसोम गाउँपालिकामा १७ वटा सामुदायिक विद्यालय र १ संस्थागत विद्यालयमा आधारभूत तह सञ्चालनमा रहेको छ । यसमध्ये कक्षा ३ सम्म मात्र सन्चालित हुने विद्यालयहरू नभएको, कक्षा ५ सम्म पठनपाठन हुने ६ वटा र कक्षा ८ सम्म पठनपाठन हुने विद्यालयहरू ११ वटा रहेका छन् । कक्षा १० र १२ सम्म पढाइ हुने ६ वटा विद्यालयहरूमा पनि आधारभूत तह

सञ्चालनमा रहेको छ । त्यस्तै, संस्थागत विद्यालय १ वटा रहेकोमा सो संस्थागत विद्यालयमा आधारभूत तहको ३ कक्षा सम्म सञ्चालनमा रहेको छ ।

आधारभूत तहको विद्यार्थी सङ्ख्या

| | विद्यालयको प्रकार | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|---|
| जम्मा आधारभूत तहको विद्यार्थी (८-१) | सामुदायिक | ५२९ | ५४० | १०६९ |
| | संस्थागत | २४ | २८ | ५२ |
| | जम्मा | ५५३ | ५६८ | ११२१ |

शैक्षिक वर्ष २०८२ मा आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूको सङ्ख्या ११२१ जना रहेको छ । जसमध्ये सामुदायिक विद्यालयहरूमा १०६९ जना र संस्थागत विद्यालयहरूमा ५२ जना रहेका छन् ।

गाउँपालिकाको सामुदायिक विद्यालयहरूमा कुल शिक्षक सङ्ख्या १८४ जना रहेको छ । जसमध्ये प्राथमिक तहमा ७३ स्थायी दरबन्दी र १२ राहत दरबन्दी रहेको छ । निम्न माध्यमिक तहमा १३ स्वीकृत दरबन्दी, १७ राहत दरबन्दी र ३ ओटा गाउँपालिका अनुदान रहेका छन् । आधारभूत तहसम्म कुल ११७ दरबन्दी रहेको छ । महिला शिक्षकको संलग्नता ५४.४२ प्रतिशत रहेको छ ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकाको कुल साक्षरता दर ७३. ९ प्रतिशत रहेको छ । कक्षा १ मा खुद भर्ना दर ९३.८ प्रतिशत, कक्षा १-५ मा ९७.२ प्रतिशत र कक्षा १-८ मा ९५.१ प्रतिशत रहेको छ । कोन्ज्योसोम घरधुरी सर्वेक्षण, २०८२ का अनुसार विद्यालय बाहिर रहेका बालबालिका २ जना र विद्यालय छाड्ने सङ्ख्या २८ जना दर छन् । कक्षा १ देखि ८ सम्मको कुल भर्ना दर १११.९ प्रतिशत, कक्षा ८ सम्म टिकाउ दर ६३.३ प्रतिशत र पूरा गर्ने दर ५७. ९ प्रतिशत रहेको छ ।

(शैक्षिक तथ्याङ्क, २०८२ IEMIS)

**मुख्य समस्या**

योजना तर्जुमा गर्ने क्रममा गरिएको सर्वेक्षण, सरोकारवालाहरूसँगको छलफल तथा योजना निर्माण कार्यशालाबाट प्राप्त सूचनाको आधारमा आधारभूत तहको शिक्षामा देहायका समस्या तथा चुनौतीहरू पहिचान गरिएको छः

| **क्र.स.** | **मुख्य समस्याहरू** |
|---|---|
| **अ. पहुँच र सहभागितासम्बन्धी समस्या :** | |
| १ | आर्थिकरूपले विपन्न बालबालिकाको विद्यालय र सिकाइमा पहुँच कम हुनु |

| | |
|---|---|
| २ | गाउँपालिकाभित्रका सामुदायिक विद्यालयप्रति अभिभावकको आकर्षण कम भएकोले विद्यार्थीहरू गाउँपालिका बाहिरका विद्यालमा जाने गरेको |
| ३ | विद्यालय र बस्ती विचको दूरीका लामो भएको कारण पहुँचमा समस्या हुनु |
| ४ | फरक क्षमताका बालबालिकाका लागि सहयोगको अपर्याप्त हुनु |
| ५ | दिवा खाजा कार्यक्रम आधारभूत तहका सबै कक्षामा लागु नहुनु र केन्द्रबाट प्राप्त हुने स्रोत अपर्याप्त हुनु |
| **आ. गुणस्तर सम्बन्धी समस्या :** | |
| १ | परम्परागत शिक्षण विधिको प्रधानता हुनु |
| २ | विषयगत, कक्षागत, तहगत, विद्यालयगत र समग्र गाउँपालिकाको सिकाइ उपलब्धि राष्ट्रिय न्यूनतम भन्दा न्यून हुनु |
| ३ | शैक्षणिक सामग्रीको प्रयोगमा न्यूनता हुनु |
| ४ | विषयगत प्रयोगशालाको न्यूनता हुनु |
| ५ | शिक्षण सिकाइमा सुचना तथा संचार प्रविधिको प्रयोग कम हुनु |
| ६ | आधारभूत तहमा विषयगत दक्ष शिक्षक सङ्ख्या पर्याप्त नहुनु |
| ७ | अभिभावक जागरुकता र सहभागिता कमजोर हुनु |

## चुनौतीको विश्लेषण

आधारभूत तहको शिक्षामा देखिएका चुनौतीहरूलाई मुख्यतः पहुँच तथा सहभागिता र गुणस्तरका आधारमा विश्लेषण गर्न सकिन्छ। पहुँच तथा सहभागितासम्बन्धी समस्याहरूमा विपन्न बालबालिकाको विद्यालयमा पहुँच कम हुनु प्रमुख समस्या हो, जसको मूल कारण आर्थिक अभाव, शैक्षिक सामग्रीको कमी तथा परिवारको कमजोर अवस्था हो। त्यसैगरी सामुदायिक विद्यालयप्रति अभिभावकमा नकारात्मक धारणा विकास हुँदा उनीहरू गाउँपालिका क्षेत्र बाहिरका निजी विद्यालयतर्फ आकर्षित हुने र सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या घट्ने अवस्था सिर्जना हुन्छ। विद्यालय टाढा हुँदा बालबालिकाहरू नियमित रूपमा उपस्थित हुन नसक्ने, विशेषगरी साना बालबालिका र बालिकाहरूमा यसको प्रभाव बढी देखिन्छ। फरक क्षमताका बालबालिकाका लागि आवश्यक सहयोग, स्रोतसाधन र प्रशिक्षित शिक्षकको अभावले समावेशी शिक्षामा चुनौती थपेको छ। साथै, दिवा खाजा कार्यक्रम पर्याप्त र प्रभावकारी नहुँदा बालबालिकाको विद्यालयप्रति आकर्षण र नियमित उपस्थिति प्रभावित भएको देखिन्छ।

यसैगरी गुणस्तरसम्बन्धी समस्याहरूमा परम्परागत शिक्षण विधिको बढी प्रयोगले विद्यार्थीको सक्रिय सहभागिता र व्यवहारिक सिकाइमा कमी ल्याएको छ। सिकाइ उपलब्धि अपेक्षाकृत न्यून हुनुको कारण प्रभावकारी शिक्षण विधि, मूल्याङ्कन प्रणाली तथा सिकाइ वातावरणको अभाव हो। शिक्षण सामग्रीको कमीले कक्षालाई रोचक र प्रभावकारी बनाउन कठिन भएको छ भने प्रयोगशाला, ईपुस्तकालय तथा सूचना प्रविधि (ICT) को अभावले आधुनिक र व्यवहारिक शिक्षामा अवरोध सिर्जना गरेको छ। दक्ष र तालिमप्राप्त शिक्षकको कमीले शिक्षण प्रक्रियाको गुणस्तरमा प्रत्यक्ष असर परेको छ। साथै, अभिभावकको कमजोर सहभागिताले बालबालिकाको सिकाइमा आवश्यक सहयोग र निगरानी अभाव देखिन्छ। यी सबै समस्याहरू परस्परसम्बन्धित भएकाले समग्ररूपमा समावेशी, गुणस्तरीय र प्रविधिमैत्री शिक्षा प्रणाली विकास गर्नु आवश्यक देखिन्छ।

## ३.२.३ उद्देश्य

क) आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने,
ख) आधारभूत शिक्षाको गुणस्तर सुधार गरी बालबालिकाको सिकाइ उपलब्धिमा सुधार ल्याउने ।
ग) सबै बालबालिकाहरूको अनिवार्य तथा निशुल्क शिक्षा प्राप्त गर्ने सुनिश्चितता गर्ने
घ) कक्षा ८ पुरा गर्ने दर वृद्धि गर्ने

## ३.२.४ रणनीति र कार्यनीति

गाउँपालिकाको आधारभूत तहको शिक्षाको विकासका लागि देहायअनुसारका रणनीतिहरू तथा कार्यनीतिहरू कार्यान्वयन गरिनेछः

| **रणनीतिहरू** | **कार्यनीतिहरू** |
|---|---|
| **अ. आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित** | |
| १. छात्रवृत्ति तथा सहयोग कार्यक्रम | दलित, विपन्न तथा अपाङ्गता भएका बालबालिकालाई छात्रवृत्ति प्रदान गर्ने |
| | दलित, छात्रा तथा विपन्न बालबालिका छात्रवृत्ति कार्यक्रम निरन्तर सञ्चालन गर्ने |
| | फरक क्षमताका बालबालिकाका लागि सिकाइ सहयोग सामग्री वितरण गर्ने |
| | भौगोलिक बिकटता भई विद्यालको पहुँच नभएका बालबालिकाका लागि टोल सिकाइ कार्यक्रम सञ्चालन गर्ने |
| २.पहुँच सुधार | आधारभूत तहका विद्यालहरूको नक्साङ्कन र पुनर्वितरण गर्ने |
| | लामो दूरीका बालबालिकाका लागि यातायात सुविधा उपलब्ध गराउने |
| | विद्यालयमा आवासको व्यवस्था सहित बसोबासको सुविधा उपलब्ध गराउने |
| ३.दिवा खाजा | दिवा खाजाका लागि पर्याप्त स्रोत व्यवस्था गर्ने |

| | |
|---|---|
| कार्यक्रम | कक्षा ८ सम्मका बालबालिकालाई समेत दिवा खाजा कार्यक्रममा समेट्ने |
| **आ. आधारभूत शिक्षाको गुणस्तर सुधार गरी बालबालिकाको सिकाइ उपलब्धिमा सुधार** | |
| १.शिक्षण विधि तथा सामग्रीमा सुधार | प्रयोगात्मक तथा व्यवहारिक शिक्षण विधि लागू गर्ने |
| | आवश्यक सिकाइ सामग्रीको पहिचान तथा व्यवस्था गर्ने |
| २. शैक्षिक पूर्वाधार विकास | विद्यालयमा ई पुस्तकालय संचालन गर्ने |
| | विज्ञान प्रयोगशाला व्यवस्थापन गर्ने |
| | विषयगत प्रयोगशाला स्थापना गर्ने |
| | कम्प्युटर प्रयोगशाला स्थापना तथा सञ्चालन गर्ने |
| ३. पाठ्यक्रम तथा पाठ्यपुस्तक स्रोत व्यवस्थापन | कक्षा ८ सम्म स्थानीय पाठ्यक्रम प्रभावकारी कार्यान्वयन गर्ने |
| | पाठ्यपुस्तक, सन्दर्भ तथा स्रोत सामग्री उपलब्ध गराउने प्रबन्ध मिलाउने |
| ४.जीवनोपयोगी सीप तथा अतिरिक्त क्रियाकलाप | विद्यालयमा आधारित सीपमूलक तालिमको पाठ्यक्रम विकास र कार्यान्वयन गर्ने<br>खेलकुद कार्यक्रम, सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने |
| ५.ICT प्रयोग विस्तार र शिक्षकको पेशागत विकास | • सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ लागू गर्ने |
| | • शिक्षकहरूलाई प्रविधिमैत्री बनाउन तालिम र क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने |
| | • शिक्षक तालिम, सहपाठी अवलोकन तथा नमूना शिक्षण सञ्चालन गर्ने |
| ६. मूल्याङ्कन प्रणालीमा सुधार | • परियोजना कार्य, व्यवहारिक कार्य तथा निरन्तर मूल्याङ्कन लागू गर्ने |
| | • मासिक तथा कक्षाकोठामा आधारित मूल्याङ्कन लागू गर्ने |
| | • आन्तरिक मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने |

## ३.२.५ अपेक्षित उपलब्धि,नतिजा,क्रियाकलापहरू र लक्ष्य निर्धारण

### क. अपेक्षित उपलब्धिहरू/ नतिजा

यस योजनाको कार्यान्वयनबाट देहायका उपलब्धिहरू हाँसिल हुनेछन्ः

- गाउँपालिकाभित्रका सबै बालबालिकाको आधारभूत शिक्षामा पहुँच र सहभागिता भएको हुनेछ ।
- आधारभूत तहमा शिक्षण सिकाइमा गुणस्तर सुधार भई बालबालिकाको सिकाइ उपलब्धि वृद्धि भएको हुनेछ ।
- आधारभूत शिक्षामा जीवनोपयोगी, व्यवहारिक तथा सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ लागू भएको हुनेछ ।

**ख. क्रियाकलाप र लक्ष्य निर्धारण**

आधारभूत शिक्षा विकासका लागि देहायका क्रियाकलाप र लक्ष्य निर्धारण गरी कार्यक्रम तथा आयोजनाहरू सन्चालन गरिनेछ :

| क्र स | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्बितरण र समायोजन | पटक | १ | | | १ | | | |
| २ | आधारभूत तहको दरबन्दी समायोजन र पुनर्बितरण कार्यविधि निर्माण | पटक | १ | | | | | | |
| ३ | आधारभूत तहको दरबन्दी समायोजन र पुनर्बितरण | पटक | १ | | १ | | १ | | |
| ४ | आधारभूत तहको विषयगत दरवन्दी थप | **सङ्ख्या** | २ | २ | २ | २ | २ | १० | |
| ५ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना र सामग्रीको तयारी | निरन्तर | १ | १ | १ | १ | १ | | |
| ६ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको कार्यक्रम विस्तार कक्षा ८ सम्म | निरन्तर | १ | १ | १ | १ | १ | | |
| ७ | वि व्य स/ शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरूको क्षमता विकास | निरन्तर | १ | १ | १ | १ | १ | | |
| **८** | दलित, विपन्न तथा अपाङ्गता भएका बालबालिकालाई छात्रवृत्ति प्रदान | निरन्तर | १ | १ | १ | १ | १ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | फरक क्षमताका बालबालिकाका लागि सिकाइ सहयोग सामग्री वितरण | निरन्तर | १ | १ | १ | १ | १ | | |
| १० | विद्यालको पहुँच नभएका बालबालिकाका लागि टोल सिकाइ कार्यक्रम | पटक | १ | | | १ | | | वडा शिक्षा समिति मार्फत |
| ११ | विद्यालयमा आवासको व्यवस्था सहित बसोबासको सुविधा | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १२ | लामो दूरीका बालबालिकाका लागि यातायात सुविधा | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १३ | दिवा खाजाका लागि थप बजेट | निरन्तर | १ | १ | १ | १ | १ | | |
| १४ | कक्षा ८ सम्मका बालबालिकालाई दिवा खाजा | निरन्तर | १ | १ | १ | १ | १ | | |
| १५ | डिजिटल सिकाइ सामग्री व्यवस्थापन | निरन्तर | १ | १ | १ | १ | १ | | |
| १६ | ईपुस्तकालय स्थापना र संचालन | विद्यालय | १ | १ | १ | १ | १ | | |
| १७ | विज्ञान प्रयोगशाला स्थापना र सन्चालन | विद्यालय | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | |
| १८ | कम्प्युटर प्रयोगशाला स्थापना र सन्चालन | विद्यालय | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | |
| १९ | विषयगत प्रयोगशाला स्थापना र सन्चालन | विद्यालय | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २० | स्थानीय पाठ्यक्रम कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| २१ | पाठ्यपुस्तक, सन्दर्भ तथा स्रोत सामग्री विकास र प्रबोधीकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| २२ | शिक्षक स्रोत विकासका कार्यक्रम सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| २३ | खेलकुद, सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| २४ | सूचना प्रविधिमा आधारित शिक्षण पूर्वाधार विकास | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| २५ | प्रविधिमैत्री शिक्षण तालिम र क्षमता विकासका कार्यक्रम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| २६ | कक्षाकोठामा आधारित शिक्षकको पेशागत क्षमता विकास कार्यक्रम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| २७ | विषयगत सिकाइ समस्या समाधानका लागि कार्यमूलक अनुसन्धान कार्यक्रम सहयोग र प्रबोधिकरण | जना | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| २८ | डिजिटल सिकाइ सामग्री विकास तथा प्रयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २९ | निरन्तर मूल्याङ्कन र आन्तरिक मूल्याङ्कनका लागि शिक्षक क्षमता विकास कार्यक्रम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३० | निरन्तर मूल्याङ्कन र आन्तरिक मूल्याङ्कनका लागि पोर्टफोलियो निर्माण र प्रयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ३१ | अभिभावक सचेतना कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ३२ | कक्षा ६ देखि ८ सम्म दिवा खाजा कार्यक्रम विस्तार | जना | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ३३ | अनिवार्य तथा नि : शुल्क शिक्षा शुनिश्चितताको तयारी | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ३४ | अनिवार्य तथा नि : शुल्क शिक्षा शुनिश्चितताको घोषणा | पटक | | १ | | | | | |
| ३५ | विद्यालय उमेर समुहमा विद्यालय बाहिर रहेका बालबालिकाको सिकाइ आपुरण तथा भर्ना | जना | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | वडा शिक्षा समिति |
| ३६ | विद्यालय र शिक्षकका असल अभ्यासहरूको डिजिटल अभिलेखिकरण र प्रबोधिकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ३७ | आधारभूत सिकाइ प्रबर्धन कार्यक्रम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

# ३.३ माध्यमिक शिक्षा

## ३.३.१ परिचय

नेपालको वर्तमान संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐनमा २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसारको पाठ्यक्रमको कार्यान्वयन वि.स. २०७७ बाट प्रारम्भ भएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरिय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसवाट सिर्जनशिलता, रचनात्मकता, अध्ययनशिलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सिपयुक्त एवम् उत्पादनशिल जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका बारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशिलता अभिवृद्धि गर्ने रणनीति लिएको छ । संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्र भित्र रहने व्यवस्था गरेको दखिन्छ ।

श्रमप्रति सकारात्मक भावना भएका सिपमूलक जनशक्ति उत्पादन गर्न माध्यमिक तहको शिक्षालाई साधारण, संस्कृत र प्राविधिक गरी तीन धारमा बाँडिएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयनसँगै कक्षा (९–१२) मा प्राविधिक तथा व्यवसायिक धारको सुरुवात गरिएको छ । नेपालको वर्तमान संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरिय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसवाट सिर्जनशिलता, रचनात्मकता, अध्ययनशिलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सिपयुक्त एवम् उत्पादनशिल जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखिनै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका वारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनसिलता अभिवृद्धि गर्ने रणनीति लिएको छ ।

यस तहको शिक्षा कार्यक्षेत्रमा प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो । यस तहबाट शिक्षाले सिकारुलाई व्यवसायीक, रोजगारमूलक, सीपमूलक, जीवनोपयोगी, उत्पादनमूलक बनाउनु पर्दछ । यस गाउँपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमूलक, निशुल्क, प्रविधिमैत्री, संस्कारयुक्त र समावेशी गराउने लक्ष्य लिएको छ ।

## ३.३.२ वर्तमान अवस्था

कोन्ज्योसोम गाउँपालिकाभित्र सामुदायिक विद्यालयतर्फ कक्षा १ देखि १० सम्म सञ्चालित ३ ओटा र कक्षा १ देखि १२ सञ्चालित ३ ओटा विद्यालय गरी ६ ओटा माध्यमिक विद्यालय रहेका छन् । संस्थागत तर्फ कक्षा १ देखि १० कुनै पनि विद्यालय सञ्चालित छैनन् ।

**माध्यमिक तहको विद्यार्थी सङ्ख्या**

| | विद्यालयको प्रकार | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|---|
| कक्षा ९-१० | सामुदायिक | १३८ | १३७ | २७५ |
| | संस्थागत | - | - | - |
| | जम्मा | १३८ | १३७ | २७५ |
| कक्षा ११ — १२ | सामुदायिक | ४७ | ५२ | ९९ |
| | संस्थागत | - | - | - |
| | जम्मा | ४७ | ५२ | ९९ |
| कुल जम्मा | | १८५ | १८९ | ३७४ |

**चुनौती र समस्याहरू**

शैक्षिक सत्र २०८२ कक्षा १०, SEE मा ३ वटा विद्यालयको नतिजा शतप्रतिशत (१००%) छ भने २ वटा विद्यालयको नतिजा ७०% भन्दा कम छ । त्यसैगरी कक्षा १० उत्तीर्ण पश्चात विद्यार्थीहरूको कक्षा ११ मा गाउँपालिका क्षेत्रका विद्यालयहरूमा निरन्तरताको समस्या देखिन्छ, जसले माथिल्लो ११ कक्षामा विद्यार्थीको रोजाई साथै निरन्तरतामा कमि रहेको संकेत गर्दछ । माथिल्लो तहमा सहभागी हुदै गर्दा पुरा गर्ने दर कम भएको अवस्था छ ।

गाउँपालिकाको शैक्षिक घरधुरी सर्वेक्षण २०८२ अनुसार ९२% अभिभावकले आफ्ना बालबालिकाले थप अन्य भाषा सिकून् भन्ने चाहना राखेका छन् । अङ्ग्रेजी सबैभन्दा बढी माग भएको भाषा रहेको छ भने नेपाली दोस्रो प्राथमिकता, केहीले जापानीजलगायत विदेशी भाषाप्रति

रुचि देखाएका छन् । यसर्थ समुदायमा अङ्ग्रेजी र नेपाली भाषिक दक्षता बढाउने स्पष्ट माग देखिन्छ । अभिभावकहरूले अङ्ग्रेजी सिकाउन चाहेकोले माध्यमिक तहमा अङ्ग्रेजी सिकाउने दक्षता मुख्य आवश्यकता बन्ने देखिन्छ । तथ्याङ्कले देखाउँछ कि समुदायमा तामाङ मातृभाषाको बलियो उपस्थिति, अङ्ग्रेजी सिक्ने उच्च चाहना र मातृभाषाको पढाइ–लेखाइ पक्ष अपेक्षाकृत कमजोर नै रहेको छ । त्यसैले आधारभुत तहदेखी नै र कक्षा ९–१२ मा पनि तामाङ भाषा सँगसँगै अन्तरभाषिक शिक्षण विधि प्रयोग गर्दै सिकाउने गर्दा तामाङ - नेपाली र तामाङ- अङ्ग्रेजी भाषिक दक्षता मातृभाषाको संरक्षण र प्रयोग बढाउन सक्ने अवसर देखिन्छ ।

माध्यमिक तहमा पढाउने तहगत र विषयगत स्विकृत दरबन्दी सहित दक्ष (विशेषगरी विज्ञान, गणित, अंग्रेजी) अभाव छ । नेपाली र सामाजिक जस्ता विषयहरू तल्लो तहका शिक्षकले पढाउनु परेको देखिन्छ । बीचमै विद्यालय र पढाइ छाड्ने दर बढ्दो छ । देखासिखी, सहरकेन्द्रित बसाइँसराइ र वैदेशिक रोजगारीको मानसिकताले गर्दा माध्यमिक तहमा विद्यार्थी टिकाउन गाह्रो भएको छ। बालविवाह, मोबाइल तथा सामाजिक सञ्जालको अत्यधिक प्रयोग, कुलत र अभिभावकको कमजोर आर्थिक अवस्थाले विद्यार्थीको सिकाइमा नकारात्मक असर पारेको छ । अभिभावकबाट निगरानीमा कम रहने र विद्यालयमा चासो नदिने प्रवृत्ति हावी छ । शिक्षणमा परम्परागत सिकाइ र प्रविधिको कमी प्रयोग रहेको अवस्था छ। शिक्षा व्यावहारिक र जीवनोपयोगी हुन सकेको छैन। आईसीटी (ICT), प्रयोगशाला पुस्तकालयको अभाव छ । उपलब्ध भएका प्रविधिको पनि प्रभावकारी प्रयोग हुन सकेको छैन । यसैगरी भौतिक तथा भौगोलिक कठिनाइले विद्यालय टाढा हुनु, यातायातको सुविधा नहुनु र विद्यालयका पूर्वाधारहरू (जस्तैः बालमैत्री, अपाङ्गमैत्री शौचालय, फर्निचर) पर्याप्त नहुनु मुख्य समस्याको रूपमा रहेका छन् ।

### ३.३.३ उद्देश्य

क) माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,

ख) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु,

ग) विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउनु,

घ) माध्यमिक तहमा प्राविधिक तथा व्यवसायिक शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउनु,

ङ) विद्यालयहरू एकिकृत ढाँचामा नमुना विद्यालयको रूपमा सञ्चालन गर्नु,

### ३.३.४ रणनीतिहरू

क) विद्यालयहरूको वैज्ञानिक नक्साङ्कनका आधारमा सबै बालबालिकाको पहुँच तथा अभिवृद्धि गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने,

ख) नि:शुल्क माध्यमिक शिक्षामा जोड दिने ,

ग) माध्यमिक तहमा टिकाउदर र पुरा गर्नेदर बढाउन उपचारात्मक/सुधारात्मक कक्षा सन्चालन गर्ने ,

घ) विद्यार्थी मनोपरामर्श र वृत्तिमार्ग निर्देशनलगायतका प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने,

ङ) नियिमत वा आकस्मिक समयमा वैकल्पिक माध्यमका कार्यक्रमहरूबाट सिकाइ कार्य नियमित रूपमा सञ्चालन गर्ने,

च) माध्यमिक तहमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने,

छ) माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने,

ज) शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था नियमित रूपमा गर्ने,

झ) शिक्षक तयारी, विकास र सहायता प्रणालीलाई नियमित गर्ने,

ञ) शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने,

ट) शिक्षण सिकाइमा आधुनिक पद्धतिको अवलम्बन गर्ने,

ठ) हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि पूर्वाधार विस्तार गर्ने,

ड) विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने,

ढ) सक्षम र उत्प्रेरित प्रअको व्यवस्था गर्ने,

ण) सिकाइमा जवाफदेहीता हुने प्रणाली विकास गर्ने ,

त) प्राविधिक तथा व्यावसायिक धारको कृषि प्राविधिक शिक्षालाई थप प्रभावकारी र व्यवस्थित बनाइ दिगोपनको सुनिस्चितता गर्ने ।

### ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**अ) उपलब्धि**

क) माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सीपयुक्त, सान्दर्भिक र गुणस्तरमा सुधार हुने ।

**आ) नतिजा**

क) सबै बालबालिकाहरूलाई नि:शुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्वत भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने,

ख) सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुने,

ग) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने,

घ) पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुने,

ङ) माध्यमिक शिक्षा पुरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हाँसिल गरेको हुने,

च) माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिकलगायतका समता सूचकमा सुधार हुने,

छ) माध्यमिक विद्यालयहरू प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने,

ज) सूचना तथा सञ्चार प्रविधि र रैथाने प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुने,

झ) माध्यमिक तहको शिक्षामा सुशासन कायम हुने,

ञ) विद्यालय समुदाय साझेदारी कार्यमार्फत अभिभावकको विद्यालयमा सहभागिता बढेको हुने

ट) आवश्यकता अनुसार शिक्षक दरबन्दी पुनर्वितरण, समायोजन तथा थप ब्यवस्थापन हुने

ठ) योग, ध्यान, जपलगायत कार्यहरूलाइ शिक्षा तथा आरोग्यता कार्यको प्रयोगमा आएको हुने

ड) प्राविधिक तथा व्यावसायिक धारको कृषि प्राविधिक शिक्षालाई थप प्रभावकारी र व्यवस्थित भइ दिगोपनको सुनिस्चितता भएको हुने ।

### इ) माध्यमिक तहका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **पहिलो वर्ष** | **दोस्रो वर्ष** | **तेस्रो वर्ष** | **चौथो वर्ष** | **पाँचौ वर्ष** | जम्मा | | |
| १ | माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरू तयारी | पटक | | १ | | | | १ | | सङ्घ, प्रदेश र स्थानीय तह |
| २ | विद्यालय नक्साङ्कन, समायोजन तथा एकीकरण | पटक | १ | | १ | | | | | स्थानीय तह |
| ३ | माध्यमिक शिक्षामा विज्ञान प्रविधि, इन्जिनियरिङ, कला र गणित शिक्षा (STEAM) जस्ता विषयको सिकाइलाइ अन्तर सम्वन्धित गर्ने र विज्ञान, गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि अवसर बढाउने | पटक | १ | १ | १ | १ | २ | ६ | | सङ्घ र स्थानीय तह |
| ४ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न आवश्यकतानुसार बसको व्यवस्था | माध्यमिक विद्यालय | १ | | १ | | १ | | | |
| ५ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, खानेपानी, खेलमैदान, घेरावार, शौचालय) | माध्यमिक विद्यालय | १ | २ | १ | १ | १ | ६ | | सङ्घ र स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | शिक्षक क्षमता विकास कार्यक्रम | जना | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | सङ्घ, प्रदेश र स्थानीय तह |
| ७ | विव्यस, पिटीए पदाधिकारीहरूको क्षमता विकास र अभिमुखिकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | स्थानीय तह |
| ८ | सिकाइ उपलब्धि सुधार लक्षित कार्यक्रम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | स्थानीय तह |
| ९ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका AI प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय | १ | १ | १ | १ | १ | ६ | | सङ्घ र स्थानीय तह |
| १० | विभिन्न किसिममा अपांगता भएका विद्यार्थीलाई सहयोग | विद्यार्थी सङ्ख्या | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | सङ्घ तथा स्थानीय तह |
| ११ | निःशुल्क शिक्षाको सुनिश्चितताको लागि पाठ्यपुस्तक तथा शैक्षिक सामग्री वितरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १२ | आर्थिक रूपमा विपन्नका लागि छात्रवृत्ति व्यवस्था | विद्यार्थी सङ्ख्या | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | | | |
| १३ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | माध्यमिक विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | सङ्घ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | उत्कृष्ट शिक्षक तथा विद्यार्थी  सम्मान कार्यक्रम व्यवस्था | जना | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १६ | विग विद्यालय स्थापना तथा सञ्चालन | विद्यालय | २ | | २ | | १ | ५ | | |
| १७ | विद्यालय खेलकुद, अतिरिक्त तथा सह-कियाकलाप सञ्चालनसम्बन्धि  शिक्षकको क्षमता विकास तालिम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १८ | विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि अनुगमन, सुपरिवेक्षण तथा प्राविधिक सहयोग तालिम तथा परिचालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १९ | विषयगत शिक्षकहरू बिचको शिक्षक सञ्जाल गठन, अन्तरक्रिया तथा अनुभव आदानप्रदान (online/F2F) | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| २० | मनोसामाजिक तथा  वृतिमार्ग दर्शन परामर्श कार्य | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| २१ | विद्यालय समुदाय सहकार्यमा शैक्षिक प्रदर्शनी | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| २२ | शिक्षक अभिभावक बैठक | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| २३ | प्रअका लागी 'विद्यालय विकास योजना' निर्माण क्षमता विकास कार्यक्रम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| २४ | पुस्तकालय, विज्ञान प्रयोगशाला तथा कम्प्युटर ल्याव विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २५ | विषयगत कक्षाकोठाको समस्यामा आधारित कार्यमुलक अनुसन्धान सहयोग तथा प्रबोधीकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | गाउँपालिका स्तरीय |
| २६ | शैक्षणिक असल अभ्यास आदानप्रदानका लागी शैक्षणिक सम्मेलन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| २७ | साइबर सुरक्षासम्बन्धी सचेतना कार्यक्रम (Grades 9-12) | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| २८ | विद्यार्थीहरूकाबिच उद्यमशिलता विकास प्रतियोगितात्मक कार्यक्रम सञ्चालन (Grade 11-12) | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २९ | रैथाने ज्ञान-सीप शैक्षिक मेला (विद्यालय-समुदाय सहकार्य) | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ३० | विद्यालयमा योग ध्यान कक्षा सञ्चालन गर्ने र प्रार्थना कार्यमा जोड्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ३१ | माध्यमिक विद्यालयमा स्काउट कार्यक्रम सन्चालन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ३२ | विद्यालय कार्यसम्पादनका आधारमा विद्यालयको स्तरीकरण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३३ | प्राविधिक धार संचालित विद्यालयको दिगोपनका लागि स्वरोजगारमूलक शिक्षाको ढाँचालाई विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | पढ्दै कमाउँदै गर्ने प्रकृतिका कार्यक्रम |
| ३४ | विपत् प्रतिकार्य क्रियाकलाप संचालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | विद्यालयमा परियोजना मोडेलमा |
| ३५ | छात्राबासहरूलाई नियमित व्यवस्थापन गर्न आवश्यक सहायता प्रदान गर्ने | पटक | | १ | १ | १ | १ | ४ | | |

## ३.४ अनौपचारिक तथा आजीवन सिकाइ

### ३.४.१ परिचय

औपचारिक पद्धति भन्दा बाहिर फरक समयमा विभिन्न उमेर समुहमा दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो । औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानवजीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाका प्रशोधन गर्न जीवनप्रयन्त अर्थात आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागीहरू आफ्ना जीवनमा आइपर्ने समस्याहरूको बारेमा छलफल र समाधानका उपायहरू खोजी निर्णय कार्यान्वयन गर्दैछन् । आफ्नो जीवनको इतिहास आफै लेख्छन । तसर्थ सिकाइ जीवन पद्धतिसँग जोडिएको हुनेछ । अनौपचारिक एवम् आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समुहका लागि आफ्ना लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर सिकाइ अवसरका लागि स्तरबृद्धि शिक्षासँग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाले काम गर्दछ ।

नेपालको संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिका सिद्धान्त, दिगो विकासको लक्ष्यमा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँग अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ । विभिन्न सिकाइ अवस्थाको आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न आवश्यक छ । यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको विस्तार, गुणस्तर बृद्धि र संस्थागत क्षमताको विकास गर्नु पर्दछ । शिक्षा क्षेत्र योजना २०७९-२०८९ ले अनौपचारिक शिक्षा र आजीवन सिकाइका लागि १० वर्षभित्र निरन्तर सिकाइमा संलग्न समाज एवम् सिकाइ संस्कृतिको प्रबर्धन गर्ने तर्फ लैजान्छ । स्थानीय तहको अनौपचारिक शिक्षा र आजीवन सिकाइको वर्तमान अवस्था विश्लेषण धारमा समस्या एवम् चुनौतीहरूको पहिचान गर्दै चुनौतीहरूको सामना गर्न यसका उद्देश्य र नीतिहरू कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रमुख नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू यस खण्डमा समावेश गरिएको छ ।

### ३.४.२ वर्तमान अवस्था

यस कार्यक्रमले निरक्षरहरू विशेषत १५ देखि ६० वर्ष उमेर समूहका निरक्षरहरूलाई साक्षर बनाउने कार्यमा योगदान गरेको देखिन्छ । यसका लागि गाउँपालिकामा अनौपचारिक शिक्षा

तर्फका कार्यक्रमहरू सञ्चालनमा आएको पाइँदैन । यस कार्यक्रमले स्थानीय निकायहरूमा साक्षरताका कक्षा सञ्चालन गरी साक्षर हुनेलाई साक्षरोत्तर कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । सामुदायिक सिकाइ केन्द्रले अनौपचारीक शिक्षा तर्फका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था पनि गरियो । यो कार्यक्रम जति प्रभावकारी हुनु पर्थ्यो त्यती प्रभावकारी हुन सकेन तर पनि गाउँपालिकामा १५ देखि ६० वर्ष सम्मका विद्यालयको पहुँच बाहिर रहेको व्यक्तिलाई लक्षित गरी विभिन्न वर्षमा सञ्चालन गरिएको साक्षरता कक्षाहरूबाट गाउँपालिकाको १५ देखि ६० वर्ष उमेरका जनसङ्ख्यामा कुल साक्षरता ८० प्रतिशत भन्दा माथि पुगेको छ । गाउँपालिकामा १ ओटा सिकाइ केन्द्रहरू सञ्चालनमा छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याइ अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाको माध्यमबाट आजीवन सिकाइ संस्कृतिका विकास गर्न, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने लक्ष्य निर्धारण गरेको छ । यो कार्यक्रम तीन तहका सरकारको साझा अधिकार सूचीमा रहेकोले प्रदेश तहमा शिक्षा विकास निर्देशनालयले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्दछ भने स्थानीय तहहरूमा शिक्षा, युवा तथा खेलकुद शाखाहरूले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । देश संघीय संरचनामा रुपान्तरण भए पश्चात अनौपचारिक तथा जीवनपर्यन्त सिकाइको व्यवस्थापनको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएका तर यसका मर्म अनुसार कार्यसम्पादन हुनेसकेको देखिदैन ।

### ३.४.३ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छः

क) अनौपचारिक तथा निरन्तर एवम् जीवनपर्यन्त शिक्षाको विकास तथा विस्तार गरी साक्षरता, डिजिटल साक्षरता र आयआर्जनमा सहयोग गर्नु,

ख) सामुदायिक सिकाइ केन्द्रको सबलीकरण गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्नु,

ग) आयआर्जनका कार्यक्रम सञ्चालन गर्दै विशेषतः समाजमा पछाडि परेका वर्गलाई मूलधारमा ल्याउनु ।

### ३.४.४ रणनीतिहरू

क) गाउँपालिकाभित्र पर्ने घरधुरी सर्वेक्षण गरी साक्षर निरक्षरको अवस्था पहिचान र अभिलेखीकरण गर्ने,

ख) सामुदायिक सिकाइ केन्द्रलाई सुदृढिकरण गरी अनौपचारीक शिक्षाको कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गर्ने,

ग) साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न विभिन्न संघीय सरकार, प्रदेश सरकार र अन्य सङ्घ संस्थासँग सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने,

घ) निराक्षर प्रौढ महिला तथा पुरुषहरूलाई आय आर्जनका कार्यक्रमसँग जोडी आत्मनिर्भर र व्यावसायीक बनाउन सहयोग गर्ने,

ङ) सामुदायिक सिकाइ केन्द्रहरू मार्फत सांस्कृतिक सम्पदाको संरक्षण र सम्बर्धनमा जोड गर्ने,

च) सामूदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी सङ्घ संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्ने,

छ) सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गर्ने,

ज) सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा निरन्तर सिकाइको सुदृढीकरण गर्ने,

झ) सामूदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय/पुस्तकालय, बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित समुदायको ज्ञान तथा सुचनाको केन्द्रको रूपमा विकास गर्ने,

ञ) सामूदायिक सिकाइ केन्द्र मार्फत विभिन्न आयआर्जन तथा सिपमूलक कार्यक्रमहरू सञ्चालन गर्ने,

ट) विद्यार्थीले अभिभावकलाई साक्षर बनाउने परियोजना कार्य दिई त्यसलाई विद्यालयको परियोजनाको मूल्याङ्कनसँग जोड्ने,

### ३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**अ) उपलब्धि**

क) सबै नागरिकहरूलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुनेछ ।

**आ) नतिजा**

क) सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त हुने ।

ख) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन हुने ।

ग) सिकारुको आवश्यकताअनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरू कार्यान्वयन हुने ।

घ) सामुदायिक सिकाइ केन्द्र सामुदायिक ज्ञान र सूचना केन्द्रको रूपमा विकास हुने ।

ङ) अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी तथ्याङ्क अद्यावधिक हुने ।

च) विद्यार्थीले अभिभावकलाई साक्षर बनाउने क्रियाकलापले विद्यार्थीको सिकाइमा सहयोग हुनुका साथै अभिभावकको निरक्षरतादर पनि घटेको हुने ।

### इ) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स. | क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | घरधुरी सर्वेक्षण र अनौपचारिक शिक्षासम्बन्धि तथ्याङ्क संकलन | पटक | १ | | | | | १ | |
| २ | सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिबृद्धि | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | सामुदायिक सिकाइ केन्द्रहरूको व्यवस्थापन अनुदान | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ४ | आजिवन सिकाइका कार्यक्रमहरू सामुदायिक सिकाइ केन्द्र मार्फत सन्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ५ | सिप विकास र आयआर्जनमा कार्यक्रम सन्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ६ | सामुदायिक सिकाइ केन्द्र थप | सङ्ख्या | | १ | १ | १ | १ | ४ | |
| ७ | अनौपचारिक तथा आजिवन सिकाइको तथ्याङ्क व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | विद्यार्थीका परियोजनामा अभिभावक शिक्षा समावेस | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ९ | समुदायको ज्ञान र सूचना केन्द्रको रूपमा सामुदायिक सिकाइ केन्द्रलाइ सुदृढीकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १० | थप गरिएका सिकाई केन्द्र समेतलाई आवश्यकताअनुसार अन्तरसम्बन्ध भएका विषयमा एकरुपता ल्याउने कार्यक्रम संचालनमा जोड दिने | पटक | | १ | १ | १ | १ | ४ | | |
| ११ | दिगो साक्षरताका लागि निरन्तर शिक्षा कार्यक्रम संचालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |

# परिच्छेद ४

# अन्तरसम्बन्धित विषय क्षेत्रहरू

## ४.१ पाठ्यक्रम र मूल्याङ्कन

### ४.१.१ परिचय

शिक्षाको तहगत उद्देश्य हाँसिल गर्नका लागि शिक्षण सिकाइका विषयवस्तु र तरिकाबारे जानकारी दिने तथा दिशानिर्देश गर्ने औपचारिक शैक्षिक दस्तावेज नै पाठ्यक्रम हो । पाठ्यक्रमले औपचारिक तथा अनौपचारिक शिक्षामा कानुनबमोजिम तोकिएका तह तथा कक्षाहरूका शैक्षिक उद्देश्यअनुरूप वर्तमान अवस्थामा रहेका समसामयिक पक्षहरूलाई समेटी पाठ्यविषयहरू, तहगत क्षमता, पाठ्यवस्तु, शिक्षण विधि तथा सिकाइ सामग्री र मूल्याङ्कन पद्धतिसम्बन्धी दिशानिर्देश गर्दछ।

नेपालको शिक्षा प्रणालीमा प्रारम्भिक बालविकास तथा शिक्षा तहदेखि कक्षा १२ सम्मको पाठ्यक्रम संघीय सरकारले तयारी तथा लागू गर्ने गरेको छ । हाल माध्यमिक तहसम्मका लागि नेपाल सरकारले जारी गरेको "विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयनमा रहेको छ । यसैका आधारमा विद्यालय शिक्षामा प्रारम्भिक बालविकास तथा शिक्षाको सिकाइ क्षेत्र ढाँचा, कक्षा १ देखि ३ सम्म एकीकृत पाठ्यक्रम र त्यसभन्दा माथिका कक्षाहरूमा विषयगत पाठ्यक्रम लागू गरिएको छ ।

पाठ्यक्रममा तोकिएअनुसारका पाठ्यवस्तुहरू समेटी पाठ्यपुस्तक तयार तथा लागू गरिन्छ । माध्यमिक तहसम्मका पाठ्यक्रमअनुसारका पाठ्यपुस्तकहरू पनि नेपाल सरकारले निःशुल्क उपलब्ध गराउँदै आएको छ । नेपाल सरकारले स्थानीय आवश्यकतानुसार गाउँपालिका तथा नगरगाउँपालिकाहरूले स्थानीय पाठ्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्न सक्ने व्यवस्था गरेको छ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार स्थानीय आवश्यकतामा आधारित शिक्षासम्बन्धी व्यवस्था गरी आधारभूत तहसम्म स्थानीय पाठ्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्नका लागि कक्षा १ देखि ३ सम्म मातृभाषिक सीप वा स्थानीय विषयवस्तुसम्बन्धी विषयमा ५ पाठ्यघण्टा र १६० कार्यघण्टाको पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्न तोकिएको छ । त्यसैगरी कक्षा ४ र ५ तथा ६ देखि ८ मा मातृभाषा वा स्थानीय विषयमा ४ पाठ्यघण्टा तथा १२८ कार्यघण्टाको पाठ्यभारको स्थानीय पाठ्यक्रम तयारी तथा कार्यान्वयन गर्न सकिने व्यवस्था रहेको छ ।

स्थानीय पाठ्यक्रम तर्जुमा तथा कार्यान्वयनका लागि नेपाल सरकारले "स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६" लागू गरेको छ ।

## ४.१.२ वर्तमान अवस्था

कोन्ज्योसोम गाउँपालिकाका सामुदायिक विद्यालयहरूले नेपाल सरकारले लागू गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तकहरूमा आधारित रहेर विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गरिरहेका छन् । पाठ्यक्रम तथा पाठ्यपुस्तकले सूचित गरेका सिकाइ सामग्रीहरूको व्यवस्था तथा उपयोग गर्ने कार्य भइरहेको छ ।

विशेष गरी यस योजनामा विद्यालयहरूमा राष्ट्रिय तथा स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको प्रभावकारी तथा नतिजामुखी उपयोगमा प्रोत्साहित गर्न खोजिएको छ । स्थानीय पाठ्यक्रम सम्बन्धमा हेर्दा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ को व्यवस्था अनुसार गाउँपालिकाले कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम "**हाम्रो कोन्ज्योसोम**" तर्जुमा गरी लागू गरेको छ । स्थानीय पाठ्यक्रमअन्तर्गत कक्षा १ देखि ३ सम्मको स्थानीय पाठ्यक्रमकोरूपमा स्थानीय तामाङ् मातृभाषाको पाठयक्रम, २०७७ लागू गरीएको छ । यसले माध्यम र विषयवस्तु दुवैको रूपमा मातृभाषालाई स्विकार गरेको देखिन्छ । अर्कोतर्फ कोन्ज्योसोम शैक्षिक सर्वेक्षण, २०८२ मा तामाङ मातृभाषी अभिभावकले समेत विद्यालयमा आफ्ना बालबालिकाहरू तामाङ भाषा अध्ययन गरुन् भन्ने अपेक्षा नगरेको पाइयो । हाल बागमती प्रदेश सरकारले समेत सम्भोटा लिपिलाई सरकारी कामकाजको भाषाकोरूपमा मान्यता प्रदान गरिएको र हाल तामयिग लिपिमा तयार भएको पाठ्यपुस्तक कार्यान्वयन भएकोमा सोको परिमार्जन गरी विद्यमान प्रचलित कानुनी व्यवस्थाको समेत कार्यान्वयन गर्नुपर्ने देखिन्छ । साथै तामाङ मातृभाषा शिक्षण गर्ने शिक्षकको क्षमता विकास र स्रोत सामग्री व्यवस्थापन पक्षमा थप काम गर्नुपर्ने अवस्था छ । तामाङ मातृभाषा सँगसँगै करिब ९० प्रतिशत समुदायको चाहना बमोजिम बहुभाषिक शिक्षण पद्दती अबलम्बन गर्दै तामाङ—नेपाली—अङ्ग्रेजी स्का फोल्डीङ् मोडलमा स्थानीय पाठ्यक्रम समायोजन गर्नुपर्ने देखिन्छ ।

### क. मुख्य समस्या

योजना तर्जुमा गर्ने क्रममा गरिएको सर्वेक्षण, सरोकारवालाहरूसँगको छलफल तथा योजना निर्माण कार्यशालाबाट प्राप्त सूचनाको आधारमा पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कनसम्बन्धि देहायका समस्या तथा चुनौतीहरू पहिचान गरिएको छः

| क्र.स. | मुख्य समस्याहरू |
|---|---|
| १ | शिक्षकहरूमा पाठ्यक्रम तथा मूल्याङ्कनका सैदान्तिक र व्यबहारिक बुझाइ तथा प्रयोग सिपको कमी रहेको । |
| २ | विद्यालयहरूमा स्रोत तथा सन्दर्भ सामग्री र अध्ययन सामग्रीहरू कमि रहेको । |
| ३ | सबै विद्यालयका कक्षाकोठामा सिकाइ कुना र न्यूनतम सिकाइ सामग्रीहरूको व्यवस्था |

| | |
|---|---|
| | नभएको । |
| ४ | विद्यालयमा पुस्तकालय, इ पुस्तकालय, विज्ञान तथा कम्प्युटर प्रयोगशाला र विषयगत प्रयोगशालाको अभाव । |
| ५ | परम्परागत मूल्याङ्कन तथा लिखित परीक्षा प्रणाली कार्यान्वयनमा रहेको । |
| ६ | कक्षा ८ सम्म स्थानीय पाठ्यक्रम लागू भएपनि प्रभावकारी कार्यान्वयन नभएको । |
| ७ | कक्षा १ देखि ३ सम्मको निरन्तर मूल्याङ्कन र कक्षा ४ देखि १२ सम्मको आन्तरिक मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन नभएको । |
| ८ | तामाङ मातृभाषा शिक्षण गर्ने जनशक्तिको अभाव रहेको । |
| ९ | अभिभावकहरूमा तामाङ मातृभाषा सिकाइप्रति खासै अभिरुची नदेखिएको । |

**ख.चुनौतीको विश्लेषण**

शिक्षा प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि पाठ्यक्रम, शिक्षण—सिकाइ प्रक्रिया, मूल्याङ्कन प्रणाली, स्रोतसाधन तथा जनशक्तिको महत्वपूर्ण भूमिका हुन्छ । विद्यालय तहमा विभिन्न संरचनात्मक तथा व्यवहारिक चुनौतीहरू विद्यमान रहेका कारण अपेक्षित शैक्षिक गुणस्तर हाँसिल गर्न कठिन भइरहेको छ । शिक्षकहरूमा पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी सैद्धान्तिक र व्यवहारिक ज्ञान तथा प्रयोगात्मक सिपको कमी देखिनु प्रमुख चुनौतीका रूपमा रहेको छ । धेरै शिक्षकहरूले पाठ्यक्रमका उद्देश्य, सिकाइ उपलब्धि, विद्यार्थी केन्द्रित शिक्षण विधि तथा आधुनिक मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रूपमा प्रयोग गर्न नसक्दा कक्षाकोठामा सिकाइ उपलब्धि अपेक्षित स्तरमा पुग्न सकेको छैन ।यसले शिक्षण प्रक्रियालाई परम्परागत र शिक्षक केन्द्रित नै बनाइरहेको अवस्था देखिन्छ ।

विद्यालयहरूमा आवश्यक स्रोत तथा सन्दर्भ सामग्री, थप अध्ययन सामग्री तथा आधुनिक शैक्षिक साधनहरूको अभाव अर्को महत्वपूर्ण समस्या हो । पर्याप्त पाठ्यसामग्री, सन्दर्भ पुस्तक, डिजिटल सामग्री तथा अभ्यासमुखी स्रोतहरूको कमीका कारण शिक्षक र विद्यार्थी दुवैले गुणस्तरीय सिकाइ अनुभव प्राप्त गर्न सकेका छैनन् । यसैगरी सबै विद्यालयका कक्षाकोठामा सिकाइ कुना तथा न्यूनतम सिकाइ सामग्रीहरूको व्यवस्था नहुँदा बालमैत्री तथा क्रियात्मक सिकाइ वातावरण निर्माण हुन सकेको छैन । विशेषगरी प्रारम्भिक कक्षाका बालबालिकाले खेल, गतिविधि र अवलोकनमार्फत सिक्ने अवसर कम पाइरहेका छन् ।

विद्यालयमा पुस्तकालय, ई—पुस्तकालय, विज्ञान तथा कम्प्युटर प्रयोगशाला र विषयगत प्रयोगशालाको अभावले व्यवहारिक तथा अनुसन्धानमुखी शिक्षणमा बाधा पुऱ्याएको छ । विज्ञान, गणित तथा सूचना प्रविधि जस्ता विषयहरू प्रयोगात्मक अभ्याससँग सम्बन्धित भए पनि आवश्यक प्रयोगशाला र उपकरणको अभावका कारण विद्यार्थीहरूमा व्यवहारिक ज्ञान, सीप तथा

सिर्जनशीलताको विकास पर्याप्त रूपमा हुन सकेको छैन । यसले आधुनिक तथा प्रविधिमैत्री शिक्षाको विकासमा चुनौती सिर्जना गरेको छ ।

मूल्याङ्कन प्रणालीमा अझै पनि परम्परागत लिखित परीक्षा प्रणालीको प्रभुत्व रहेको देखिन्छ । विद्यार्थीको सिर्जनशीलता, व्यवहारिक क्षमता, समस्या समाधान सीप तथा दैनिक सिकाइ प्रक्रियालाई भन्दा केवल परीक्षामुखी उपलब्धिलाई प्राथमिकता दिइने प्रवृत्तिका कारण समग्र सिकाइको मूल्याङ्कन हुन सकेको छैन । निरन्तर मूल्याङ्कन र आन्तरिक मूल्याङ्कनको अवधारणा व्यवहारमा प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्दा विद्यार्थीको वास्तविक सिकाइ स्तर पहिचान गर्न कठिन भइरहेको छ । विशेषगरी कक्षा १ देखि ३ सम्मको निरन्तर मूल्याङ्कन तथा कक्षा ४ देखि १२ सम्मको आन्तरिक मूल्याङ्कन प्रभावकारी नहुँदा विद्यार्थीको नियमित प्रगति अभिलेखीकरण तथा सुधारात्मक शिक्षणमा कमजोरी देखिएको छ ।

कक्षा ८ सम्म स्थानीय पाठ्यक्रम लागू भए पनि यसको प्रभावकारी कार्यान्वयन हुन नसक्नु अर्को चुनौती हो । स्थानीय विषयवस्तु, संस्कृति, भाषा, पेशा तथा समुदायसँगसम्बन्धित सिकाइलाई व्यवहारमा जोड्न नसक्दा स्थानीय पाठ्यक्रम केवल औपचारिकतामा सीमित भएको अवस्था छ । शिक्षक तालिम, पाठ्यसामग्री तथा अनुगमनको कमीले यसको प्रभावकारी कार्यान्वयनमा बाधा पुगेको देखिन्छ ।

तामाङ मातृभाषा शिक्षणका लागि आवश्यक जनशक्तिको अभाव रहेको छ । मातृभाषामा शिक्षणले बालबालिकाको सिकाइ सहज, प्रभावकारी तथा रुचिकर बनाउने भए पनि दक्ष तामाङ भाषा शिक्षकको कमीका कारण मातृभाषा शिक्षण प्रभावकारी बन्न सकेको छैन । यसले भाषा संरक्षण तथा समावेशी शिक्षाको लक्ष्य प्राप्तिमा समेत चुनौती उत्पन्न गरेको छ ।

सिकाइ प्रक्रियामा विद्यार्थीहरूको रुचि तथा सक्रिय सहभागिता अपेक्षाअनुसार नदेखिनु पनि महत्वपूर्ण चुनौती हो । परम्परागत शिक्षण विधि, सीमित व्यवहारिक गतिविधि, प्रविधिको न्यून प्रयोग तथा उपयुक्त सिकाइ वातावरणको कमीका कारण धेरै विद्यार्थीहरू सिकाइप्रति आकर्षित हुन सकेका छैनन् । यसले सिकाइ उपलब्धि, विद्यालय उपस्थिती तथा समग्र शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारिरहेको छ ।

केन्द्रिय पाठ्यक्रमले कोन्ज्योसोमका स्थानीय परिवेश र सन्दर्भलाई समेट्न नसेकेको अवस्थामा केन्द्रीय पाठ्यक्रमको कार्यान्वयनको क्रममा विषयवस्तु, शिक्षण विधि र मूल्याङ्कन पद्दतिलाई स्थानीयकरण गर्ने सम्भावनाहरू खोज्नुपर्ने समेत योजना तर्जुमा गर्ने क्रममा गरिएको सर्वेक्षण, सरोकारवालाहरूसँगको छलफल तथा योजना निर्माण कार्यशालाबाट आवश्यकता महसुस भएको छ।

### ४.१.३ उद्देश्य

क) पाठ्यक्रम तथा पाठ्यपुस्तकको कार्यान्यनमा प्रभावकारीता बृद्दि गर्नु,
ख) पाठ्यपुस्तक तथा सिकाइ सामग्रीको उपलब्धता र उपयोग बढाउनु,
ग) समयानुकुल स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक तर्जुमा तथा लागू गर्नु,
घ) पाठ्यक्रममा निर्दिष्ट सिकाइ उपलब्धि सुनिश्चितताको लागि निरन्तर मूल्याङ्कन र आन्तरिक मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गर्नु ।

### ४.१.४ रणनीति र कार्यनीति

गाउँपालिकामा आधारभूत तथा माध्यिमक शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन क्षेत्रमा प्रभावकारिता अभिवृद्धि गरी नागरिकहरूलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउने लक्ष्य पुरा गर्नका लागि देहायअनुसारका रणनीति तथा कार्यनीतिहरू पहिचान गरिएको छः

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **अ. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन** | |
| १. शिक्षकहरूलाई पाठ्यक्रम सम्बन्धमा अभिमुखीकरण कार्यक्रम | • हरेक शिक्षकलाईसम्बन्धित विषयको पाठ्यक्रम सम्बन्धमा पूर्ण जानकारी गराउने । |
| | • पाठ्यक्रम कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन गरिने । |
| | • पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकलाई कक्षाकोठामा आधारित पेशागत सहायता प्रणाली विकास गर्ने । |
| **आ. पाठ्यपुस्तक तथा सिकाइ सामग्रीको उपलब्धता र उपयोग** | |
| १. पाठ्यपुस्तक तथा सिकाइ सामग्रीको उपलब्धता र उपयोग | • पाठ्यक्रम, शिक्षक निर्देशिका तथा सन्दर्भ सामग्रीहरूको प्रिन्टेड र डिजिटल कपिको व्यवस्था गरी उपयोग गराउने । |
| | • शिक्षक र विद्यार्थीले आफै निर्माण गर्नुपर्ने शिक्षण सामग्रीको विवरण तयार गरी जिम्मेवारी दिने । |
| | • विद्यालयहरूमा ईपुस्तकालय—, विज्ञान र कम्प्युटर प्रयोगशाला तथा विषयगत प्रयोगशालाको स्थापना र सञ्चालन गरिने । |
| **इ. परीक्षा तथा मूल्याङ्कन प्रणालीमा सुधार** | |
| १. विद्यार्थी मूल्याङ्कन तथा परीक्षा प्रणालीमा रचनात्मक विधिहरूको कार्यान्वयन | • आन्तरिक मूल्याङ्कनलाई प्रभावकारी कार्यान्वयन गर्ने । |
| | • निरन्तर मूल्याङ्कनका लागि विद्यार्थी पोर्टफोलियो व्यवस्थापन गर्ने । |
| | • कक्षाकोठामा आधारित शिक्षक निर्मित परीक्षा सञ्चालन गर्ने । |
| | • परीक्षाको नतिजामा आधारित सुधारात्मक शिक्षण कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गर्ने । |
| | • त्रैमासिक अवधिमा सुधारात्मक शिक्षण कार्ययोजनाको प्रगति समीक्षा तथा |

| | |
|---|---|
| | मूल्याङ्कन गर्ने । |
| २. आधारभूत तह उत्तीर्ण परीक्षा सन्चालन तथा व्यवस्थापन | • आधारभूत तह उत्तीर्णका लागि केन्द्रीकृत परीक्षा सञ्चालन गर्ने । |
| | • नतिजा विश्लेषण तथा पृष्ठपोषण गर्ने । |
| | • नतिजामा आधारित शिक्षक प्रोत्साहन गर्ने । |
| **ई. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक र विद्यालयमा आधारित सीपमूलक तालिमको पाठ्यक्रम तर्जुमा र कार्यान्वयन** | |
| १. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक व्यवस्थापन | • कक्षा ८ सम्म स्थानीय पाठ्यक्रमलाई समयानुकुल बनाउँदै लैजाने । |
| | • कक्षा ८ सम्म स्थानीय पाठ्यक्रममा आधारित पाठ्यसामग्री, सन्दर्भ सामग्री पाठ्यपुस्तक विकास तथा कार्यान्वयन गर्ने । |
| | • मातृभाषा शिक्षण गर्ने शिक्षकको क्षमता विकास गर्ने । |
| | • शिक्षक तालिम सन्चालन तथा शिक्षक स्रोत सामग्री विकास गर्ने । |
| २. विद्यालयमा आधारित सीपमूलक तालिमको पाठ्यक्रम निर्माण र कार्यान्वयन | • विद्यालयमा आधारित सीपमूलक तालिमको पाठ्यक्रम विकास र कार्यान्वयन गर्ने । |
| | • सिक्दै कमाउँदै कार्यक्रमसँग जोड्न एक विद्यालयमा कम्तिमा एक आयआर्जनका कार्यक्रम लागू गर्ने । |

### ४.१.५ अपेक्षित उपलब्धि, नतिजा, क्रियाकलापहरू र लक्ष्य निर्धारण

#### क. अपेक्षित उपलब्धि/नतिजाहरू

यस योजनाको कार्यान्वयनबाट देहायका उपब्धिहरू हाँसिल हुनेछः

क) पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीको सिकाइ उपलब्धि वृद्दि भएको हुनेछ ।

ख) पाठ्यपुस्तक तथा सिकाइ सामग्रीको उपलब्धता र उपयोगमा उल्लेख्य वृद्दि भएको हुनेछ ।

ग) परीक्षा तथा आन्तरिक मूल्याङ्कन प्रणालीमा सुधार भएको हुनेछ ।

घ) स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक तर्जुमा तथा लागू भएको हुनेछ ।

**ङ)** विद्यालयमा आधारित सीपमूलक तालिमको पाठ्यक्रम निर्माण र कार्यान्वयन भएको हुनेछ ।

## ख. क्रियाकलाप र लक्ष्य निर्धारण

| क्र स | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | पाठ्यक्रम प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | | |
| २ | स्थानीय पाठ्यक्रम अध्यावाधिक | पटक | | १ | | | १ | | |
| ३ | स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक लेखन र छपाई | पटक | | १ | | | | | |
| ४ | स्थानीय पाठ्यक्रममा आधारित शिक्षक डिजिटल स्रोत सामग्री विकास | पटक | | | १ | | | | |
| ५ | स्थानीय पाठ्यक्रममा भाषा, साहित्य र सन्दर्भमा आधारित सृजना लेखन प्रतियोगिता र प्रकाशन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ६ | कक्षाकोठामा आधारित शिक्षकको पेशागत सहायता प्रणाली/शिक्षक मेन्टरिङ संयन्त्र विकास र परिचालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ६ | शिक्षकको विषयगत सिकाइ सन्जाल विकास र परिचालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ७ | कक्षा १ देखि ५ सम्मको निरन्तर मूल्याङ्कन र ६ देखि ८ सम्मको आन्तरिक मूल्याङ्कन सामग्री/पोर्टफोलियो विकास र प्रबोधिकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ८ | कक्षा ९ देखि १२ सम्मको आन्तरिक मूल्याङ्कन सामग्री/पोर्टफोलियो विकास र प्रबोधिकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ९ | कक्षाकोठामा सिकाइ कुना र न्यूनतम सिकाइ सामग्रीहरूको व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १० | मातृभाषामा शिक्षण गर्ने शिक्षकको पेशागत क्षमता | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विकास कार्यक्रम | | | | | | | | |
| ११ | विषयगत प्रयोगशालाको स्थापना र सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १२ | ईपुस्तकालय—, स्थापना र सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १३ | विज्ञान प्रयोगशालाको स्थापना र सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १४ | कम्प्युटर प्रयोगशालाको स्थापना र सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १५ | पाठ्यक्रम, शिक्षक निर्देशिका तथा सन्दर्भ सामग्रीहरूको उपलब्धता प्रिन्टेड र डिजिटल कपि समेत | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १६ | शिक्षक/विद्यार्थीको शैक्षणिक सामग्री निर्माण कार्यशाला र प्रतियोगिता | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १७ | नि:शुल्क पाठ्यपुस्तक वितरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १८ | सबै तहका विद्यार्थीहरूका लागि पठन सिप विकासका सन्दर्भ सामग्री विकास र प्रबोधिकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १९ | सबै तहका शिक्षक तथा विद्यार्थीहरूका लागि गृहकार्य डायरी, शैक्षिक डायरी, अभ्यासकार्यपुस्तिका विकास, प्रबोधिकरण र प्रयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| २० | विद्यालय र शिक्षकको सघन सुपरिवेक्षण र अनुगमन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| २१ | विद्यालयमा आधारित सीपमूलक तालिमको पाठ्यक्रम विकास र कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| २२ | एक विद्यालय एक आयआर्जन कार्यक्रम सन्चालन | दिद्यालय | १७ | १७ | १७ | १७ | १७ | | |
| २३ | आधारभूत तहको परीक्षा सन्चालन र प्रमाणीकरण | पटक | १ | १ | १ | १ | १ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २४ | कक्षा ३ र ५ को सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | | |
| २५ | अतिरिक्त तथा सह कृयाकलाप सन्चालनका लागि शिक्षक व्यवस्थापन/बैकल्पिक प्रबन्ध | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| २६ | विद्यालय स्तरीय तथा गाउँपालिका स्तरिय अतिरिक्त तथा सह कृयाकलाप सन्चालन | पटक | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | |
| २७ | नतिजामा आधारित शिक्षक तथा विद्यालयलाई प्रोत्साहन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | | |
| २८ | रैथाने ज्ञान, सिप र प्रविधि संरक्षणका लागि एक विद्यालय एक रैथाने प्रविधि कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | | |
| २९ | विद्यार्थी सिकाइ मूल्याङ्कन प्रणालीमा अभिभावकको सहभागिता शुनिश्चित गर्ने कार्यविधि निर्माण र कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

# ४.२ शिक्षक व्यवस्थापन र विकास

## ४.२.१ परिचय

शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य व्यावसायिक रूपमा दक्ष पेसाप्रति उत्प्रेरित ,समर्पित, प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य दक्ष समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनवाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ ।

प्राथमिक तहमा विद्यार्थी सङ्ख्याको आधारमा र निम्न माध्यमिक तथा माध्यमिक तहमा विषयगत रूपमा विद्यमान मापदण्ड १ : ४५ शिक्षक विद्यार्थी अनुपात कायम गरिएको छ । शिक्षा ऐन तथा नियमावलीले आधारभूत तहमा कम्तिमा ७ दरबन्दी र माध्यमिक तह १- १० मा १२ दरवन्दी र १-१२ मा १५ दरवन्दी हुनुपर्ने व्यवस्था गरेको छ ।

नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन् । यसको फलस्वरूप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरी शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन् । विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन् । यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित तालिमहरू सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरियो ।

पेसागत रूपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकवाट नै कक्षाकोठाको शिक्षणसिकाइमा सुधार आउन सक्छ । यसका लागि शिक्षकलाई पेसागत विकासका अवसरहरू उपलव्ध हुन आवश्यक छ । शिक्षकको पेसागत विकासका लागि विभिन्न तौरतरिकाहरू छन् । शिक्षक तालिम, कार्यशाला, सेमिनार कनफरेन्स, कार्यमूलक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण मेन्टरिङ आदि अवसरवाट शिक्षकको पेसागत विकास सम्भव छ ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाको रूपमा विकास गर्न शिक्षकहरूलाई सूचना प्रविधि, प्रधानाध्यापक तथा लेखापालहरूलाई विद्यालयमा गरिने लेखा व्यवस्थापन, सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन, शिक्षकहरूलाई पेसागत विकासका विभिन्न मोडालिटिका तालिम लगायतका कार्यक्रमहरूको आवश्यकता आँकलन गरिएको छ । कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरीय बनाउने शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने शिक्षक पेसागत विकासलाई प्रभावकारी

बनाउने विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने कार्यलाई प्राथमिकता दिइएको छ । यसमा शिक्षक ब्यवस्थापनको वर्तमान अवस्थाको विश्लेषणबाट चुनौतीहरूको पहिचान गरी शिक्षक ब्यवस्थापन र विकासलाई प्रभावकारी बनाउने सम्बन्धमा यस कार्यक्रमका उद्धेश्य पुरागर्नका लागि अपनाइने रणनीतिहरू कार्यक्रम कार्यान्वयनबाट हाँसिल हुने अपेक्षित नतिजा तथा मुख्यमुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

## ४.२.२ वर्तमान अवस्था

यस गाउँपालिकामा रहेका १७ ओटा सामुदायिक विद्यालयहरूमा कूल १८४ शिक्षक कार्यरत छन् गाउँपालिका भित्र रहेका १ ओटा संस्थागत विद्यालयमा पूर्व प्राथमिक तह र प्राथमिक तहमा ११ जना शिक्षक कार्यरत रहेका छन् । तहगत रूपमा हेर्दा पूर्व प्राथमिक तहमा ३० प्राथमिक तहमा ८५ निम्न माध्यमिक तहमा ३२ र माध्यमिक तहमा (प्राविधिक धार र शिक्षण सहयोग अनुदान समेत) २८ जना शिक्षक र साविकको उच्च माध्यमिक तहमा ९ जना (प्राविधिकधारसमेत) जनशक्ति राज्यवाट सुविधा प्राप्त गर्ने गरी कार्यरत छन् । जसमध्ये प्राथमिक तहमा ४४ पुरुष र ४१ महिला शिक्षक कार्यरत छन् । गाउँपालिका भित्र रहेका १ ओटा संस्थागत विद्यालयमा पूर्व प्राथमिक तह र प्राथमिक तहमा ११ जना शिक्षक कार्यरत रहेका छन् । निम्न माध्यमिक तहमा २३ पुरुष र १२ महिला, माध्यमिक तह ९-१० मा १८ पुरुष र ९ महिला र माध्यमिक तह ११-१२ मा ५ पुरुष र ४ महिला शिक्षक कार्यरत रहेका छन् ।

विद्यालयमा शिक्षकको अनुपातिक वितरणमा समानता छैन । गाउँपालिकाभित्रका आधारभूत तह (कक्षा ६-८) सञ्चालित ११ विद्यालयहरू मध्ये १० ओटा विद्यालयमा १२ जना विषयगत शिक्षक र माध्यमिक तह सञ्चालित ६ ओटा विद्यालयहरूमध्ये ५ ओटामा ६ जना विषयगत शिक्षक अपर्याप्त छन् ।

## ४.२.३ उद्देश्य

क) विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नु,

ख) विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेशागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,

## ४.२.४ रणनीतिहरू

क) शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गर्ने ।

ख) विद्यालयहरूमा न्यूनतम विषयगत शिक्षकहरूको व्यवस्थापन गर्ने ।

ग)शिक्षकको निरन्तर पेसागत विकासका लागि सङ्घ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम सञ्चालन गर्ने ।

घ)शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने ।

ङ)शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने ।

च)शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ उपलब्धिसँगसम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने ।

छ) रिक्त शिक्षक दरबन्दीमा तत्काल पदपूर्ति हुने व्यवस्था गर्ने ।

ज)नवप्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरण मार्फत जिम्मेवार र उत्तरदायी बनाउन आवश्यक व्यवस्था मिलाईने ।

झ) शिक्षकले कक्षाकोठामा विताउने समय सुनिश्चित गर्न प्रधानाध्यापकलाई जिम्मेवारी बनाइने ।

ञ) नेतृत्वदायी सीप, कार्यकुशलता , क्षमता, कार्ययोजना, शैक्षिक योग्यता, अनुभवलगायतको आधारमा प्रचलित कानुन बमोजिम विद्यालयमा प्रधानाध्यापकको छनौट गरिने ।

ट)दरवन्दी परिवर्तन गरी पदपूर्ति गर्न परेमा शिक्षा नियमावलीको उल्लेखित प्राथमिकता क्रमका आधारमा रिक्त दरबन्दीमा विषयगत शिक्षक पदपूर्ति गरिने ,

ठ)योग्यता क्षमता तथा विज्ञताका आधारमा गाउँपालिकाभित्रका शिक्षकलाई परिचालन गर्ने

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**अ) उपलब्धि**

क) सक्षम , अभिप्रेरित र विषयगत शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने ।

**आ) नतिजा**

क) राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत विकास हुने,

ख) शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास हुने,

ग) शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने,

घ) शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने,

ङ) शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुने,

च) शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण हुने,

छ) शिक्षकको पदपूर्ति नियमित रूपमा हुने,

ज) शिक्षकको बृत्तिविकासका लागि पारदर्शी र वस्तु निष्ठ आधारसहितको पद्धति स्थापित हुने ।

### इ) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | | |
| १ | शिक्षक नियुक्ति र सरूवा | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| २ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागि गराउन क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने | पटक | | १ | | | १ | २ | | |
| ४ | नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न मापदण्डको विकास गर्ने | पटक | १ | | | | | १ | | |
| ५ | कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ६ | उपचारात्मक शिक्षण पद्धति लागु गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ७ | अपाङ्गता भएका बालबालिकाका लागि विशेष व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ८ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा बिताउने समय वृद्धि | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ९ | विद्यालयमा आधारित सुपरिवेक्षण तथा सहयोगका लागि क्षमता विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १० | शिक्षक पेसागत दक्षता विकासमा सहयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ११ | असल अभ्यासको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालिकीकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १३ | विज्ञ समूहको गठन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १४ | सहपाठी कक्षा अवलोकन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १५ | छोटो अवधिको शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १६ | विद्यालय तहमा शिक्षकको पेसागत विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १७ | कार्यसम्पादन मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १८ | नियमानुसार प्रधानाध्यापकको व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १९ | शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| २० | अस्थायी प्रकृतिका शिक्षकको सामाजिक सुरक्षा कोष तथा बिदा सुनिस्चितता | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| २१ | समावेशी शिक्षाका लागि जनशक्ति व्यबस्थापन र तालिम | जना | | ५ | ५ | ५ | ५ | २० | | |

## ४.३ समता र समावेशीकरण

### ४.३.१ परिचय

पहुँच र सहभागिताका लागि समानता पुग्ने उद्देश्य हाँसिल गर्न असमानहरू बिच गरिने असमान व्यवहार नै शैक्षिक समता हो । विभेद र वञ्चितीकरणमा परेका वर्ग समुदाय र क्षेत्रलाई गुणस्तरीय शिक्षामा सजिलै पहुँचको सुनिश्चिता सम्भव हुदैन । यो आफ्नो गन्तव्य नभइ एउटा माध्यम मात्र हो । कोन्ज्योसोम गाउँपालिका एउटा विविधताले भरिपूर्ण गाउँपालिका हो । यसमा तामाङ, ब्राम्हण, क्षेत्री, नेवार, गुरुङ, मगर, पहरी, दलित, र अपाङ्गता भएका बालबालिकाहरूको बसोबास छ । विभिन्न शारीरिक क्षमता भएका कमजोर आर्थिक अवस्था भएको समाजमा पछि परेका र पारिएको दलित महिला अपाङ्गता भएका व्यक्तिहरूको मिश्रित बसोबास रहेको समुदाय छ । सम्पत्ति माथिको अधिकार पुरुषको तुलनामा महिलामा कम छ । सामाजिक, सांस्कृतिक तथा विभिन्न परम्परागत कार्यले गर्दा लैगिक विभेद विद्यमान छ । केहि बालबालिकाहरू विशेषत अपाङ्गता भएका, दलित विपन्न परिवारमा जन्म भएका, शिक्षामा पहुँच नपुगेको देखिन्छ । विविधतालाई पहिचान, सम्मान, मनोरञ्जन र व्यक्तिगत भिन्नताको कदर गरी विविधतालाई प्रोत्साहित हुन आवश्यक छ । बालबालिकामा भएको भिन्नताहरूदेखि सहभागितामा पहुँच तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समताको आवश्यक छ । यस्तो समतामा विशेष तथा थप प्रबन्धको व्यवस्था गर्नुपर्दछ । समाजमा सामाजिक न्याय स्थापित गर्न, शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्न महत्वपूर्ण र अत्यावश्यक छ ।

ठाउँ, क्षेत्रअनुसार विविधताको सम्मान तथा समावेशीता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच र अथपूर्ण सहभागितामा कार्य गर्दै सिकाइ सुनिश्चितता गर्नका लागि यसको कारण तथा बाधाहरू पहिचान गरी ती बाधाहरू हटाउनु पर्दछ । यस्तो बाधाहरू ठाउँ पिच्छे फरक छन् । यस्ता चुनौतीहरू हटाइ विविधता अनुकुल हुने गरी शिक्षामा सबैका सहज पहुँच सहभागिता तथा सिकाइका लागि समेत तथा समावेशिता अभिवृद्धि गर्नका लागि योजना निर्माण गरी त्यस अनुरूप कार्यक्रम सन्चालन गर्नु आजको आवश्यकता हो ।

नेपालको शिक्षामा बालिका तथा महिलाहरू र अपाङ्गता भएकाहरूका लागि केही विशेष प्रबन्ध स्वरूप वि.सं. २००४ सालमा छात्राहरूका लागि छुट्टै विद्यालय पद्मकन्या विद्याश्रमको स्थापना र वि. सं. २०२१ मा लेबोरेटरी स्कुलमा दृष्टिविहीन बालबालिकाका लागि एकीकृत विद्यालय शिक्षा प्रारम्भ भई हालसम्म सञ्चालित छ । त्यसैगरी वि. सं. २०२५ देखि खगेन्द्रबहादुर बस्नेतको अगुवाइमा सुरु भएको नेपाल अपाङ्ग अन्धा सङ्घ नवजीवन गृहले २०२६ सालदेखि अपाङ्ग पुरुषहरूको लागि आवसीय व्यवस्था सुरु गरेकोमा २०३१ सालदेखि महिलाहरूका लागि पनि आवासीय प्रबन्धको सुरुआत भएको थियो । अपाङ्गता भएका व्यक्तिको स्याहार तथा शिक्षाको प्रबन्धसहित यो नेपाल अपाङ्ग अन्धा सङ्घ नवजीवन गृह केही पछि खगेन्द्र नवजीवन केन्द्रका रूपमा स्थापित भई हाल काठमाडौंको जोरपाटीमा सञ्चालन भइरहेको छ । शिक्षा नियमावली

२०२८ अनुरूप २०३० सालमा विशेष शिक्षा परिषद् गठन भई अपाङ्गता भएकाहरूको शिक्षाका लागि सरकारबाट औपचारिक संस्थागत थालनी भएको पाइन्छ । बालिका तथा महिला शिक्षामा वि.सं. को २०५० को दशकदेखि केही प्रोत्साहनमूलक कार्य प्रारम्भ भए पनि अपाङ्गतालगायत आर्थिक, सामाजिक, भाषिक, लैङ्गिक तथा भौगोलिक कारणले बञ्चितीकरणमा परेका बालबालिकाको शिक्षामा पहुँच तथा सहभागितका लागि वि.सं. २०५० को दशकदेखि केही योजनावद्ध प्रयास सुरु भएको थियो ।

समतामूलक एवम् समावेशी शिक्षाका लागि नेपालले अपाङ्गता भएका व्यक्तिका लागि समतामूलक अवसर सुनिश्चित गर्नेसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय प्रामाणिक नियमहरू सन् १९९३, एसिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूको दशक सन् १९९३-२००२, सालामान्का घोषणा सन् १९९४, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि १९७९, तथा संयुक्त राष्ट्र सङ्घीय अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि सन् २००६ आदिमा प्रतिबद्धता जनाएको छ । यी सम्पूर्ण महासन्धि एवम् घोषणापत्रहरूले अपाङ्गता भएका व्यक्तिलगायत विशेष शिक्षाको आवश्यकता भएका सबैलाई शिक्षाका राष्ट्रिय कार्यक्रमको मूलधारमा समावेश गर्नुपर्ने कुरामा जोड दिएका छन् । विशेषगरी संयुक्त राष्ट्र सङ्घीय अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि, सन् २००६ को धारा २४ ले अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिकासँगै समान आधारमा समावेशी शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ । यस मान्यतालाई नेपाल सरकारले पनि स्वीकार गरी उक्त अन्तर्राष्ट्रिय महासन्धिमा हस्ताक्षर गरी संसद्ले अनुमोदन समेत गरिसकेको छ ।

खासगरी सबैका लागि शिक्षाको डकार घोषणापत्र र तदनुसार नेपालले बनाएको राष्ट्रिय कार्ययोजनाले विभिन्न कारणले शिक्षाको पहुँचभन्दा बाहिर रहेका बालबालिकाहरूलाई शिक्षामा समावेश गर्नका लागि समावेशीकरणको अवधारणासहित पहुँच विस्तारमा जोड दिई छात्रवृत्तिलगायत प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्नुका साथै महिला शिक्षक नियुक्तिबाट प्रारम्भ भएको आरक्षणलाई कानुनी मान्यतासहित महिला, जनजाति, दलित, मधेशी र दुर्गम क्षेत्रका लागि शिक्षक नियुक्तिमा निश्चित प्रतिशत आरक्षणको प्रबन्ध छ ।

नेपालको संविधानको प्रस्तावनाले नेपाललाई समावेशी बनाउने अठोट गरेको छ । संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको रूपमा लिदै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुने र अपाङ्ता भएका र आर्थिक रूपले विपन्न नागरिकले कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिवृद्धिका लागि विभिन्न नीतिहरू तय गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ ले अपाङ्गता भएका

व्यक्ति तथा आर्थिक सामाजिक रूपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले तोकिदिए बमोजिमका शैक्षिक संस्थाद्वारा निःशुल्क रूपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ । विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचकसहितको एकीकृत समता रणनीति २०७१ कार्यान्वयवाट बहुबञ्चितीकरणमा परेका बालबालिकहरूलाई थप सहयोग सहितको शैक्षिक अवसरको व्यवस्था गरिएको छ । अपाङ्गता भएका बालबालिका छात्रा, दलित तथा जनजाति समुदायका बालबालिकहरूलाई छात्रवृत्ति र प्राविधिक तथा व्यावसायिक शिक्षामा प्राथमिकता एवम् आरक्षण कोटाको व्यवस्थाले यस समूहका बालबालिकाको शिक्षामा पहुँच र सहभागिता बढेको तथ्याङ्कले देखाएको भए तापनि पहुँचमा सुधारका साथै सहभागिता र गुणस्तर सुधारमा अझै थुप्रै कार्यहरू गर्नु पर्ने देखिएको छ । यसै सम्बन्धमा दिगो विकास लक्ष्य ४ ले समावेशिता र समतालाई विशेष जोड़ दिएअनुसार नेपालले राष्ट्रिय कार्य योजना तयार गरेको छ ।

नेपालमा विद्यालय शिक्षामा सबैको समतामूलक र समावेशी पहुँचका लागि उल्लिखित नीतिगत व्यवस्थाका साथै विभिन्न कार्यक्रमहरू पनि सञ्चालित छन् । उदाहरणका लागि दिवा खाजा, पाठ्यपुस्तकसहित निःशुल्क शिक्षा, अपाङ्गता भएका बालबालिकाहरू, छात्रा तथा सीमान्तकृत बालबालिकाहरूलाई लक्षित गरी आवासीय तथा गैर आवासीय छात्रवृत्तिले समतामूलक र समावेशी पहुँचका लागि योगदान गरेका छन् । त्यसै गरी समता तथा समावेशिताका लागि आधारभूत तहमा मातृभाषा तथा बहुभाषाको प्रयोग गरी सिकाइने नीति विद्यालय तहमा महिलालगायत शिक्षक नियुक्तिको समावेशी व्यवस्था, विद्यालय नर्सको प्रारम्भ, पाठ्यक्रममा लैङ्गिकलगायत सांस्कृतिक, धार्मिक, जातजातीय सम्वेदनशीलतालाई विचार गरी विविधताको सम्मान गर्ने प्रयास गरिएको, स्थानीय भाषा, संस्कृति, इतिहास, ज्ञान तथा सिपलाई विद्यालय शिक्षामा समावेश गर्न स्थानीय पाठ्यक्रम तथा सिकाइ क्रियाकलापलाई स्थानीयकरण गर्ने प्रबन्ध, परम्परागत सिकाइ पद्धति र औपचारिक शिक्षासँग सम्बन्ध स्थापित गर्ने नीति बृहत यौनिकता शिक्षा तथा प्रजनन् स्वास्थ्यसम्बन्धी विषयवस्तुलाई पाठ्यक्रममा समावेश गरिएको छ । बालबालिकाहरूको गुनासो तथा सुझावहरू लिखित तथा मौखिक रूपमा सुन्नका लागि लैङ्गिक सम्पर्क विन्दु र विद्यालयमा गुनासो सुनुवाइसम्बन्धी व्यवस्था, समावेशीकरण र समतासम्बन्धी विषयवस्तुलाई शिक्षक तालिममा समावेश लगायतका कार्यक्रमहरू कार्यान्वयन गरिएका छन्।

### ४.३.२ वर्तमान अवस्था

कोन्ज्योसोम गाउँपालिकामा १८ओटा विद्यालय सन्चालनमा रहेका छन् । उक्त विद्यालयहरूमा विभिन्न जातजाति, धर्म, आर्थिक अवस्थाका विद्यार्थीहरू अध्ययन गर्दै आएका छन् । कतिपय विद्यालयहरूमा शारिरीक अपाङ्गता भएका बालबालिकाहरू समेत रहेका छन् । यस्तो अवस्थाका विद्यार्थीहरूको शिक्षामा

पहुँच बृद्धिका लागि गैरआवासीय छात्रबृत्ति प्रदान गर्ने गरिएको छ । केहि  बालबालिकाहरू विद्यालय शिक्षाको समतापूर्ण पहुँचबाट टाढा रहेको अवस्था छ । त्यसैगरी आर्थिक हिसाबले विपन्न बालबालिकाहरू, गम्भीर प्रकृतिका  रोगहरूबाट पीडित बालबालिकाहरू अभिभावक र अभिभावकबिहीन तथा सहाराविहिन बालबालिकाहरू रहेको समुदाय छ । तिनको लगत र तथ्याङ्क व्यवस्थित हुन सकिरहेको छैन । त्यस्ता प्रकारका बालबालिकाहरू समेत विद्यालय शिक्षाको पहुँच बाहिर रहेको देखिन्छ ।

विद्यालय भर्ना भएका बालबालिकाहरूलाई आवासीय र गैरआवासीय रूपमा तोकिएको नियमका आधारमा छात्रवृत्ति प्रदान गरिने छ । खासगरी आधारभूत तहको कक्षा १-५ मा अध्ययन गर्ने सबै छात्राहरू, अपाङ्ग र दलित बालबालिकाहरूलाई कुनै न कुनै रूपमा छात्रवृत्ति सहयोग गरिदै आएको छ । त्यसैगरी विद्यार्थी मूल्याङ्कनको क्रममा समेत अपाङ्गता भएका बालबालिकाहरूलाई थप समयको व्यवस्था समेत गरिने प्रावधान छ । बहिरा बालबालिकाहरू, सुस्त मनस्थितिका बालबालिकाहरू, दृष्टिबिहिन बालबालिकाहरूलाई सिकाइ सुनिश्चितताका लागि स्थानीय तहमा नै स्रोतकक्षा पढाइलाई शिक्षामा पहुँचको हक सुनिश्चित गर्ने कार्य गरिएको छ । गाउँपालिकाले धेरै महत्वपूर्ण कामहरू गरिरहेको भएतापनि अझैपनि शिक्षामा सबै वर्गको समान पहुँच भने पुग्न सकिरहेको छैन ।

कोन्ज्योसोम गाउँपालिका सामाजिक, आर्थिक, सांस्कृतिक विविधता भएको स्थानीय तह हो । यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोवास छ । तामाङ समुदायको मुख्य बसोबास रहेको यस क्षेत्रमा ब्राह्मण, नेवार, मगर, तथा दलित समुदाय छन् । जुन प्रतिनिधित्व विद्यालयमा हुने गर्दछ । कोन्ज्योसोम गाउँपालिका धार्मिक सांस्कृतिक जातिगत भाषिक आधारमा विविधता बोकेको गाउँपालिका हो । शैक्षिक समता र समावेशीकरणका लागि यो गाउँपालिका विविधताका दृष्टीले अवसर नै अवसर रहेको छ ।

### ४.३.३ उद्देश्य

क) लक्षित समूहका व्यक्तिहरूको शिक्षामा समतामुलक पहुँच सुनिश्चित गर्नु,
ख) लक्षित समूहका बालबालिकाहरूको सिकाइ सहभागितामा बृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु,
ग) समुदाय तथा विद्यालयमा हुने सबैप्रकारका विभेद दुर्व्यवहार र हेपाइ आदिलाई न्यूनीकरण गर्नु ।
घ) पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउने ।

### ४.३.४ रणनीतिहरू

क) विद्यालयमा हुने सबैप्रकारका विभेदहरूको अन्त्य गर्न सबै शिक्षक विद्यार्थी लगायतका सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने,

ख) विद्यालयमा हुने सबै गतिविधिहरूमा बालबालिकाहरूको समावेशी सहभागिताको सुनिश्चितता गर्ने,

ग) विद्यालयहरूमा बिशेषत: छात्राहरूलाई हुने विभेद कम गर्न र गुनासो सुन्नका लागि 'जेन्डर फोकल पर्सन' गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्ने,

घ) प्रत्येक विद्यालयहरूमा गुनासो पेटिका बनाई राख्न लगाईने, सबै तह र प्रकारका विद्यालयहरूमा लैङगिक तथा अपाङ्गमैत्री भौतिक संरचनाहरूको निर्माण गर्ने,

ङ) सबै तह र प्रकारका विद्यालयहरूमा लैङगिक तथा अपाङ्गमैत्री भौतिक संरचनाहरूको निर्माण गर्ने,

च) घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको सबै प्रकारका विवरण सङकलन गरी अद्यावधिक गर्ने,

छ) साधारण विद्यालयमा भर्ना भइ अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाहरूका लागि स्रोतकक्षाको व्यवस्था गर्ने,

ज) समावेशी तथा समतामुलक पहुँच सुनिश्श्रितका लागि यथोचित छात्रवृत्तिको रकम उपलब्ध गराइने,

झ) विद्यार्थीहरूलाई खासगरी किशोरीहरूलाई हुने विभेद र हेपाइ आदिलाई न्युन गर्न सचेतनामुलक कार्यक्रमका साथ अनुगमन तथा निरिक्षण, अनुसन्धान गरिने छ ।

**अ) उपलब्धि**

क) समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रूपले कमजोर अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच भएको हुने ।

**आ) नतिजा**

क) अपाङ्गता, गरिव, विपन्न, अभिभावक तथा सहाराविहिन बालबालिकाहरू आदिको अभिलेख अद्यावधिक हुने ।

ख) विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समाबेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने ।

ग) लक्षित समूहले तोकिए बमोजिम छात्रबृत्ति एवम् प्रोत्साहन प्राप्त गरेको हुने ।

घ) विद्यालयहरूमा लैङ्गिक, जातीय, सामाजिक एवम् सबै प्रकारका विभेदको अन्त्य भएको हुने ।

## इ) प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१०बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **पहिलो वर्ष** | **दोस्रो वर्ष** | **तेस्रो वर्ष** | **चौथो वर्ष** | **पाँचौ वर्ष** | जम्मा | | |
| १ | शिक्षाको मूल प्रवाह बाहिर रहेका र नरहेका सबै बालबालिकाहरूको तथ्याङ्क सङ्कलन र विश्लेषण | सङ्ख्या | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| २ | सबै प्रकारका अपाङ्गमैत्री तथा बालमैत्री संरचना निर्माण | विद्यालय | २ | २ | ३ | ५ | ५ | १७ | | |
| ३ | लक्षित बर्गको लागि छात्रबृत्ति वितरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ४ | सबै प्रकारका विभेदको अन्त्यकालागि सचेतनामूलक कार्यक्रम सञ्चालन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | | |
| ५ | जेन्डर फोकल शिक्षक र गुनासो सुन्ने अधिकारीको ब्यबस्था र विद्यालयहरूमा गुनोसोपेटिकाको व्यवस्था कायम गर्ने | सङ्ख्या | १७ | १७ | १७ | १७ | १७ | १७ | | |
| ६ | बालिका तथा समावेशी शिक्षा रणनीति २०८० र व्यवस्थापनसम्बन्धी मापदण्ड २०८० कार्यान्वयन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ७ | बालिका तथा समावेशी शिक्षा संजाल (अपाङ्गता र बालिकामूखी)सन्चालन तथा व्यबस्थापन | सङ्ख्या | ६ | ५ | ५ | | | १६ | | |

| क्र.स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१०बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **पहिलो वर्ष** | **दोस्रो वर्ष** | **तेस्रो वर्ष** | **चौथो वर्ष** | **पाँचौ वर्ष** | जम्मा | | |
| ८ | गाउँपालिकाभित्र एउटा अपाङ्गता भएका बालबालिकाका लागि तालिम प्राप्त सहयोगी र आवास सहितको विद्यालय संचालन गर्ने | ओटा | | | | १ | | १ | | |

## ४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाइ कार्यक्रम

## ४.४.१ परिचय

प्रारम्भिक बाल्यकालदेखि नै बालबालिकाको मस्तिष्कको स्नायु प्रणाली तीव्र गतिमा विकास हुने हुँदा सन्तुलित पोषणको अभावले बालबालिकाको सिक्ने क्षमता, स्मरणशक्ति र एकाग्रतामा स्थायी रूपमै ह्रास ल्याउँछ । दिवा खाजा कार्यक्रम विद्यालयमा विद्यार्थीको नियमित उपस्थिति बढाउने, कक्षा छाड्ने दर (Dropout rate) शून्यमा झार्ने र सिकाइको तत्परता (Learning Readiness) जगाउने प्रभावकारी शैक्षिक रणनीति हो । कोन्ज्योसोम गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा अध्ययनरत अधिकांश बालबालिकाहरू विपन्न तथा जनजाती परिवारका बालबालिकाका भएकाले विद्यालयको खाजा नै दिनभरको प्रमुख सन्तुलित आहार हुने भएकोले यसलाई शैक्षिक गुणस्तर सुधारको पूर्वसर्त (Pre-condition) का रूपमा लिइएको छ।

बालबालिकाको विकास तथा सिकाइसँग स्वास्थ्य तथा पोषणका अवस्थाका प्रत्यक्ष सम्बन्ध रहेको हुनेछ । स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइ सहभागिता बढाइ उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ । सरसफाइ तथा स्वच्छतासम्बन्धी अभ्यासका अतिरिक्त महिनावारीसम्बन्धी सरसफाइ तथा स्वच्छतासम्बन्धी सहयोग तथा शिक्षा पनि उत्तिकै आवश्यक रहेको छ । विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणसम्बन्धी यस्ता कार्यक्रमहरूले विद्यार्थीको भर्ना तथा टिकाउ दर बढाउन र कक्षामा अनुपस्थित हुने तथा बिचमा विद्यालय छाड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्दछ ।

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाको छानिएका प्राथमिक विद्यालयमा विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा आर्थिक वर्ष २०७७/२०७८ देखि सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ का सबै विद्यार्थीलाई प्रति विद्यार्थी प्रति दिन रु १५ बराबरको खाजा खुवाउँदै आएकोमा आ.व.२०८२/०८३ बाट प्रति विद्यार्थी प्रति दिन रू. २० बराबरको खाजा खुवाउँन थालिएको छ । सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा व्यवस्थापन कार्यविधि २०७६ बमोजिम दिवा खाजा व्यवस्थापनको पाटो अगाडि बढाइएको अवस्था छ ।

नेपाल सरकारले प्रारम्भिक बालविकास (ECD) देखि कक्षा ५ सम्मका विद्यार्थीहरूलाई प्रतिदिन रु. १५ दिदै आएकोमा चालु आर्थिक वर्षबाट रु. २० का दरले दिवा खाजा अनुदान उपलब्ध गराउँदै आएको छ । यद्यपि, वर्तमान बजार मूल्य र पोषणको मापदण्डअनुसार उक्त रकम अपर्याप्त छैन । कक्षा ६ भन्दा माथिका किशोरकिशोरी विद्यार्थीहरू यस कार्यक्रमबाट अझै समेटिन नसकेकाले स्थानीय सरकार समुदायको सहकार्यमा कार्यक्रमको दायरा विस्तार गर्नु आवश्यक छ ।

### ४.४.२ वर्तमान अवस्था र तथ्याङ्क

कोन्ज्योसोम गाउँपालिकाको शैक्षिक घरधुरी सर्वेक्षण (२०८२) अनुसार समेटिएका १,९२४ घरधुरीमा १७ वर्षसम्मका बालबालिकाको कुल जनसङ्ख्या ४,४२३ रहेको छ ।

क) **खाद्य सुरक्षाः** ५२.५ प्रतिशत (१,०१०) घरधुरीमा ६ महिना वा सोभन्दा कम मात्र खाद्य सुरक्षा रहेको छ, जसले बालबालिकामा कुपोषण, पुड्कोपना र रक्तअल्पताको उच्च जोखिममा पर्न सक्ने देखाउँछ ।

ख) **कृषि तथा पोषण सम्भावनाः** ७४.२ प्रतिशत (१,४२८) घरधुरीको मुख्य पेशा कृषि हो । स्थानीय स्तरमा कार्बोहाइड्रेटका लागि मकै, गहुँ, फापर, प्रोटिनका लागि सिमी, भटमास, केराउ, अण्डा, मासु, दुध र भिटामिनका लागि मौसमअनुसारका तरकारी, सागसब्जी, काउली र चिल्लोपदार्थका लागि तोरीको प्रशस्त उत्पादन हुन्छ।यसले स्थानीय उत्पादनमै आधारित पोषणयुक्त खाजा सम्भव रहेको पुष्टि गर्छ ।

ग) कोन्ज्योसोम गाउँपालिकाभित्रका धेरै जसो विद्यालयमा अधिकांश बालबालिकाहरू बिहानको खाना नखाइकन विद्यालय आउँने गरेको देखिन्छन् । विद्यालयमा आउँने बितीकै उनिहरू प्रायःजसो पत्रुखाना किन्न पसलतिर जाने गरेको र त्यस्ता खानेकुराहरू खाइसके पछाडि बालबालिकाहरूलाई पेट दुख्ने, रिङटा लाग्ने, टाउको दुख्ने जस्ता समस्याहरू देखा पर्ने गरेको गुनासो प्रशस्तै छ । त्यसकारण विद्यालयमा आउने सम्पूर्ण बालबालिकाहरूलाई खाना तथा खाजाको व्यवस्थापन गरी उनीहरूको पोषण स्वास्थ्यमा सुधार ल्याउनका साथै सिकाइ क्रियाकलापहरूलाई प्रभावकारी तुल्याउनु आजको हाम्रो आवश्यकता रहेको छ ।

घ) गाउँपालिकाका सबै माध्यमिक र केही आधारभूत विद्यालयहरूमा छात्र र छात्राका लागि अलग-अलग शौचालय निर्माण गरिएको र निर्माण गर्ने प्रक्रियामा रहेका छन् । कक्षा ६ देखि १२ सम्म अध्यनरत छात्राका लक्षित महिनावारी स्वच्छता व्यवस्थापनका लागि निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई प्रभावकारी बनाउँदै लगिएको छ । सबै विद्यालयको लागि प्राथमिक उपचार सामग्रीको बाकस, बालिकाहरूका लागि आइरन चक्की प्रभावकारी रूपमा वितरण गरिएको छ । हाल गाउँपालिका अन्तरगतका १७ वटा विद्यालयमा दिवा खाजाको व्यवस्था गरिएको छ ।जसबाट आर्थिक अवस्था कमजोर भएका घरका विद्यार्थीहरू धेरै लाभान्वित भएका छन् ।

### ४.४.३ उद्देश्य

क) सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाहरूलाई गुणस्तरीय, पोषणयुक्त तथा सन्तुलित दिवा खाजा प्राप्तिको सुनिश्चितता गर्नु ।

ख) बालबालिकाहरूको पोषण अवस्था, स्वास्थ्य, नियमित उपस्थितिदर, सिकाइ उपलब्धि तथा समग्र शैक्षिक विकासमा सुधार ल्याउनु ।

ग) विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य, पोषण र सरसफाइ तथा

स्वच्छतासम्बन्धी सेवाको गुणस्तर बृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

### ४.४.४ रणनीतिहरू

क) बालबालिकाका लागि विद्यालयमा नै पोषिलो र ताजा खाजा तयार गर्नुका साथै खाजा भान्सा तथा भण्डार, भान्सामा प्रयोग हुने आवश्यक भाडावर्तन र अन्य सामग्रीहरू तथा समुहमा हात धुनेलगायतका सुविधा विस्तार गर्दै लैजाने ।

ख) विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा प्रयाप्त पानी, साबुन तथा सफाई सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग-अलग शौचालय तथा युरिनल, किशोरीहरूको लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने ।

ग) विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सुक्ष्मपोषक तत्व प्रदायक ट्यावलेटहरू भिटामिन ए र आइरन चक्की, फोलिक एसिड आदिको वितरण र किशोरीहरूको महिनावारी स्वच्छताका लागि सेनेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाइने ।

घ) विद्यालयमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय र सहयोगमा संयुक्त कार्य योजना निर्माण गरी कार्यान्वयन गरिने,

ङ) दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी प्रभावकारी बनाइने ।

| क.स | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| १ | **गुणस्तरीय, पोषणयुक्त र सन्तुलित दिवा खाजा सुनिश्चित गर्ने** | • नेपाल सरकारको दिवा खाजा मापदण्डअनुसार मेनु निर्माण तथा कार्यान्वयन गर्ने ।<br>• खाद्यान्न, दलहन, हरियो तरकारी, फलफूल तथा प्रोटिनयुक्त खाद्य पदार्थको सन्तुलित प्रयोग गर्ने । |
| २ | **स्थानीय रैथाने बाली तथा कृषि उत्पादनको प्रवर्द्धन गर्ने** | • कोदो, फापर, मकै, जुनेलो, भटमास, सिमीलगायत रैथाने बालीलाई दिवा खाजामा समावेश गर्ने । |

| | | |
|---|---|---|
| | | • स्थानीय किसान, कृषक समूह, सहकारी तथा उद्यमीसँग साझेदारी गरी खाद्य सामग्री खरिद गर्ने ।<br>• विद्यालयमा करेसाबारी स्थापना तथा विस्तार गर्ने । |
| ३ | **खाद्य सुरक्षा, सरसफाइ र स्वास्थ्य मापदण्डको पालना गर्ने** | • भान्साकोठा, भण्डारण कक्ष तथा खानेपानीको व्यवस्थापनलाई मापदण्डअनुकूल बनाउने ।<br>• खाना पकाउने तथा वितरण गर्ने व्यक्तिलाई नियमित सरसफाइ तथा पोषणसम्बन्धी तालिम दिने ।<br>• विद्यार्थीहरूमा हात धुने, व्यक्तिगत  खाना पकाउने तथा वितरण गर्ने व्यक्तिलाई नियमित सरसफाइ तथा पोषणसम्बन्धी तालिम दिने ।<br>• सरसफाइ तथा स्वस्थ खानपानको बानी विकास गर्ने । |
| ४ | **पारदर्शी, उत्तरदायी र प्रभावकारी व्यवस्थापन प्रणाली विकास गर्ने** | • दिवा खाजा व्यवस्थापनसम्बन्धी स्पष्ट कार्यविधि तथा जिम्मेवारी निर्धारण गर्ने ।<br>• आय व्यय, खरिद तथा वितरण प्रक्रियालाई अभिलेखीकरण र सार्वजनिक गर्ने ।<br>• नियमित अनुगमन, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ सञ्चालन गर्ने । |
| ५ | **गुणस्तरीय दिवाखाजा व्यबस्थापनमा दिगोपना ल्याउन बहुपक्षीय साझेदारी तथा समुदायको सहभागिता  सुदृढ गर्ने** | • विद्यालय व्यवस्थापन समिति, अभिभावक, आमा समूह, सहकारी र स्थानीय सङ्घसंस्थालाई कार्यक्रमसँग आबद्ध गर्ने ।<br>• स्थानीय सरकार, शिक्षा, स्वास्थ्य, कृषि तथा पशु सेवा शाखाबीच समन्वय गर्ने ।<br>• सामुदायिक सहयोग र स्थानीय स्रोत परिचालनलाई प्रोत्साहन गर्ने ।<br>• दिवा खाजालाई पोषण शिक्षा, स्वास्थ्य शिक्षा र विद्यालय स्वास्थ्य कार्यक्रमसँग एकीकृत गर्ने । |

| | | |
|---|---|---|
| | | • नियमित स्वास्थ्य परीक्षण, उचाइ—तौल मापन तथा पोषण अवस्थाको अभिलेख राख्ने ।<br>• विद्यालय उपस्थितिदर, कक्षा सहभागिता र सिकाइ उपलब्धिसँग दिवा खाजाको प्रभाव मूल्याङ्कन गर्ने । |
| ७ | **क्षमता विकास तथा संस्थागत सुदृढीकरण गर्ने** | • प्रधानाध्यापक, शिक्षक, दिवा खाजा व्यवस्थापन समिति तथा खाना पकाउने कर्मचारीको क्षमता अभिवृद्धि गर्ने ।<br>• दिवा खाजा व्यवस्थापन सम्बन्धी तालिम, अभिमुखीकरण तथा अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गर्ने । |
| ८ | **दिगोपना र स्थानीय स्वामित्व सुनिश्चित गर्ने** | • विद्यालय तथा समुदायमा पोषणमैत्री वातावरण निर्माण गर्ने ।<br>• स्थानीय उत्पादन, स्थानीय सीप र स्थानीय स्रोतमा आधारित दिवा खाजा प्रणाली विकास गर्ने ।<br>• कार्यक्रमलाई दीर्घकालीन रूपमा सञ्चालन गर्न आवश्यक स्रोत तथा बजेट व्यवस्थापनगर्ने ।<br>• स्थानीय समुदायको सहभागीतामा विद्यालय भान्सा सञ्चालन गर्ने । |
| ९ | **सामूहिक भान्सा तथा पोषण बगैंचा स्थापना गरी विद्यालयमा गुणस्तरीय, पोषणयुक्त र दिगो खाद्य प्रणाली विकास गर्ने ।** | **१ विद्यालय सामूहिक भान्सा (School Community Kitchen) स्थापना तथा सञ्चालन**<br>• विद्यालयमा मापदण्डअनुसार विद्यालयहरूको सामूहिक भान्सा कक्ष स्थापना गर्ने ।<br>• भान्सा सञ्चालनका लागि विद्यालय, अभिभावक, समुदाय तथा स्थानीय सरकारको साझेदारी मोडेल विकास गर्ने ।<br>• भान्सा सञ्चालन तथा व्यवस्थापनका लागि "विद्यालय भान्सा व्यवस्थापन समिति" गठन गर्ने ।<br>• खाद्य सुरक्षा तथा सरसफाइ मापदण्ड पालना गरी खाना तयारी तथा वितरण गर्ने ।<br>**२ दिवाखाजा तथा सहुलियत भोजन सेवा सञ्चालन**<br>• प्रारम्भिक बालविकास तथा आधारभूत तहका बालबालिकालाई नेपाल सरकारले तोकेको मापदण्डअनुसार दिवाखाजा उपलब्ध गराउने ।<br>• अन्य विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई लागतमा |

| | | |
|---|---|---|
| | | आधारित सहुलियत मूल्यमा खाजा तथा भोजन उपलब्ध गराउने ।<br>• विद्यालय समयबाहेक विशेष कार्यक्रम तथा बैठकहरूमा समेत भान्सा सेवा उपयोग गर्न सकिने व्यवस्था गर्ने ।<br>**३ मूल्य निर्धारण तथा वित्तीय व्यवस्थापन**<br>• समुदाय तथा अभिभावकको सहभागितामा खाद्य परिकारको मूल्य निर्धारण गर्ने ।<br>• भान्साबाट प्राप्त आम्दानीलाई भान्सा सञ्चालन तथा व्यवस्थापन कोषमा जम्मा गर्ने ।<br>• प्राप्त आम्दानीबाट खाद्य सामग्री, ग्यास, भाँडाकुँडा, सरसफाइ सामग्री तथा आवश्यक जनशक्ति व्यवस्थापन गर्ने ।<br>• आय—व्यय अभिलेखीकरण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ नियमित गर्ने ।<br>**४ करेसाबारी स्थापना तथा उत्पादन व्यवस्थापन**<br>• प्रत्येक विद्यालयमा करेसाबारी स्थापना गरी मौसमी तरकारी, फलफूल तथा मसला बाली उत्पादन गर्ने ।<br>• विद्यालय परिसर वा उपलब्ध सार्वजनिक जग्गाको उपयोग गरी उत्पादन विस्तार गर्ने ।<br>• कृषि प्राविधिकको सहयोगमा जैविक खेती प्रवर्द्धन गर्ने ।<br>• उत्पादित तरकारी तथा फलफूललाई विद्यालय भान्सामा प्राथमिकताका साथ प्रयोग गर्ने ।<br>**५. स्थानीय उत्पादन र स्थानीय अर्थतन्त्र प्रवर्द्धन**<br>• स्थानीय किसान, कृषक समूह, सहकारी तथा महिला समूहसँग खाद्य सामग्री खरिद सम्झौता गर्ने ।<br>• स्थानीय रैथाने बाली (कोदो, फापर, जुनेलो, कागुनो, मकै, भटमास आदि) लाई नियमित मेनुमा समावेश गर्ने ।<br>• स्थानीय उत्पादनको प्रयोगमार्फत गाउँपालिकाभित्रको कृषि अर्थतन्त्रलाई सुदृढ गर्ने ।<br>**६. विद्यार्थी सहभागितामूलक सिकाइ कार्यक्रम**<br>• करेसाबारीलाई व्यवहारिक सिकाइ केन्द्रका रूपमा विकास गर्ने ।<br>• विज्ञान, स्वास्थ्य तथा कृषि विषयसँग करेसाबारीलाई एकीकृत गर्ने ।<br>**७ पोषण तथा स्वास्थ्य प्रवर्द्धन** |

| | | |
|---|---|---|
| | | • सन्तुलित भोजन, पोषण शिक्षा तथा स्वस्थ खानपानसम्बन्धी नियमित सचेतना कार्यक्रम गर्ने<br>• विद्यार्थीलाई तरकारी उत्पादन, कम्पोष्ट मल निर्माण, खाद्य सुरक्षा तथा पोषण शिक्षामा सहभागी गराउने ।<br>• विद्यार्थीहरूको उचाइ, तौल तथा पोषण अवस्थाको नियमित अभिलेख राख्ने ।<br>• कुपोषण जोखिम भएका बालबालिकाका लागि लक्षित पोषण सहयोग कार्यक्रम सञ्चालन गर्ने ।<br>**८. रोजगार तथा उद्यमशीलता प्रवर्द्धन**<br>• स्थानीय महिला समूह, आमा समूह वा सहकारीमार्फत भान्सा सञ्चालनलाई प्राथमिकता दिने ।<br>• विद्यालय भान्सालाई सामुदायिक सामाजिक उद्यम (Social Enterprise) का रूपमा विकास गर्ने ।<br>• स्थानीय स्तरमा रोजगारी सिर्जना तथा आयआर्जनका अवसर विस्तार गर्ने ।<br>**९ दिगोपना तथा स्वामित्व सुनिश्चित गर्ने**<br>• भान्सा सञ्चालनका लागि स्थानीय स्रोत, स्थानीय सीप र स्थानीय उत्पादनमा आधारित प्रणाली विकास गर्ने ।<br>• विद्यालय, समुदाय र स्थानीय सरकारबीच लागत साझेदारीको व्यवस्था गर्ने ।<br>• दीर्घकालीन सञ्चालनका लागि भान्सा कोष स्थापना गर्ने ।<br>**१०. अनुगमन तथा गुणस्तर सुनिश्चितता**<br>• खाद्य गुणस्तर, पोषण मापदण्ड तथा सरसफाइ अवस्थाको नियमित अनुगमन गर्ने ।<br>• विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा स्थानीय सरकारबाट संयुक्त अनुगमन गर्ने ।<br>• वार्षिकरूपमा कार्यक्रमको प्रभाव मूल्याङ्कन गरी सुधार योजना लागू गर्ने । |
| १० | सामुदायिक विद्यालयमा विद्यालय भान्सा तथा करेसाबारी कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि" तयार गर्ने | |

### ४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**अ) उपलब्धि**

क) विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधार सहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुनेछ ।

**आ) नतिजाहरू**

क) विद्यालय खाजालाई विद्यार्थीको अधिकारको रूपमा स्थापित गर्न कानूनी प्रबन्ध हुनेछ ।

ख) दिवा खाजालगायत स्वास्थ्य तथा पोषण तीन तह र अन्य क्षेत्र समेतको लागत साझेदारीमा व्यवस्थापन हुने गरी कानुनी मान्यता सहितको नियमक ढाँचा र कार्यान्वयनका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार हुनेछ ।

ग) प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा ८ सम्मको सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त हुनेछ ।

घ) सामुदायिक विद्यालयको आधारभूत तह कक्षा ८ सम्मका सबै कक्षाका विद्यार्थीहरूलाई अभिभावकको सहभागितामा दिवा खाजा वा खाना प्राप्त हुनेछ ।

ङ) विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा प्रयाप्त खानेपानी, साबुन तथा सफाई सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग—अलग शौचालय तथा युरिनल, किशारीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था हुनेछ ।

च) विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको स्वास्थ्य जाँच, जुकाको औषधि तथा शुक्ष्मपोषक तत्व प्रदायक किशारीहरूको मासिक महिनावारीमा सेनेटरी प्याड वितरण हुनेछ ।

छ) विद्यालयमा विद्यार्थीलाई स्वास्थ्य, खाद्य सुरक्षा, सफाई तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी आधारभूत शिक्षा प्राप्त हुनेछ ।

इ (प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलापहरू तथा लक्ष्य **क्रियाकलाप** | **इकाई** | **भौतिक लक्ष्य (५ वर्ष)** | | | | | **जम्मा** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **पहिलो वर्ष** | **दोस्रो वर्ष** | **तेस्रो वर्ष** | **चौथो वर्ष** | **पाँचौ वर्ष** | | |
| १ | नेपाल सरकारको दिवा खाजा मापदण्डअनुसार मेनु निर्माण तथा कार्यान्वयन गर्ने । | पटक | १ | | | | | | |
| २ | कोदो, फापर, मकै, जुनेलो, भटमास, सिमीलगायत रैथाने बालीलाई दिवा खाजामा समावेश गर्ने । | पटक | १ | | | | | | |
| | स्थानीय किसान, कृषक समूह, सहकारी, कृषि विकास उपशाखा तथा उद्यमीसँग साझेदारी गरी खाद्य सामग्री खरिद गर्ने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ४ | विद्यालय करेसाबारी स्थापना तथा विस्तार गरी फिल्ड प्रदर्शनी सिकाइ स्थलको स्थापना गर्ने । | पटक | | १ | १ | १ | ३ | ६ | |
| ५ | भान्सा कोठा, भण्डारण कक्ष तथा खानेपानीको व्यवस्थापनलाई | पटक | निरन्तर | निरन्तर | निरन्त | निरन्त | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | मापदण्डअनुकूल बनाउने । | | | | र | र | | | |
| ६ | खाना पकाउने तथा वितरण गर्ने व्यक्तिलाई नियमित सरसफाइ तथा पोषणसम्बन्धी तालिम दिने । | पटक | १ | | १ | | | २ | |
| ७ | विद्यार्थीहरूमा हात धुने, व्यक्तिगत खाना पकाउने तथा वितरण गर्ने व्यक्तिलाई नियमित सरसफाइ तथा पोषणसम्बन्धी सचेतना दिने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | दिवा खाजा व्यवस्थापनसम्बन्धी स्पष्ट कार्यविधि तथा जिम्मेवारी निर्धारण गर्ने । | पटक | १ | | | | | | |
| ९ | विद्यालय व्यवस्थापन समिति, अभिभावक, आमा समूह, सहकारी र स्थानीय सङ्घसंस्थालाई कार्यक्रमसँग आबद्ध गर्न अभिमुखीकरण गर्ने । | पटक | १ | | १ | | १ | ३ | |
| १० | स्थानीय सरकार, शिक्षा, स्वास्थ्य, कृषि तथा पशु सेवा शाखाबीच समन्वय गर्ने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ११ | सामुदायिक सहयोग र स्थानीय स्रोत परिचालनलाई प्रोत्साहन गर्ने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | दिवा खाजालाई पोषण शिक्षा, स्वास्थ्य शिक्षा र विद्यालय स्वास्थ्य कार्यक्रमसँग एकीकृत गर्ने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १३ | नियमित स्वास्थ्य परीक्षण, उचाइ—तौल मापन तथा पोषण अवस्थाको अभिलेख राख्ने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १४ | विद्यालय उपस्थितिदर, कक्षा सहभागिता र सिकाइ उपलब्धिसँग दिवा खाजाको प्रभाव मूल्याङ्कन गर्ने । | पटक | | १ | | १ | | २ | |
| १५ | प्रधानाध्यापक, दिवा खाजा व्यवस्थापन समिति तथा खाना पकाउने कर्मचारीको क्षमता अभिवृद्धि गर्ने । | पटक | १ | | १ | | १ | ३ | |
| १६ | स्थानीय सहभागीतामा विद्यालय भान्सा सञ्चालन गर्ने | पटक | १ | १ | १ | | | ३ | |
| १७ | भान्सा सञ्चालनका लागि विद्यालय, अभिभावक, समुदाय तथा स्थानीय सरकारको साझेदारी मोडेल विकास गर्ने । | पटक | १ | | | | | १ | |
| १८ | खाद्य सामग्री, ग्यास, भाँडाकुँडा, सरसफाइ सामग्री तथा आवश्यक जनशक्ति व्यवस्थापन गर्ने । | पटक | १ | | | | | १ | |
| १९ | स्थानीय स्तरमा उत्पादित तरकारी तथा फलफूललाई विद्यालय भान्सामा प्राथमिकताका साथ प्रयोग गर्ने । | पटक | १ | | | | | १ | |
| २० | करेसाबारीलाई व्यवहारिक सिकाइ केन्द्रका रूपमा विकास गर्ने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २१ | विज्ञान, स्वास्थ्य तथा कृषि विषयसँग पोषण बगैंचालाई एकीकृत गर्ने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २२ | विद्यार्थीहरूको उचाइ, तौल तथा पोषण अवस्थाको नियमित अभिलेख राख्ने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २३ | स्थानीय महिला समूह, आमा समूह वा सहकारीमार्फत भान्सा सञ्चालनलाई प्राथमिकता दिने । | पटक | | १ | | | | १ | |
| २४ | विद्यालय, समुदाय र स्थानीय सरकारबीच लागत साझेदारीको व्यवस्था गर्ने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २५ | दीर्घकालीन सञ्चालनका लागि भान्सा कोष स्थापना गर्ने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २६ | खाद्य गुणस्तर, पोषण मापदण्ड तथा सरसफाइ अवस्थाको नियमित अनुगमन गर्ने । | **पटक** | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २७ | वार्षिकरूपमा कार्यक्रमको प्रभाव मूल्याङ्कन गरी सुधार योजना लागू गर्ने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २८ | सामुदायिक विद्यालयमा विद्यालय भान्सा तथा पोषण बगैंचा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि" तयार गर्ने । | पटक | | | १ | | | १ | |

## ४.५ आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा

### ४.५.१ परिचय

विद्यालय सुरक्षाभित्र भवन तथा भौतिक संरचनात्मक सुरक्षाका साथै विपदजन्य महामारी र सामाजिक विभेद र हिंसाजन्य व्यवहारबाट सुरक्षा भन्ने बुझिन्छ । विद्यालय भवन तथा आन्तरिक संरचना, विद्यालय आउने जाने बाटो तथा अन्य संरचनाबाट बालबालिकाहरू दूर्घटना तथा जोखिममा पनि सक्दछन् । विद्यालयका भौतिक संरचनाहरू बालमैत्री नभएमा बालबालिकाको शिक्षण सिकाइ क्रियाकलापमा नकारात्मक प्रभाव परी उनीहरूको सिकाइ उपलब्धि कमजोर हुने, स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पर्ने जस्ता समस्या तथा र चुनौतीहरू आउन सक्दछन् । भूकम्प, बाढी/पहिरो, महामारी जस्ता प्राकृतिक विपत्तिको समयमा आम नागरिक तथा बालबालिका सुरक्षित राख्दै उनीहरूको नियमित शिक्षण सिकाइमा आउने कठिनाइ वा समस्यालाई न्यूनीकरण गर्ने सम्बन्धमा हरेक विद्यालयहरू संवेदनशील बनेर कार्य गनुपर्ने हुन्छ । त्यस्तै समय समयमा आइरहने सामाजिक तथा राजनैतिक द्वन्दको समयमा पनि बालबालिकाहरू प्रत्यक्ष प्रभावित हुने र बालबालिकाहरू हिंसा, बहिष्करण र वेवास्तामा पर्ने हुन्छन् । यस्ता अवस्थाहरूमा बालबालिकाहरूको जीवन रक्षा गर्दै उनीहरूको सिकाइमा नियमितता राख्नका लागि योजनाबद्ध तरिकाबाट कार्य गर्नुपर्ने भएको हुँदा यस योजनामा विद्यालय सुरक्षा र विपद व्यवस्थापन तथा आपतकालीन र संकटपूर्ण अवस्थामा शिक्षा पनि समावेश गरिएको छ ।

### ४.५.२ वर्तमान अवस्था

कोन्ज्योसोम गाउँपालिकामा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ लागू भएको भएता पनि विद्यालय क्षेत्रमा यसको कार्यान्वयन प्रभावकारीरूपमा भएको छैन । अधिकांश विद्यालय भवन तथा अन्य भौतिक संरचनाहरू भवन संहिता र सुरक्षाको दृष्टिकोणले भरपर्दो गरी निर्माण नभएको अवस्था रहेको छ । विगतमा आएका भूकम्प, बाढी पहिरो जस्ता प्रकोप कारणले गाउँपालिकाको धेरै विद्यालयका भौतिक संरचनाहरूमा जोखिम थपेको छ । प्रकोपको समयमा खाली जग्गा र खेलमैदानले शिक्षक, बालबालिका, विद्यालय कर्मचारी र वरिपरीका नागरिकहरूलाई आश्रय लिन सहजता प्रदान गर्दछ । गाउँपालिकामा विद्यालय सुरक्षा, विपद् न्यूनीकरण र उत्थानशीलता सम्बन्धमा केही पहलहरू भएको भएता पनि प्रभावकारी हुन नसकेको अवस्था रहेको छ । यस क्षेत्रमा संवेदनशील ढङ्गबाट विद्यालय सुरक्षा मापदण्ड तयार गरी बालबालिका तथा अभिभावकलाई सचेतनामूलक जानकारी र विपद् पूर्वतयारी क्षेत्रमा कार्य गर्नुपर्ने आवश्यकता देखिन्छ ।

**मुख्य समस्या** :

योजना तर्जुमा गर्ने क्रममा गरिएको सर्वेक्षण, सरोकारवालाहरूसँगको छलफल तथा योजना निर्माण कार्यशालाबाट प्राप्त सूचनाको आधारमा विद्यालय सुरक्षा र विपद् व्यवस्थापन तथा आपतकालीन र संकटपुर्ण अवस्थामा देहायका समस्या तथा चुनौतीहरू पहिचान गरिएको छः

| क्र.स. | मुख्य समस्याहरू |
|---|---|
| १ | विद्यालयमा भूकम्प प्रतिरोधी भवन, अग्नि सुरक्षा उपकरण र सुरक्षित प्रवेश-निकासको अभाव रहेको । |
| २ | अधिकांश विद्यालयहरूमा पुराना भवन तथा संरचनाहरू जोखिमपूर्ण रहेको । |
| ३ | विद्यालयमा वातावरण संरक्षण तथा हरित विद्यालय विकासका लागि नीतिगत व्यवस्थाको अभाव रहेको । |
| ४ | विद्यार्थी, शिक्षक र अभिभावकहरूमा सुरक्षासम्बन्धी सचेतनाको कमी रहेको । |
| ५ | विद्यालयहरूमा प्राकृतिक प्रकोपको जोखिम मूल्याङ्कन र नक्साङ्कन तथा जोखिम न्यूनीकरण कार्ययोजनाको अभाव रहेको । |
| ६ | विद्यालयहरूमा विपद् व्यवस्थापन र सुरक्षासम्बन्धी दक्ष जनशक्ति उपलब्धता नरहेको । |
| ७ | विद्यालयहरूमा आपतकालीन र संकटपुर्ण अवस्थामा सिकाइ निरन्तरताको योजना नभएको । |

**चुनौतीको विश्लेषणः**

कोन्ज्योसोम गाउँपालिकाका विद्यालयहरूमा विपद् व्यवस्थापनको अवस्था निकै चुनौतीपूर्ण देखिन्छ । भौगोलिक विकटता र भिरालो जमिनका कारण यहाँका अधिकांश विद्यालयहरूमा भूकम्प प्रतिरोधी भवन, अग्नि सुरक्षा उपकरण तथा सुरक्षित निकास मार्गको अभाव छ । पुराना र कमजोर भौतिक संरचनाहरूले गर्दा बालबालिकाहरू सधैं जोखिममा छन् ।

यस क्षेत्रमा वातावरणीय नीतिगत व्यवस्था, प्राकृतिक प्रकोपको जोखिम मूल्याङ्कन, र नक्साङ्कनको ठूलो कमी छ । साथै विद्यार्थी, शिक्षक र अभिभावकमा सुरक्षा सचेतना न्यून हुनुका साथै विद्यालयहरूमा विपद् व्यवस्थापनसम्बन्धी दक्ष जनशक्तिको अभाव छ । मनसुन र भूकम्प जस्ता आपतकालीन अवस्थामा सिकाइलाई निरन्तरता दिने ठोस कार्ययोजना नहुँदा बालबालिकाको भविष्य र सुरक्षा दुवै संकटमा परेको देखिन्छ ।

### ४.५.३ उद्देश्य

क) विद्यालय भवन तथा अन्य संरचना विपद् प्रतिरोधी र सुरक्षित बनाउने ।

ख) विद्यालयहरूमा वातावरण संरक्षण तथा उत्थानशीलता र विपद् न्यूनीकरण तथा व्यवस्थापनका लागि सचेतना बढाउने र पूर्वतयारी गर्ने ।

ग) हरेक विद्यालयमा विपद् व्यवस्थापन र सुरक्षासम्बन्धी दक्ष जनशक्ति तयारी र परिचालन गर्ने ।

घ) विद्यालयको विपद् व्यवस्थापनका लागि अन्य संस्थाहरूसँग सहकार्य तथा साझेदारी बढाउने ।

### ४.५.४ रणनीति

गाउँपालिकामा विद्यालय सुरक्षा, विपद व्यवस्थापन र आपतकालीन तथा संकटपुर्ण अवस्थामा समेत सिकाइमा निरन्तरता दिने लक्ष्य पुरा गर्नका लागि देहायअनुसारका रणनीति तथा कार्यनीतिहरू पहिचान गरिएको छः

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **अ. भूकम्प प्रतिरोधी संरचना** | |
| १. विद्यालयहरूमा भूकम्प प्रतिरोधी भवन निर्माण र सुरक्षा उपकरण जडान | विद्यालयहरूमा विपद् जोखिम नक्साङ्कन गरी विपद् न्यूनीकरण कार्ययोजना तर्जुमा गर्ने । |
| | विपद् जोखिम नक्साङ्कनबाट जोखिमपूर्ण देखिएका भवन तथा संरचनाहरू हटाउने र पून निर्माण गर्ने । |
| | विद्यालयमा बालबालिका, शिक्षक र कर्मचारीलाई विपद् जोखिमबाट बचाउन सुरक्षा प्रबन्ध मिलाउने । |
| **आ. विद्यालय वातावरण संरक्षण तथा उत्थानशीलता र विपद् न्यूनीकरण** | |
| १. विद्यालयहरूमा वातावरण संरक्षण, हरित विद्यालय तथा उत्थानशीलता र विपद् न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा सचेतनामूलक कार्य | एक विद्यालय एक बगैंचाको अवधारणा लागू गर्ने । |
| | विद्यालयमा शिक्षक तथा बालबालिकालाई वातावरण संरक्षण तथा उत्थानशीलता र विपद् न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा सचेतना कार्यक्रम सञ्चालन गर्ने । |
| २. विपद् व्यवस्थापन र सुरक्षासम्बन्धी दक्ष जनशक्ति तयारी र परिचालन | हरेक विद्यालयमा विपद् व्यवस्थापन र सुरक्षासम्बन्धी दक्ष जनशक्ति तयारी गर्न प्राविधिक सीप विकास तालिम सञ्चालन र परिचालन गर्ने । |
| | विद्यालय स्तरीय प्रतिकार्य योजना तयार गरी लागू गर्ने । |
| **इ. विपद् व्यवस्थापनका लागि अन्य संस्थाहरूसँग सहकार्य तथा साझेदारी** | |
| १. विपद् व्यवस्थापनका लागि अन्य संस्थाहरूसँग सहकार्य तथा साझेदारी विकास | विद्यालयको विपद् व्यवस्थापनका लागि अन्य संस्थाहरूसँग सहकार्य तथा साझेदारीका लागि सञ्जाल निर्माण र परिचालन गर्ने । |
| | विपद् पश्चात विद्यालयको संरचना र पूर्वाधार प्रयोगसम्बन्धी नीति तथा मापदण्डहरू निर्माण गरी कार्यान्वयन गर्ने । |

### ४.५.५ अपेक्षित उपलब्धि,नतिजा,क्रियाकलापहरू र लक्ष्य निर्धारण

#### क. अपेक्षित उपलब्धि/नतिजाहरू

क) भूकम्प प्रतिरोधी र सुरक्षित विद्यालय भवन तथा अन्य संरचना निर्माण भएको हुनेछ ।

ख) विद्यालयका शिक्षक, विद्यार्थी, अभिभावक तथा कर्मचारी वातावरण संरक्षण तथा उत्थानशीलता र विपद् न्यूनीकरण तथा व्यवस्थापनका आधारभूत सचेतना वृद्धि भएको हुनेछ ।

ग) हरेक विद्यालयमा विपद् व्यवस्थापन र सुरक्षासम्बन्धी दक्ष जनशक्ति तयार भएको हुनेछ ।

घ) विद्यालयको विपद् व्यवस्थापनका लागि अन्य संस्थाहरूसँग सहकार्य तथा साझेदारी भएको हुनेछ ।

## ख. क्रियाकलाप र लक्ष्य निर्धारण

| क्र स | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | |
| १ | आपतकालिन संकटकालिन अवस्थामा सिकाइ निरन्तरताका लागि स्थानीय सरकारको कार्यविधि विकास | पटक | १ | | | | | |
| २ | विपद् पश्चात विद्यालयको संरचना र पूर्वाधार प्रयोगसम्बन्धी नीति तथा मापदण्डहरू निर्माण र कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | आपतकालिन संकटकालिन अवस्थामा सिकाइ निरन्तरताका लागि विज्ञ व्यवस्थापन समित गठन | पटक | १ | | | | | |
| ४ | विद्यालयहरूको विपद् जोखिम नक्साङ्कन तथा विपद् न्यूनीकरण कार्ययोजना तर्जुमा र कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | जोखिमपूर्ण भवन तथा संरचनाहरू हटाउने, सबलीकरण र पूनः निर्माण | पटक | आवश्यकताअनुसार | आवश्यकता अनुसार | आवश्यकताअनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |
| ६ | विद्यार्थी, कर्मचारी, स्रोत शिक्षक तथा प्र.अ.लाई तालिम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | विपद् पूर्व तयारी, प्रतिकार्य, पुनस्थापना तथा उत्थानशिलताको लागि सचेतना कार्यक्रम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन योजना समावेश गरी अद्यावधिक | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ९ | विद्यालयको विपद् व्यवस्थापनका लागि सञ्जाल निर्माण र परिचालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १० | विद्यालय स्तरीय प्रतिकार्य योजना निर्माण र कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १२ | एक विद्यालय एक बगैंचा/जडिबुटी नर्सरी विकास कार्यक्रम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफल तोकिएको छ । बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ ।

### ४.६.२ वर्तमान अवस्था

कोन्ज्योसोम गाउँपालिकाभित्र हाल कुल विद्यालयको सङ्ख्या १८ मध्ये १७ सामुदायिक विद्यालय रहेका छन् । गाउँपालिकाभित्रका सबै सामुदायिक विद्यालयहरूमा गरी जम्मा ५२ विद्यालय भवन रहेकामा ४१ भवन पक्की छन् । ती भवनहरूमा जम्मा १६५ कक्षाकोठा सञ्चालनमा रहेका छन् भने करिब २० ओटा कोठा नपुग रहेको तथ्याङ्क रहेको छ । वडा नम्बर ३ मा रहेको ज्ञानज्योति आधारभूत विद्यालय २०८१ सालमा आएको विनाशकारी बाढीका कारण पूर्ण रूपमा क्षति भएर हालसम्म पनि अस्थायी सिकाइ केन्द्रमा (TLC) सञ्चालन भइरहेको छ । त्यसैगरी अन्य तीनवटा विद्यालयमा आंशिक क्षति भएको र त्यसको पुननिर्माण कार्य जारी रहेको छ । प्रधानाध्यापक लागि बेग्लै कोठा माध्यमिक विद्यालयमा मात्र देखिन्छ । ६ ओटा विद्यालयमा अलग्गै कम्प्युटरको कोठा रहेको छ । सबै विद्यालयमा गरी जम्मा शौचालयको सङ्ख्या करिव २५ ओटा रहेकोमा धेरै जसोमा पानीको राम्रो आपूर्ति भएको देखिदैन । यी विद्यालयहरूमा जम्मा १७ स्टाफ कोठा, ९ पुस्तकालय कोठा उपलब्ध छन् भने खेलकुद कोठाको व्यवस्था भएको छैन । ६ ओटा विद्यालयमा छुट्टै कोठामा विज्ञानका ल्यावहरू रहेका छन् । २०७२ सालमा गएको विनासकारी भुकम्पबाट करिव १५ विद्यालयहरूका करिव ६० भन्दा बढी कक्षाकोठामा क्षति पुगेको थियो । जसमध्ये हालसम्म विद्यालयहरू पुनर्निर्माण भइसकेका छन् भने १० विद्यालय निर्माण सम्पन्न भईसकेका छन् । संघीयता कार्यान्वयनभन्दा अघि तत्कालीन शिक्षा विभागमा भौतिक निर्माणसम्बन्धी काम गर्ने बेग्लै शाखा र सबै जिल्ला शिक्षा कार्यालयहरूमा प्राविधिक सहितको व्यवस्थापनमा विद्यालय शिक्षामा भौतिक पूर्वाधारको काम हुदै आएकोमा हाल शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा अति न्यून प्राविधिक कर्मचारीको व्यवस्था रहेको छ भने कार्यान्वयनको जिम्मेवारी स्थानीय तहहरूको रहेको छ भने निर्माणको मापदण्ड तथा आधार

संघीय तहबाट हुँदै आएको छ । यसबाट योजना र कार्यान्वयनमा तालमेल मिलाउन र सूचना प्राप्त गर्न चुनौती भइरहेको छ । विद्यालयका प्राथमिकता प्राप्त सक्षमताभित्र रहेको कक्षाकोठा, छात्राका लागि बेग्लै शौचालयसमेत हालसम्म पूर्ण हुन सकेको छैन । प्राथमिकता प्राप्त सक्षमता नै पर्याप्त पूर्वाधार हो वा होइन भन्ने पनि विचार गर्नु पर्ने छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्वयन गर्दा विद्यालयमा तहगत एवम् विद्यार्थी सङ्ख्याका आधारमा बन्नु पर्ने भौतिक पूर्वाधार (शिक्षण सिकाइ कक्ष, कार्यशाला/प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप एवम् खेलकक्ष, विद्यालय सभाहल, मञ्च, बगैचा, कम्प्युटर कक्ष, शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष) के र कति आवश्यक पर्ने हो र पूर्वाधार निर्माणको दायित्व सङ्घ, प्रदेश र स्थानीय तह कसले कसरी लिने हो भन्ने विषय स्पष्ट गर्नु आवश्यक देखिएको छ । विद्यालय शिक्षामा प्रयोग भएको पूर्वाधारका सन्दर्भमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन व्यवस्थापन प्रणालीमा आबद्ध भए तापनि पूर्वाधारको प्राविधिक एवम् वस्तुनिष्ठ आकलन गर्न सकिएको छैन ।

विद्यालयमा भौतिक पुर्वाधार निर्माण तथा मर्मतसम्भारको लागि केन्द्रबाट नियमितरूपमा सशर्त अनुदानलगायतबाट अनुदान प्राप्त भईरहेको तथा राष्टपति शैक्षिक सुधार कार्यक्रमबाट समेत अनुदान प्राप्त भईरहेको अवसर भए पनि विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेका देखिन्छनः

१.भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको आर्थिक श्रोत प्रर्याप्त नहुनु ।

२.पूर्वाधार विकास कार्यलाई गुणस्तरीय पारदर्शी एवम् जवाफदेही बनाउनु ।

३.सुरक्षित विद्यालय पूर्वाधार विकास एवम विस्तारका लागि मापदण्ड अनुसारको गुरु योजना विकास गर्नु ।

४.आवश्यक स्रोतको व्यवस्थापन गर्नु ।

५.पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गता र लैङ्गिक मैत्री बनाउनु ।

### ४.६.३ उद्देश्य

क) आवश्यक भौतिक पूर्वाधारको व्यबस्थापन गर्नु,

ख) पूर्वाधारहरूलाई पारदर्शी एवम् जवाफदेहीताका आधारमा बालमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री बनाउनु ।

ग) सुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड कार्यान्वयन गर्नु ।

### ४.६.४ रणनीतिहरू

क) पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड कार्यान्वयन गर्ने,

ख) विद्यालय पूर्वाधार विकासका लागि विभिन्न सङ्घसंस्था एवम् सरोकारवालाहरूसँग लागत साझेदारी गर्ने,

ग) भौतिक संरचनाको तथ्याङ्कका आधारमा आवश्यक पूर्वाधार थप गर्न योजना निमार्ण गरी कार्यान्वयन गर्ने

घ) प्रकोपबाट प्रभावित भएका विद्यालय भवनलाई वैकल्पिक व्यवस्था गरी स्तरोन्नती गर्ने,

ङ) विद्यालका संरचनाको मर्मत सम्भार गर्ने,

च) विद्यालयको भवन तथा भौतिक पुर्वाधारलाई विपत जोखपम मुक्त, सुरक्षित र हरित बनाइने,

छ) विद्यालयलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गमैत्री र हिंसा रहित सुरक्षित सिकाइ केन्द्रको रूपमा विकास गर्ने ।

### ४.६.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरू र लक्ष्य

**अ) उपलब्धि**

क) सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने ।

**आ) नतिजा**

क) आवश्यक भौतिक पूर्वाधारको व्यबस्थापन भएको हुने ।

ख) पूर्वाधारहरूलाई पारदर्शी एवम् जवाफदेहीताका आधारमा बालमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री बनाइएको हुने ।

ग) सुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड कार्यान्वयन गरिएको हुने ।

## इ) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | लक्ष्य | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | ५ वर्ष | १० वर्ष |
| १ | २०८१ सालको बाढीको कारण क्षति भएका विद्यालयहरूको संरचना पुनःनिर्माण तथा मर्मत | | १ | २ | | | | | |
| २ | विद्यालयमा नयाँ भौतिक संरचना निर्माण ( शौचालय) | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | |
| ३ | विद्यालयमा नयाँ भौतिक संरचना निर्माण ( भवन, कक्षाकोठा) | सङ्ख्या | ३ | ४ | ५ | ६ | २ | २० | |
| ४ | विद्यालयमा नयाँ भौतिक संरचना निर्माण (घेराबार) | सङ्ख्या | | २ | २ | २ | २ | ८ | |
| ५ | विद्यालयमा नयाँ भौतिक संरचना निर्माण (खानेपानी) | सङ्ख्या | २ | ३ | ४ | ५ | ३ | १७ | |
| ६ | विद्यालयमा नयाँ भौतिक संरचना निर्माण ( खेलमैदान) | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | |
| ७ | विद्यालयमा नयाँ भौतिक संरचना निर्माण ( सभाहल) | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | |
| ८ | विद्यालयमा चमेना गृह निर्माण | | १ | ३ | ३ | २ | २ | १२ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | निर्माण भएका संरचनाको मर्मत सम्भार | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निर न्तर | |
| १० | बालमैत्री प्रविधिमैत्री र समतामुलक भवन कक्षाकोठा व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्त र | |
| ११ | विज्ञ समुहमार्फत विद्यालयको स्थलगत अनुगमन, विनियोजित रकमको कार्यान्वयन र मूल्याङ्कन | पटक | आवश्यकता अनुसार | | | | | | |

# ४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि

## ४.७.१ परिचय

सुचना र प्रविधि अहिलेको आधुनिक परीवेशमा अपरिहार्य विषय बनेको छ । प्रविधिमा भएका नयाँ नयाँ आविष्कारले सुचना र प्रविधिलाई हरेक क्षेत्रमा अनिवार्य विषय बनाएको छ । सुचना प्रविधिका कुरा अहिलेको पाठ्यक्रममा आधारभूत तहबाट नै लागु भएको छ । सूचना प्रविधिको विकास बिना समाजको विकास र सार्वजनिक सेवा प्रवाह नै प्रभावित हुने भएकाले यो पक्षमा सुधार हुन जरुरी छ । यसका लागि विशेष गरी विद्यालय तहमा प्रभावकारी सुचना प्रविधिसम्बन्धी अभ्यासहरू हुन जरुरी छ । विद्यालयको प्रशासनिक गतिविधि, लेखा प्रणाली र विद्यार्थी सिकाइमा कम्प्युटर प्रणालीको आधारभूत ज्ञानका हुन जरुरी छ ।

कोभिड-१९को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ । विभिन्न प्रकारका विपद् र महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा सञ्चार प्रविधिले महत्वपूर्ण सहयोग गर्न सक्दछ । यस सन्दर्भमा भइरहेको क्षमताको आधारमा अनलाइन तथा अफलाइनलगायतका भर्चुअल माध्यम प्रयोग गरी सिकाइलाई निरन्तरता दिन खोजिए पनि पर्याप्त सक्षमता र संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन । यद्यपि केहि विद्यालयहरूले यसको सुरुवात गरेता पनि यस्तो अवस्थामा सबैका लागि यस पहुँच पुग्ने गरी शिक्षामा सूचना र सञ्चार प्रविधिको विकास गर्नु चुनौतीपूर्ण कार्य रहेको छ । शिक्षा प्रशासनका नियामक निकाय र सरोकारबालाहरूले सुचना प्रविधिलाई प्रयोगमा ल्याउनु त आजको पहिलो आवश्यकता हो । प्रविधिलाई प्रयोगमा ल्याउन सबैभन्दा पहिले यसको प्रयोग कसरी गर्ने भन्ने कुरा महत्वपूर्ण छ । यसको अर्थ प्रविधिलाई प्रयोग गर्न जान्ने जनशक्ति तयार हुन जरुरी छ । प्रविधिको ज्ञान भए पश्चात सामग्री व्यवस्थापन अर्को महत्वपूर्ण पाटो हो ।

सबै नागरिकहरूमा देश विकासका लागि आवश्यक ज्ञान तथा सिप विकास गराउनु र नेपाललाई विश्वव्यापी समुदायमा आवद्ध गराउनु शिक्षाको दीर्घकालिन उद्धेश्य रहेको छ । विश्व प्रतिस्पर्धी, श्रमवजारको माग अनुरूपको जनशक्ति उत्पादनको लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा जोड दिनु अपरिहार्य छ । विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरूबीच देखिएको शैक्षिक गुणस्तरको दुरी घटाउन एवम् विश्व ज्ञानभण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न, विशेष गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ ।

नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफनो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सुचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाइ सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ । त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना कार्यान्वयन गर्नेलगायतका नीतिहरू उल्लेख गरेको छ । डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गरेको छ । नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्वन्धी नीतिहरू उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थपनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना २०१३/२०१७ ले १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि इनटरनेट कनेक्टिभिटी सहित सूचना प्रविधका संरचनाका विकास तथा प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रम समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल सामग्री आदानप्रदान गर्न प्लेटफर्म बनाउने उल्लेख गरेको छ । त्यसै गरी निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने, स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका थिए ।

### ४.७.२ वर्तमान अवस्था

कोन्ज्योसोम गाउँपालिकामा रहेका १७ ओटै सामुदायिक विद्यालयहरूमा सुचना तथा सञ्चार प्रविधिको न्यूनतम प्रयोग भइरहेको छ । करिब सबै विद्यालयहरूमा कम्प्युटर तथा इन्टरनेटको आधारभूत सुविधा रहेको छ । गाउँपालिकाभित्र रहेका ६ ओटै माध्यमिक विद्यालयहरूमा जम्मा १० वटा (Intrractive Smartboard) स्मार्ट बोर्डहरूको प्रयोग गरी शिक्षण सिकाइ भइरहेको छ । त्यसैगरी कतिपय विद्यालयका केही कक्षा कोठाहरूमा स्मार्ट टिभीको समेत प्रयोग भएको पाइन्छ । यस तथ्यलाई हेर्दा गाउँपालिकामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग शिक्षण सिकाइमा न्यून रहेको देखिन्छ । इन्टरनेटको व्यवस्था गर्न सबै सामुदायिक विद्यालयलाई वर्षेनि माध्यमिक विद्यालयलाई २० हजार र आधारभूत विद्यालयलाई (कक्षा १-८) १५ हजार र (कक्षा १-५) १२ हजार रकम उपलब्ध गराउने गरिएको छ । विद्यालय क्षेत्र विकास योजनाको समयावधिमा प्रत्येक माध्यमिक विद्यालयमा एउटा सूचना प्रविधि ल्याब स्थापना गर्ने नीति अनुरूप हालसम्म यस गाउँपालिकाका सबै सामुदायिक माध्यमिक विद्यालयमा क्यम्प्यूटर ल्याब स्थापना भइसकेको छ । कक्षा ४ देखि १० सम्म विज्ञान तथा प्रविधि विषयमा सूचना तथा संचार प्रविधिलाई विषयवस्तुकोरूपमा स्वीकार गरिएको छ भने यसलाई शिक्षण सिकाइको माध्यमकोरूपमा पनि स्वीकार गरिएकोले सोहिअनुसार पूर्वाधार निर्माण र प्रयोगको सुरुवात भइरहेको छ ।

सबै विद्यालयहरूमा वैकल्पिक माध्यमबाट विद्यार्थीको सिकाइ सहजीकरण गर्न इन्टरनेट जडानका लागि सबै सामुदायिक विद्यालयहरूलाई अनुदान समेत उपलब्ध गराइएको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले निर्माण र विकास गरेका डिजिटल सामग्रीको प्रयोगमा विद्यालय, शिक्षक र विद्यार्थीले आफ्नो पहुँच र प्रभावकरिता वृद्धि गर्दै लगेको पाइन्छ । विद्यालयको सम्पूर्ण तथ्याङ्कलाई शैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS) मा प्रविष्ट गर्ने कार्यलाई समेत प्रभावकारी बनाइएको छ । भर्चुअल माध्यमबाट तालिम र गोष्ठी सञ्चालन हुने गरेका छन् । गत वर्ष कोन्ज्योसोम गाउँपालिकाले सामुदायिक विद्यालयका सम्पूर्ण प्रधानाध्यापकहरूलाई आइसिटीसम्बन्धी तालिम सञ्चालन गरेर शिक्षकहरूलाई सूचना प्रविधिमा क्षमता विकास गरी प्रविधिमैत्री बन्न सहयोग गरेको थियो ।

कोभिड १९ को समयमा विद्यालय लामो समय बन्द रहँदा अनलाइन कक्षाको महत्त्व बढेर गएको हो । सूचना र सञ्चार प्रविधिको प्रयोगले सङ्कटको समयमा मात्र नभई नियमित सिकाइ गतिविधिमा समेत यसको महत्त्व र प्रभावकारिता बढ्दै गएको छ ।

कोन्ज्योसोम गाउँपालिकाका केही विद्यालयहरूका कक्षा कोठामा इन्टरएक्टिभ प्यानल बोर्ड समेतले प्रवेश पाएको अवस्था छ । विद्यार्थीहरू विद्यालयहरूका आइसिटी ल्याबमा बसेर सूचना र प्रविधि ज्ञान सिक्ने

स्थापना भएका छन् ।गाउँभित्रका विद्यालयका कक्षा कोठामा शिक्षण सिकाइ सहजीकरणका लागि प्रोजेक्टर, ल्यापटप, मोबाइल, अडियो जस्ता सामग्रीको प्रयोग बढ्दै गएको छ । हालको अवस्थाले बिहानीको सङ्केत त अवश्य दिन्छ तर यसमा समयानुकूल थप विस्तार विकास गर्न प्राथमिकता दिनुपर्दछ । कक्षाकोठालाई रुचिकर साथै सूचना तथा प्रविधिमा आधारित बनाई सिकाइमा प्रभावकरिता ल्याउन विशेष योजना बनाउनु आवश्यक छ ।

### ४.७.३ उद्देश्य

क) सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग र पहुँच विस्तार गर्नु,

ख) शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउनु ,

ग) शिक्षण सिकाइ, विद्यालय प्रशासनिक कार्य , योजना निर्माण तथा विभिन्न अन्य क्रियाकलापहरूमा AI को प्रयोगमा सक्षम बनाउनु ,

### ४.७.४ रणनीतिहरू

क) सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने,

ख) विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाउने,

ग) शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,

घ) शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने,

ङ) शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने,

च) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई AI सम्बन्धी तालिमको व्यवस्थापन गर्ने,

### ४.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**अ) उपलब्धि**

क) विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भइ सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार भइ सुशासन प्रबर्द्धन हुने ।

**आ) नतिजा**

क) सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भइ सबैको पहुँच पुग्ने,

ख) विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने,

ग) सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेको हुने,

घ) सूचना प्रविधिमा आधारित शिक्षक कर्मचारी तालिम र सहायता प्रणालीको विकास तथा सञ्चालन हुने,

ङ) सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुदृढ हुने,

च) सूचना प्रविधिको प्रयोगले व्यवस्थापन र सुशासनमा सुधार आउने,

छ) सबै विद्यालयहरूमा AI को प्रयोग गरेर शिक्षण सिकाइ क्रियाकलाप सन्चालन गरिएको हुने,

### इ) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिकलक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | |
| १ | विद्यालयमा ICT ल्याब संरचना विस्तार | वटा | १ | १ | १ | १ | १ | ५ | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | वटा | १७ | | | | | १७ | |
| ३ | शिक्षकहरूको क्षमता विकास (अनुगमन समितिको सिफारिस अनुसार) | जना | ४० | ४० | ४० | ४० | २५ | १८५ | |
| ४ | IEMIS व्यवस्थापन तालिम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ५ | विद्यालमा इ हाजिरी व्यवस्थापन | वटा | ६ | ५ | ५ | | | १६ | |
| ७ | माध्यमिक विद्यालयका अनिवार्य विषयहरूको भर्चुअल कक्षा | पटक | १ | १ | १ | १ | २ | ६ | |
| ८ | प्रविधि मैत्री सिकाइकालागि टेलिभिजन व्यवस्थापन | वटा | १० | १० | १० | १० | १० | ५० | |
| १० | प्रविधि मैत्री सिकाइका लागि AI युक्त Smart Board | वटा | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| ११ | e-library कम्प्युटर ल्याबलाई क्षमता विकास गरी संचालन गर्ने | वटा | १ | १ | १ | १ | २ | ६ | |
| १२ | एक शिक्षक एक ल्यापटप कार्यक्रम कार्यान्वयन गर्ने ( पालिकाले बैंकसँग सम्झौता गरेर पनि गर्न सक्ने ) | वटा | ३० | ३० | ३० | ३० | ३० | १५० | |
| १३ | AI लाई सिकाई स्संगा जोड्ने र सुरक्षित प्रयोगसम्बंन्धि सचेतना | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १४ | विद्यालयमा इन्टरनेट सुरक्षा तथा साइबर सेक्युरिटीसम्बन्धी विद्यार्थी तथा शिक्षाका लागि सचेतना कार्यक्रम ( बाल क्लब , प्रहरी , गैरसरकारी संस्था ) सँगको साझेदारीमा गर्न सकिने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| १५ | कम्प्युटरसम्बन्धी दक्ष शिक्षकको व्यबस्थापन | जना | अवाश्क्ता नुसार | अवाश्क्ता नुसार | अवाश्क्ता नुसार | अवाश्क्ता नुसार | अवाश्क्ता नुसार | | |

# परिच्छेद ५ अन्य उपक्षेत्र

## ५.१ विद्यालय समायोजन तथा एकीकरण

### ५.१.१ वर्तमान अवस्था :

कोन्ज्योसोम गाउँपालिकाभित्रको शैक्षिक अवस्था राज्यले विद्यालय शिक्षाको क्षेत्रमा गरेको लगानीको अनुपातमा विद्यालयको उन्नति र शैक्षिक स्तरमा आशातीत प्रगति भएको देखिँदैन । राज्यकोषबाट प्राप्त रकममध्ये अधिंकाश रकम शिक्षकहरूको तलबभत्तामा खर्च हुन्छ । विद्यालयले स्थानीय स्तरबाट स्रोतहरू जुटाउन सक्ने अवस्था नभएकाले अन्य शैक्षिक उन्नयनका कामहरू सम्पादन भएको पाइँदैन । यसको प्रमुख कारण स्रोतको अभावका साथै स्रोतको पहिचान र प्रभावकारी व्यवस्थापनको अभाव नै हो ।

कोन्ज्योसोम गाउँपालिकामा हाल कक्षा १२ सम्म सञ्चालित ३ ओटा, कक्षा १० सम्म सञ्चालित ३ ओटा, कक्षा ८ सम्म सञ्चालित ५ ओटा र कक्षा ५ सम्म सञ्चालित ६ ओटा गरी कुल १७ ओटा सामुदायिक विद्यालयहरू रहेका छन् । कोन्ज्योसोम गाउँपालिकाले गरेको big school model को सम्भाव्यतासम्बन्धि अध्ययन प्रतिवेदन २०८२ लाई अध्ययन गर्दा हालका वर्षहरूमा यहाँ सञ्चालित विद्यालयहरूमा विद्यार्थी सङ्ख्या घट्दै गएको, विषयगत शिक्षक र आवश्यक जनशक्तिको अभाव तथा आधारभूत भौतिक संरचनाको अभाव जस्ता समस्याहरू टड्कारो रूपमा देखापरेका छन् । प्रविधिमैत्री शिक्षा प्रणालीका लागि आवश्यक पर्ने पुस्तकालय, कम्प्युटर प्रयोगशाला, विज्ञान प्रयोगशाला जस्ता शैक्षिक पूर्वाधारका सुविधाहरू अधिकांश विद्यालयमा पर्याप्त मात्रामा उपलब्ध छैनन् । यी सबै समस्याहरूले विद्यालयको प्रभावकारिता र शिक्षाको गुणस्तरमा प्रत्यक्ष प्रभाव पारिरहेको छ । यस्तो अवस्थामा विद्यालयहरूको पुनर्संरचनामार्फत सीमित स्रोतसाधनको अधिकतम उपयोग गर्दै गुणस्तरीय तथा पहुँचयोग्य शिक्षा उपलब्ध गराउन आवश्यक कार्य हुन आवश्यक छ ।

अतः यी विद्यालयहरू पुनर्संरचना गरी शैक्षिक गुणस्तर कायम गर्ने अभिप्रायले विद्यालय समायोजन गरी श्रोत तथा साधनको पुनर्व्यबस्थापन गर्नु पर्ने आवश्यकता छ । घट्दो विद्यार्थी सङ्ख्या र असन्तुलित श्रोत साधन विद्यालय समायोजनको प्रमुख कारण रहेको देखिन्छ । दुरी र भौगोलिक अवस्थालाई ख्याल गर्दै विद्यालयहरूको समायोजन मार्फत श्रोत र साधनलाई पुनर्संरचना गर्दै प्रत्येक वडामा सुबिधा सम्पन्न ठुला विद्यालय बनाउँदा गुणस्तरीय शिक्षा प्रदान गर्न आवश्यक जनशक्ति तथा पूर्वाधारको उपलब्धता हुन् सक्ने तथ्य प्रतिवेदनहरूले औंल्याएका छन् ।

| क्र स. | वाडा नं | विद्यालय | हाल कायम रहेको तह | **Big school model को सम्भाव्यतासम्बन्धी अध्ययन प्रतिवेदन २०८२ले सिफारिस गरेको तह** |
|---|---|---|---|---|
| १ | १ | वनस्पति आ वि | १-५ | १-५ |
| २ | १ | कालीसेतीदेवी आ वि | १-७ | १-५ |
| ३ | १ | ज्ञानोदय आ वि | १-८ | १-८ |
| ४ | १ | बाघ भैरब मा वि | १-१० | १-१० |
| ५ | २ | कालीदेवी आ वि | १-५ | १-३ |
| ६ | २ | भुमिथुम्का आ वि | १-८ | १-५ |
| ७ | २ | सरस्वती मा वि | ११०- | १-८ |
| ८ | २ | मगरगाउँ मा वि | १-१२ | १-१२ |
| ९ | ३ | ज्ञान ज्योति आ वि | १-५ | १-३ |
| १० | ३ | बुद्द आ वि | १-५ | १-३ |
| ११ | ३ | जनहित आ वि | १-५ | बालविकास |
| १२ | ३ | गोठ भन्ज्याङ् मा वि | १-१२ | १-१२ |
| १३ | ४ | महांकाल आ वि | १-५ | १-३ |
| १४ | ४ | देवी आ वि | १-८ | १-५ |
| १५ | ४ | गुसेस्वर मा वि | १-१० | १-१० |
| १६ | ५ | गुसेश्वर आ वि | १-८ | १-५ |
| १७ | ५ | बालेश्वरी मा वि | १-१२ | १-१२ |

**५.१.२ लक्ष्य :**

घट्दो विद्यार्थी सङ्ख्या र असमान दरवन्दीलाई व्यबस्थापन गर्न विद्यालय समायोजन मार्फत सबै विद्यालयमा समान जनशक्ति व्यबस्थापन र गुणस्तर अभिवृद्धि गर्नु ,

**५.१.३ उद्देश्य:** यस शिक्षा योजनाका उद्देश्य तपसिल अनुसार रहेका छन्:

१) विद्यालयहरूको दुरीको वैज्ञानिक नक्साङ्कन गरी समायोजन गर्नु ,
२) घट्दो शिक्षक विद्यार्थी अनुपातलाई मिलाउनु ,
३) गुणस्तरीय सिकाइलाई सुनिस्चित गर्नु ,
४) श्रोत र साधनको कुशल व्यबस्थापन गर्नु ,
५) प्रत्येक वडामा सुविधा सम्पन्न नमुना ठुला विद्यालय सन्चालन गर्नु ,

**५.१.४ चुनौती :**

कोन्ज्योसोम गाउँपालिका भौगोलिक हिसाबले पहाड नै पहाड भएको भूगोलमा अवस्थित छ ।एउटा डाँडादेखि अर्को डाँडासम्मको दुरी हेर्दा कम देखिए पनि बीच बिचमा हुने झरना खोल्सा कठिन भौगोलिक बनोट भएकाले ससाना बालबालिकालाई विद्यालय आउन जान जोखिमपूर्ण अवस्था छ । वर्षाद्को समयमा अभिभावकहरू पनि विद्यार्थी विद्यालय गए पछी फर्केर नआउन्जेल डराउनु पर्ने अवस्था छ ।धेरै विद्यालय भएतापनि स साना केटाकेटीलाई कतिपय भूगोलमा विद्यालय आउन जान कठिनाई रहेको अध्ययन प्रतिवेदनहरूले पनि देखाएका छन् । गाउँपालिकाभित्रका सबै विद्यालयहरूमा वर्षाको समयमा विद्यालय सुरक्षित भए पनि आउने जाने विद्यार्थीकालागि खोलाको समस्याका रहेको देखिन्छ ।एकातिर विद्यालय समायोजन गरी एकीकृत विद्यालय सन्चालन गर्नु पर्ने आवश्यकता देखिन्छ भने अर्को तिर बालविकास केन्द्र थप गर्नु पर्ने देखिन्छ ।

शैक्षिक गुणस्तर कायम गर्न पनि उतिकै चुनौती रहेको देखिन्छ ।कमजोर भौतिक संरचना, श्रोत साधनको कमि जनशक्तिको अपर्याप्तता जस्ता समस्या पनि उतिकै चुनौतीपूर्ण छन् ।अभिभावकको अंग्रेजी शिक्षाप्रतिको चाहनालाई पुरा गर्न नसक्नुले पनि धेरै विद्यार्थी गाउँका विद्यालय छाडेर संस्थागत विद्यालयतर्फ अध्ययन गराउन अभिभावकको झुकाब देखिएको छ ।गाउँ मै अंग्रेजी माध्यममा विद्यालय सन्चालन गर्न जनशक्तिको अभाब र जनशक्तिको क्षमता विकास ठुलो चुनौतीका रूपमा रहेको छ । गाउँ नै पिच्छे विद्यालय हुने तर पर्याप्त श्रोत साधन नहुने कारणले गर्दा विद्यालयले सोचे जस्तो गुणस्तर प्रदान गर्न सकेको छैन भने अर्कातिर अभिभावकहरूको पनि सामुदायिक विद्यालय प्रति सकारात्मक धारणाको विकास गराउन चुनौती रहेको छ ।

### ५.१.५ रणनीति

१) सबै विद्यालय नक्साङ्कन गरी विद्यार्थी सङ्ख्याका आधारमा तह/कक्षा समायोजन गर्ने ।
२) विद्यार्थी सङ्ख्या कम भएको तर नजिकको दुरीमा अर्को विद्यालय भए समायोजन गर्ने ।
३) विद्यालयको भौतिक अवस्था पहिचान गरी विद्यालय सन्चालनको मोडेल (मर्ज वा समायोजन) तय गर्ने ।
४) बहुकक्षा बहु शिक्षण (MGML) मोडेल लागु गर्ने
५) सुविधा सम्पन्न विद्यालयको सेवा सबैको पहुँचमा ल्याउने नियमित अनुगमन र मूल्याङ्कन गर्ने
६) समान शैक्षिक मापदण्ड लागू गर्ने ।

**५.६ अपेक्षित उपलब्धि** : विद्यालय समायोजन पश्चात गाउँपालिकाभित्रका विद्यालयमा :

क) विद्यार्थी सङ्ख्या र शिक्षकको अनुपात मिलेको हुनेछ ।
ख) श्रोत र साधनको सहि तरिकाले प्रयोग गरी सबैको पहुचमा गुणस्तरीय शिक्षाको अवसर प्राप्त भएको हुनेछ ।
ग) प्रत्येक वडामा सुबिधा सम्पन्न ठूला नमूना विद्यालय हुनेछन् ।
**घ)** अभिभावक र विद्यार्थीको अपेक्षा अनुसारको सिकाइ भइ सन्तुष्ट भएका हुनेछन् ।

## ५.१.७ प्रमुख क्रियाकलाप

| क्र सं. | कार्यनीति | क्रियाकलाप | लक्ष्य एकाई | २०८३०८/४ देखि २०८८०८/९ सम्म | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| १ | सबै विद्यालय नक्साङ्कन गरी विद्यार्थी सङ्ख्याका आधारमा तहकक्षा समायोजन / गर्ने। | बिग विद्यालय प्रतिवेदनलाई विश्लेषण गरी कार्ययोजना निर्माण गर्ने । | पटक | १ | | | | | |
| | | गाउँपालिका भित्र रहेका ६ ओटा माध्यमिक विद्यालयलाई ५ ओटा वडामा १ १ ओटा सुविधा / सम्पन्न विद्यालय कायम गर्ने। | पटक | | १ | १ | १ | २ | |
| | | विग विद्यालयको मोडेलमा जान असहज भूगोलमा लिडर र फिडर विद्यालयको मोडेल सन्चालन गर्ने । | पटक | आवश्यकता अनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | |
| | | विद्यार्थीको आवश्यकताका आधारमा यातायात सुविधा उपलब्ध गराउने | पटक | आवश्यकता अनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | |
| | | विद्यार्थीको आवश्यकताका आधारमा आवास सुविधा उपलब्ध गराउने | पटक | आवश्यकता अनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | |
| | | दिवा छात्रावासको अवधारणा कार्यान्वयन गर्ने | पटक | आवश्यकता अनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | विद्यार्थी सङ्ख्या कम भएको तर नजिकको दुरीमा अर्को विद्यालय भए समायोजन गर्ने । | श्रोत साधन र जनशक्ति कम भइ माथिल्लो कक्षा , सन्चालनगर्न असहज विद्यालय हरूपहिचान गरी क्रमिकरूपमा तह घटाउदै लाने । | पटक | आवश्यकता अनुसार | आवश्यक ताअनुसार | आवश्यक ताअनुसार | आवश्यक ताअनुसार | आवश्यक ताअनुसार | |
| | | २विद्यालय विद्यालय विचको दुरी हेरी साना कक्षा ( साविककोस्थानमा सन्चालन गर्ने तर ठुला कक्षाहरू प्रतिवेदनले सिफारिस गरेको विद्यालयमा सन्चालन हुने प्रबन्ध मिलाउने । | पटक | आवश्यकता अनुसार | आवश्यक ताअनुसार | आवश्यक ताअनुसार | आवश्यक ताअनुसार | आवश्यक ताअनुसार | |
| | | भौगोलिक जटिलतालाई पनि आधार मानि विद्यालय समायोजन गर्ने आवश्यक भए कक्षा थप गर्न पनि सकिने | पटक | आवश्यकता अनुसार | आवश्यक ताअनुसार | आवश्यक ताअनुसार | आवश्यक ताअनुसार | आवश्यक ताअनुसार | |
| ३ | विद्यालयको भौतिक अवस्था पहिचान गरी विद्यालय सन्चालनको मोडेल मर्ज वा ) गर्ने (समायोजन। | विद्यालयको एकीकरण तथा समायोजन पश्चात भौतिक सेवा सुविधा कम भएका विद्यालयमा न्यूनतम सेवा सुविधा उपलब्ध गराउने । | पटक | आवश्यकता अनुसार | आवश्यक ताअनुसार | आवश्यक ताअनुसार | आवश्यक ताअनुसार | आवश्यक ताअनुसार | |
| | | ल्याबशौचालय ,खानेपानी ,, खेलमैदान , पुस्तकालय लगायतका पूर्वाधार विकास गरी सुरक्षित सिकाइ वातावारण तयार पर्ने। | पटक | आवश्यकता अनुसार | आवश्यक ताअनुसार | आवश्यक ताअनुसार | आवश्यक ताअनुसार | आवश्यक ताअनुसार | |
| ४ | बहुकक्षा बहु शिक्षण )MGMLमोडेल लागु ( गर्ने। | जनशक्ति कम भइ शिक्षण सिकाइ क्रियाकलाप प्रभाबकारी हुन नसकेका विद्यालय MGML मोडेल लागु गर्ने | सङ्ख्या | १ | १ | १ | १ | १ | |
| | | जनशक्ति तयार गर्न तालिम बन्दोबस्त गर्ने | पटक | आवश्यकता | आवश्यक | आवश्यक | आवश्यक | आवश्यक | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अनुसार | ताअनुसार | ताअनुसार | ताअनुसार | ताअनुसार | |
| | | आवश्यक सामग्रीको व्यबस्थापन गरिदिने | पटक | आवश्यकता अनुसार | आवश्यक ताअनुसार | आवश्यक ताअनुसार | आवश्यक ताअनुसार | आवश्यक ताअनुसार | |
| ५ | नियमित अनुगमन , सुपरिवेक्षणर मूल्याङ्कन गर्ने । | प्रधानाध्यापक , वडा शिक्षा समिति, गाउँ शिक्षा समिति, गाउँपालिकाभित्रका शिक्षकको विज्ञ टोलीको सहयोगमा पृष्ठपोषणसहितको अनुगमन, मूल्याङ्कन सुपरिवेक्षण नियमित गर्ने प्रवन्ध गर्ने। | पटक | ३ | ३ | ३ | ३ | ३ | |
| ६ | सुविधा सम्पन्न विद्यालयको सेवा सबैको पहुँचमा ल्याउने | बिग विद्यालयमा सबैले पढ्न पाउने वातावारण सुनिस्चित गर्न यातायात वा छात्रावास व्यबस्थापन गर्ने | पटक | आवश्यकता अनुसार | आवश्यक ताअनुसार | आवश्यक ताअनुसार | आवश्यक ताअनुसार | आवश्यक ताअनुसार | |
| | | फिडर विद्यालयलाई आवश्यक प्राविधिक तथा भौतिक सहयोग गरी गुणस्तरमा एकरूपता ल्याउने | पटक | आवश्यकता अनुसार | आवश्यक ताअनुसार | आवश्यक ताअनुसार | आवश्यक ताअनुसार | आवश्यक ताअनुसार | |
| | | विग विद्यालयमा विद्यार्थीको चाप थेग्न सक्ने गरी पूर्वाधार विश्लेषण गरी थप विकास गर्ने | पटक | | | १ | १ | १ | |
| | | गाउँपालिकाले कक्षागत सिकाइलाई छुट्टै मापदण्ड विकास गरी कक्षा ३ र ५को सिकाइ परिक्षण गर्ने । | पटक | १ | १ | १ | १ | १ | |
| | | सिकाइ गुणस्तरका विद्यालयलाई पुरस्कार,उत्प्रेरणा, प्रोत्साहन र कमजोर सिकाइ देखिएका विद्यालयमा थप कार्यक्रम प्रभाबकारीरूपमा सशक्तिकरण गर्दै जाने । | पटक | आवश्यकता अनुसार | आवश्यक ताअनुसार | आवश्यक ताअनुसार | आवश्यक ताअनुसार | आवश्यक ताअनुसार | |

## ५.२ जनशक्ति व्यवस्थापन

### ५.२.१ वर्तमान अवस्था :

कोन्ज्योसोम गाउँपालिकाभित्र जम्मा स्वीकृत दरवन्दीको सङ्ख्या ९३ छ भने राहत ४२ ओटा छन् । प्राविधिकधार संचालित विद्यालयमा ल्याब सहायक, सहायक प्रशिक्षक, प्रशिक्षक र विज्ञान शिक्षक गरी ९ जना कार्यरत छन् । बालविकास सहजकर्ता ३० र संघीय अनुदानका शिक्षक ६ जना कार्यरत छन् । गाउँपालिका अनुदानमा ५ जना कार्यरत छन् । यसरी हेर्दा बालविकासमा ३०, प्राथमिक तहको दरवन्दीमा ८५, आधारभूत तह (६-८) ३४, माध्यमिक तह (९-१० ) मा २५ र माध्यमिक तह (९-१२) मा मा ९ जना( प्राविधिक धार समेत ) कार्यरत रहेको देखिन्छ । विद्यालय सहयोगी र विद्यालय कर्मचारीकोरूपमा (१७+६) २३ जना , ११/१२ चलेका ३ विद्यालयमा विद्यालय नर्स ३ जना, आया १ र ल्याब सहायक १ गरी जम्मा तलब भत्ता निकासा गर्नु पर्ने २१२ जनशक्ति रहेका छन् । जसमा प्राथमिक तहको स्वीकृत दरवन्दी ७३ जना र राहत १२ जना छन् । आधारभूत तह ६-८ को स्वीकृत दरबन्दी १३ र राहत १७ गरी जम्मा ३० जना छन् । मानव संसाधनको स्थिति हेर्दा कुल १८४ शिक्षकहरू मध्ये पूर्व प्राथमिक तहमा ३० जना र आधारभूत तहमा १२० जना शिक्षक कार्यरत छन् । यसै गरी माध्यमिक तहमा जम्मा ३५ जना शिक्षक कार्यरत छन् जसमध्ये प्राविधिक धार सञ्चालित एउटा विद्यालयमा ८ जना प्रशिक्षकहरू कार्यरत छन् । सबै विद्यालयमा गरी २३ जना मात्र विद्यालय कर्मचारीहरू रहेको देखिन्छ । उपलब्ध जनशक्ति मध्ये लगभग ५०% जनशक्ति मात्र स्वीकृत दरवन्दीमा छन् भने बाँकि राहत, प्राविधिक, अनुदान र कर्मचारीको हिस्सा रहेको छ ।

| तह | दरवन्दी | राहत | प्राविधिक | अनुदान सङ्घ | अनुदान (गापा) | जम्मा | कर्मचारी | नर्स | आया | ल्याब सहायक | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पूर्व प्राथमिक | - | - | - | ३० | | ३० | | | | | **३०** |
| आधारभूत) कक्षा १ देखि ५ सम्म( | ७३ | १२ | - | - | | ८५ | ६ | | | | **९१** |
| आधारभूत कक्षा १ देखि ८ सम्म | १३ | १७ | २ | - | २ | ३४ | ५ | | | | **३९** |
| माध्यमिक कक्षा १ देखि १० सम्म | ७ | ८ | २ | ६ | ३ | २६ | १२ | | | | **३८** |
| माध्यमिक कक्षा १ देखि १२ सम्म | - | ५ | ४ | - | | ९ | - | ३ | १ | १ | **१४** |
| **जम्मा** | **९३** | **४२** | **८** | **३६** | **५** | **१८५** | **२३** | **३** | **१** | **१** | २१२ |

## विषयगत दरवन्दीको अवस्था :

कोन्ज्योसोम गाउँपालिकामा रहेका विद्यालयगत विषयगत शिक्षकहरुको विवरणा २०८३

| क.स. | विद्यालयको नाम | उच्च माध्यमिक तहको विषयगत शिक्षकको विवरण | | माध्यमिक तहको विषयगत शिक्षकको विवरण | | | | | | निम्न माध्यमिक तहको विषयगत शिक्षकको विवरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अग्रेजी | गणित | विज्ञान | नेपाली | सामाजिक | ऐच्छिक | अग्रेजी | गणित | विज्ञान | नेपाली | सामाजिक |
| १ | श्री बाघभैरब मावि | | | √ | √© | √© | √©© | | | √ | √ | | | |
| २ | श्री सरस्वती मावि | | | √© | √© | √©© | | | √ शिक्षा | | √ | √ | √ | √ |
| ३ | श्री मगरगाउँ मावि | नेपाली | अंग्रेजी | | √ | √ | √ | | √ अर्थशास्त्र/लेखा | √ | √ | √ | √ | √ |
| ४ | श्री गोठभन्ज्याड मावि | अग्रेजी | लेखा | | √ | √ | √ | | √ लेखा | | | √ | | √ |
| ५ | श्री गुप्तेश्वर मावि | | | √© | √© | √ | | | | √ | √ | √ | | √ |
| ६ | श्री बालेश्वरी मावि | | लेखा | √ | √©© | √ | | | √ लेखा | √ | √ | √ | | √ |
| ७ | श्री ज्ञानोदय आवि | | | | | | | | | √ | | √ | √ | |
| ८ | श्री कालिसेतीदेवी आवि | | | | | | | | | √ | | √ | | |
| ९ | श्री भुमिथुम्का आवि | | | | | | | | | √©© | | √ | | |
| १० | श्री देवी आवि | | | | | | | | | | | √ | √ | |
| ११ | श्री गुप्तेश्वर आवि | | | | | | | | | √©© | | √ | | |
| | जम्मा | २ | ३ | ४ | ६ | ६ | ३ | ० | ५ | ८ | ५ | १० | ५ | ५ |
| | कुल जम्मा | ५ | | २४ | | | | | | ३२ | | | | |

√© संघीय शिक्षण सहयोग अनुदान कोटा

√©© स्थानीय शिक्षण सहयोग अनुदान कोटा

कोन्ज्योसोम गाउँपालिकाभित्र कार्यरत शिक्षक दरवान्दीलाई विषयगत रूपमा हेर्दा माध्यमिक तह ११-१२ मा ३ ओटा विद्यालयलयमा ३ ओटा लेखा को दरवन्दी छ भने नेपाली १ र अंग्रेजी १ दरबन्दी गरी ५ ओटा दरवन्दी रहेका छन् । त्यस्तै माध्यमिक तह ९-१० चलेका ६ ओटा विद्यालयमा विषयगत दरवन्दी हेर्दा नेपाली ३ अंग्रेजी ४ गणित ६ विज्ञान ६ शिक्षा १ लेखा ३ अर्थशास्त्र १ गरी २४ ओटा दरवन्दी रहेकोमा सामाजिक विषयको भने कुनै दरवन्दी छैन । आधारभूत तह ६-८ चलेका ११ ओटा विद्यालय नेपाली ४ विज्ञान १० अंग्रेजी ८ गणित ५ सामाजिक ५ दरबन्दी गरी ३२ जनशक्ति छन् ।उल्लेखित विषयगत दरवन्दी अनुसार विषयगत दरवन्दी तथा शिक्षकलाई प्राथमिकता क्रमका आधारमा पुनर्व्यबस्थापन गर्नुपर्ने देखिन्छ ।

**५.२.२ लक्ष्यः** विद्यालयमा कार्यरत जनशक्तिको अवस्था विश्लेषण गरी दरवन्दी तथा शिक्षक पुनर्वितरण तथा पुर्नव्यवस्थापन गर्ने ।

### ५.२.३ उद्देश्य :

क) गाउँपालिकाभित्रका सबै विद्यालयमा जनशक्ति एवम् दरवन्दीको प्राथमिकता क्रमका आधारमा समानुपातिक वितरण गर्ने ।

ख) आवश्यक विषयगत दरवन्दी व्यबस्थापन गर्ने।

### चुनौती :

क) तल्लो तहमा कार्यरत शिक्षकले बिना थपसेवा सुविधा माथिल्लो तहमा पढाउन पर्ने अवश्था हुनु

ख) विषयगत प्राथमिकता क्रमका आधारमा पुर्व्यबस्थापन गर्न नसक्नु ,

ग) अनिवार्य विषयका विषयगत दरवन्दी सुनिस्चितता गर्न नसक्नु,

### ५.२.४ रणनीति

१) विद्यार्थी सङ्ख्या र विषयगत आवश्यकताका आधारमा शिक्षक दरबन्दी मिलान गर्ने ।

२) मापदण्डका आधारमा शिक्षक सरुवा व्यबस्थापन गर्ने ।

५) वैकल्पिक जनशक्ति व्यवस्थापन गर्ने ।

### ५.२.५ अपेक्षित उपलब्धि

क) गाउँपालिका भित्रका सबै विद्यालयमा जनशक्ति एवम् दरवन्दीको प्राथमिकता क्रमका आधारमा समानुपातिक वितरण भएको हुनेछ ।

ख) आवश्यक विषयगत दरवन्दी व्यबस्थापन गरिएको हुनेछ ।

## ५.२.६ प्रमुख क्रियाकलाप

| क्र सं | रणनीति | क्रियाकलाप | लक्ष्य इकाई | २०८३०८/४ देखि २०८८०८/९ सम्म | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| १ | विद्यार्थी सङ्ख्या र विषयगत आवश्यकताका आधारमा शिक्षक दरबन्दी मिलान गर्ने | कम विद्यार्थी सङ्ख्या भएका विद्यालयबाट विद्यार्थीका चाप धेरै भएका विध्यालयमा दरवन्दी अनुपात मिलाउने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | अनिवार्य विषयका नपुग विषयगत दरवन्दी थप गर्ने | सङ्ख्या | ६ | ४ | ४ | ४ | ४ | |
| | | रिक्त भएका पदमा शिक्षक नियुक्ति गर्दा नियमावली बमोजिम  विषयगत दरवन्दी नियुक्तिको प्रक्रिया सुनिस्चित गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २ | मापदण्डका आधारमा शिक्षक सरुवा गर्ने । | गाउँपालिका भित्रका विद्यालयहरूमा जनशक्ति व्यवस्थापन गर्न स्पष्ट मापदण्ड बनाउने । | सङ्ख्या | | १ | | | | |
| ३ | वैकल्पिक जनशक्ति व्यवस्थापन गर्ने । | शिक्षक बैंक मार्फत (कम्प्युटर, योग, ध्यान, खेलकुद, मनोपरामर्श, नर्स, मातृभाषा ) शिक्षक व्यवस्थापन गर्ने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | गाउँपालिका ले छात्रवृत्ति दिएर पढाइएका विद्यार्थीलाई कम्तिमा गाउँपालिका मा १ वर्ष सेवा गर्ने वातावारण तयार पार्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | स्वयं सेवक शिक्षक परिचालन गर्न सक्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ५.३ प्रधानाध्यापक सम्बन्धि  व्यवस्था :

**५.३.१ वर्तमान अवस्था** : कोन्ज्योसोम गाउँपालिकाभित्र रहेका १७ ओटा सामुदायिक विद्यालयमा १७ जना प्रधानाध्यापक रहेका छन् । ६ वटा माध्यमिक तहका विद्यालयमा २ ओटामा माध्यमिक तह तृतीय श्रेणीका प्र अ छन् भने २ ओटामा प्राथमिक द्वितीय श्रेणी र २ ओटामा प्राथमिक तह तृतीय श्रेणीका प्र अ छन् । ५ वटा आधारभुत १-८ संचालित विद्यालयमा  प्राथमिक तह तृतीय श्रेणीका प्र अ छन् । आधारभूत तह १-५ संचालित ६ वटा विद्यालयमध्ये एक विद्यालयमा बालविकास र एक विद्यालयमा अस्थायी प्र अ छन् बाकी ४ विद्यालयमा प्राथमिक तह तृतीय श्रेणीका प्र अ छन् । यसलाई तालिकामा निम्नानुसार देखाउन सकिन्छ :

| क्र सं | विद्यालय | प्र अ को तह | हुनुपर्ने प्र अ को तह | कैफियत |
|---|---|---|---|---|
| १ | वनस्पति आ वि | प्रा वि अस्थायी | प्रा वि  स्थायी | |
| २ | कालीसेतीदेवी आ वि | प्रा वि  स्थायी | नि मा वि  स्थायी | |
| ३ | ज्ञानोदय आ वि | प्रा वि  स्थायी | नि मा  वि  स्थायी | |
| ४ | बाघ भैरब मा वि | मा वि स्थायी | मा वि स्थायी | |
| ५ | कालीदेवी  आ वि | प्रा वि  स्थायी | प्रा वि  स्थायी | |
| ६ | भुमिथुम्का आ वि | प्रा वि  स्थायी | नि मा वि  स्थायी | |
| ७ | सरस्वती मा वि | प्रा वि  स्थायी | मा वि स्थायी | |
| ८ | मगर गाउँ मा वि | प्रा वि  स्थायी | मा वि स्थायी | |
| ९ | ज्ञान ज्योति आ वि | प्रा वि  स्थायी | प्रा वि  स्थायी | |
| १० | बुद्द आ वि | प्रा वि  स्थायी | प्रा वि  स्थायी | |
| ११ | जनहित आ वि | बालविकास | प्रा वि  स्थायी | |
| १२ | गोठ भन्ज्याङ् मा वि | प्रा वि  स्थायी | मा वि स्थायी | |
| १३ | महांकाल आ वि | प्रा वि  स्थायी | प्रा वि  स्थायी | |
| १४ | देवी आ वि | प्रा वि  स्थायी | नि मा वि  स्थायी | |
| १५ | गुसेस्वर मा वि | प्रा वि  स्थायी | मा वि स्थायी | |
| १६ | गुसेश्वर आ वि | प्रा वि  स्थायी | नि मा वि  स्थायी | |
| १७ | बालेश्वोरी मा वि | मा वि स्थायी | मा वि स्थायी | |

**५.३.२ लक्ष्य :** सबै विद्यालयमा नियमानुसार योग्य र सक्षम प्रधानाध्यापक व्यवस्था गरी विद्यालयको शैक्षिक वातावरण प्रभाबकारी बनाउँदै शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने ।

**५.३.३ उद्देश्य**

क) सबै विद्यालयमा नियमानुसार योग्य र दक्ष प्रधानाध्यापकहरूको समयमै व्यवस्थापन गर्ने ।
ख) प्रधानाध्यापकहरूको नेतृत्व क्षमता विकास गरी विद्यालयको प्रशासनिक तथा शैक्षिक वातावरणमा सुधार ल्याउने ।

**५.३.४ चुनौती :** कोन्ज्योसोमभित्र १७ वटा सामुदायिक विद्यालयहरूमध्ये थोरैमा मात्र नियमसम्मत तह र श्रेणीका प्रधानाध्यापक (प्र.अ.) कार्यरत छन् । बालविकास तथा अस्थायी शिक्षकले समेत प्र.अ.को जिम्मेवारी सम्हाल्नुपर्ने बाध्यता अवस्थाले गर्दा उपल्लो श्रेणी र तहका शिक्षकको कार्यसम्पादन मूल्याङ्कन समेत प्रभावित भएको देखिन्छ । माध्यमिक तहका विद्यालयहरूमा माध्यमिक तहका स्थायी दरवन्दी हुदाहुँदै प्राथमिक द्वितीय र तृतीय श्रेणीका शिक्षकलाई प्र.अको जिम्वेवारी प्रदान गर्दा शिक्षकको वृत्तिविकासमा असर पर्नुका साथै माथिल्लो तह र श्रेणीका शिक्षकलाई हिनताबोध हुनुका साथै माथिल्लो तहका शिक्षकहरूलाई तल्लो श्रेणीको प्र.अ. ले नेतृत्व गर्दा प्रशासनिक र कानुनी जटिलता आउन सक्ने अवस्था देखिन्छ । तल्लो तहका शिक्षकलाई नेतृत्व प्रदान गर्दा शिक्षा नियमावली समेत प्रभावित भएको देखिन्छ । नीति नियमको प्रभाबकारी कार्यान्वयन गराउनु स्थानीय सरकारको काम कर्तव्य पनि ओझेलमा परेको देखिन्छ जसले गर्दा विद्यालयको व्यवस्थापकीय क्षमता र गुणस्तरमा असर पर्न सक्छ । विद्यालय जस्तो संवेदनशील संस्थाको नेतृत्व तल्लो तहका शिक्षकको भरमा चल्नुपर्दा दीर्घकालीन योजना र संस्थागत स्थायित्वमा चुनौती थपिने र गुणस्तरमा समेत प्रभाव पार्ने देखिन्छ । नेपाल सरकार शिक्षा नियमवलीको परिच्छेद १७ को नियम ९३ उपनियम २ बमोजिम विद्यालयमा प्रधानाध्यापक छनोट गर्ने स्पस्ट कानुनी व्यवस्था भएतापनि कार्यान्वयन पक्ष फितलो देखिन्छ ।

क) नियमसम्मत र स्थायी प्रधानाध्यापकको व्यबस्थापन हुन नसक्नु,
ख) तहअनुसारको शिक्षक दरबन्दी मिलान हुन नसक्नु ,
ग) प्रधानाध्यापकको योग्यता तह , र श्रेणी नमिल्नु,
घ) अस्थायी र बालविकास शिक्षकमा प्र.अ. को जिम्मेवारी दिइनु ।

**५.३.५ रणनीति**

क) प्रधानाध्यापक छनोट प्रक्रिया पारदर्शी बनाई र नियुक्ति गर्ने ।
ख) क्षमता विकास तथा तालिम प्रदान गरी कार्यक्षमतामा सुधार गर्ने ।
ग) नतिजामुखी कार्यसम्पादन सम्झौता गर्ने ।
घ) नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने ।

### ५.३.६ आपेक्षित उपलब्धि

क) सबै विद्यालयमा नियमानुसार योग्य र दक्ष प्रधानाध्यापकहरूको समयमै व्यवस्थापन भएको हुने छ ।

**ख)** प्रधानाध्यापकहरूको नेतृत्व क्षमता विकास गरी विद्यालयको प्रशासनिक तथा शैक्षिक वातावरणमा सुधार आएको हुनेछ ।

### ५.३.७ प्रमुख क्रियाकलाप

| क्र सं | रणनीति | क्रियाकलाप | लक्ष्य इकाई | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| १ | प्रधानाध्यापक छनोट प्रक्रिया पारदर्शी बनाई र नियुक्ति गर्ने । | विद्यालयहरूमा प्रधानाध्यापक नियुक्ति प्रक्रियालाई थप व्यवस्थित, प्रतिस्पर्धी र नियमसङ्गत बनाउन स्पष्ट मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्ने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | नियमानुसार क्रमिक रुपमा तहगत्त प्र अ छनोट गर्दै जाने | पटक | ४ | ४ | ३ | | | |
| | | प्रचलित कानुन अनुसार प्रधानाध्यापक व्यावस्थापनसम्बन्धी कानुनलाई प्रभाबकारी कार्यान्वयन गर्ने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | प्रत्येक ५/५ वर्षमा प्रधानाध्यापक/नियुक्ति हुने सुनिस्चितता गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २ | क्षमता विकास तथा तालिम प्रदान गरी कार्यक्षमतामा सुधार ल्याउने । | नवनियुक्त तथा कार्यरत प्रधानाध्यापकहरूका लागि नेतृत्व कौशल, आधुनिक विद्यालय व्यवस्थापन र शैक्षिक योजना निर्माणसम्बन्धी नियमित तालिमको व्यवस्था गर्ने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | प्रविधिमा आवश्यक सहयोग पुर्याई क्षमता विकास गराउने गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | नमुना विद्यालय भ्रमण गराउने (पालिकाभित्र र बाहिर ) | पटक | १ | १ | १ | १ | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | नतिजामुखी कार्यसम्पादन सम्झौता गर्ने । | प्रधानाध्यापकहरूको कार्यसम्पादनलाई वस्तुनिष्ठ बनाउन शैक्षिक सुधारका सूचकहरू सहितको कार्यसम्पादनमा आधारित सम्झौता (Performance Based Contract) लागु गर्ने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने । | विद्यालयको शैक्षिक वातावरण र प्रशासनिक सुधारका लागि प्र अ द्वारा कक्षा अवलोकन तथा पृष्ठपोषण प्रदान गर्ने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

# परिच्छेद ६
# सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँदछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्त्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता  तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ ।  नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।

## ६.१ संस्थागत क्षमता विकास

### ६.१.१ परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान सस्थागत संरचना संघीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागी कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही  परिवर्तन  गरी व्यवस्थापन गरिएको छ । बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तनलगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ ।

योजना कार्यान्वयनका लागि गाउँकार्यपालिका, गाउँसभा, गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय मुख्य संयन्त्रका रूपमा रहेका छन् । शिक्षा योजनामा उल्लेख नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालको क्षमता विकास हुन जरुरी हुन्छ । त्यसका लागि सहभागितामूलक योजना निर्माण, सुझाव सङ्कलनर प्रबोधिकरण मार्फत कार्यान्वयन संयन्त्रको क्षमता विकास गरिनेछ । योजनामा उल्लेखित नीति तथा कार्यक्रमको स्पष्टता विना सफल कार्यान्वयन हुन सक्दैन । त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास हुनुमा यसको औचित्य ठहर्छ ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ जमा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरेको छ । विभिन्न ऐन र कानुनमार्फत स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारेको छ ।

नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ दृष्टिगोचर गर्दा सङ्घमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । सो अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन् । साविकमा शैक्षिक जनशक्ति विकास अन्तर्गतका रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये ७ वटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ । प्रत्येक तहमा शिक्षा युवा तथा खेलकुद महाशाखा / शाखाको व्यवस्था गरिएको छ ।

### ६.१.२ वर्तमान अवस्था

कोन्ज्योसोम गाउँपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रूपमा व्यवस्थित बन्न सकेको छैन ।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समितिर शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन् । सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तहसञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ । प्रायः जसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित

बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रूपमा बस्न सकेको पाइदैन । सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन् ।

विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफलजस्ता पक्षमा विद्यालयहरूले उपलव्धिपूर्ण तरिकाले काम गरेका छन् । यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ । त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिरएको छ । पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ र बागमती प्रदेशले सामाजिक विकास कार्यालयको स्थापना गरी शिक्षा प्रशासनका निकायहरू एकातिर कामविहिन भएको पाइन्छ भने अर्कोतिर तीनवटै तहका विभिन्न निकायहरूबीचको समन्वय, सहकार्य र सहसम्बन्ध कमजोर भएको देखिन्छ ।

### ६.१.३ उद्देश्य

क) स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु,

ख) तीनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउनु,

ग) स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु,

घ) जनशक्तिहरूको संस्थागत क्षमता विकास गर्नु,

### ६.१.४ रणनीतिहरू

क) स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने,

ख) संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने,

ग) कार्यरत जनशक्तिको क्षमता विकास गर्ने,

घ) स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने,

ङ) प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने,

च) कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्नको लागि आवश्यक स्रोत साधनहरूको व्यवस्थापन गर्ने ।

### ६.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**अ) उपलब्धि**

क) शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

**आ) नतिजा**

क) शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुनेछ,

ख) शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुनेछ,

ग) शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भई क्षमता सुधार हुनेछ,

**घ)** सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुनेछ ।

### इ) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | |
| १ | आवश्यक कानुनी प्रवन्ध तथा मापदण्ड विकास | सङ्ख्या | १ | | | | | १ | |
| २ | विद्यालयको कार्यसम्पादन मुल्याङ्कन गर्ने | विद्यालय | १७ | १७ | १७ | १७ | १७ | ८५ | ८५ |
| ३ | प्रधानाध्यापकलाई शिक्षा, युवा तथा खेलकुद शाखासँग र शिक्षकलाई प्रधानाध्यापकसँग कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | विद्यालय | १७ | १७ | १७ | १७ | १७ | ८५ | ८५ |
| ४ | पदाधिकारीहरूको क्षमता विकास | सङ्ख्या | १७ | १७ | १७ | १७ | १७ | ८५ | ८५ |
| ५ | प्रधानाध्यापक बैठक भत्ता | पटक | १२ | १२ | १२ | १२ | १२ | ६० | |
| ६ | विद्यालय कर्मचारी प्रोत्साहन | जना | १७ | १७ | १७ | १७ | १७ | ८५ | ८५ |
| ७ | प्रधानाध्यापक तथा विद्यालय कर्मचारीको क्षमता विकास | सङ्ख्या | १७ | १७ | १७ | १७ | १७ | ८५ | ८५ |
| ८ | सुचाकमा आधारित मुल्याङ्कन प्रणाली विकास गरी तथ्याङ्क राख्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ९ | वि व्य स, शि.अ.सं, सामाजिक लेखा परिक्षण समितिको कार्यको तथ्याङ्क व्यबस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ परिचय

योजना कार्यान्वयनको प्रबन्धअन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्त्वहरू पर्दछन् । नेपालमा संघीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको तीन वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई संघीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्ने छ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ ।

### ६.२.२ वर्तमान अवस्थाः

कोन्ज्योसोम गाउँपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन् । सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तहसञ्चालन भएका सामुदायिक विद्यालयमा एक एक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ । प्रायः जसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रूपमा बस्न सकेको पाइदैन । सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन् ।

शिक्षा योजना निर्माण पश्चात सो योजनाको प्रभावकारी रूपमा कार्यान्वयन गर्नको लागि आवश्यक जनशक्ति व्यवस्थापन कानुन कार्यविधि निर्माण वजेटको सुनिश्चितता तीन तहका सरकार बीचको समन्वय र सहकार्य वार्षिक रणनीतिक योजना र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण, कार्यक्रम कार्यान्वयन पुस्तिका तैयारी, विभिन्न सरोकारवालाहरूलाई कार्यक्रमहरूको बारेमा प्रबोधिकरण जस्ता कार्यक्रमहरू कार्यान्वयन गरिएको छ ।

### ६.२.३ उद्देश्यहरुः

क) शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ६.२.४ रणनीतिहरू

क) संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।

ख) कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।

ग) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।

घ) एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।

ङ) विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।

च) विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्न लगाउने ।

छ) विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।

ज) वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।

झ) अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।

ञ) सामुदायिक सिकाइ  केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

### ६.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**अ) उपलब्धि**

क) शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।

**आ) नतिजा**

क) शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

### इ) प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ | जम्मा | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| २ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | पटक | १ | | | | | | ५ |
| ३ | कानुन निर्देशिका मापदण्डको प्रबोधिकरण | पटक | १ | | | | | | ५ |
| ४ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ५ | एकिकृत शैक्षिक सुचना प्रणाली सृदृढीकरण | पटक | | | | | | | ५ |
| ६ | शैक्षिक गुणस्तर सुधारसम्वन्धी अन्तरक्रिया | पटक | | | | | | | ५ |
| ७ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी कार्यक्रम सञ्चालन | पटक | | | | | | | ५ |
| ८ | सामाजिक परीक्षणको प्रतिवेदनको आधारमा विद्यालयहरूलाई थप सहजीकरण | पटक | | | | | | | ५ |

# परिच्छेद ७
# लगानी र स्रोत व्यवस्थापन

## ७.१ परिचय

सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलव्ध गराउने संवैधानिक प्रावधान रहेको छ । आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ । आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका टिउसन ,कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ । कार्यक्षेत्र भित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलव्ध गराउने, लेखापरीक्षण र वित्तिय सुशासन कायम गर्ने दायित्व गाउँपालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्ययी, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ ।

वित्तिय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ । एकातर्फ योजना कार्यान्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारवाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउँदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ ।

शिक्षा विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ । शिक्षाको समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन । विभिन्न प्रतिवेदनहरूले कुल बजेटको २० प्रतिशत बजेट शिक्षामा विनियोजन गर्न सिफारिस गरिएता पनि सो अनुपातमा पुग्न सकेको छैन । यथार्थताको नजिक रहेर योजना बनाएर सोबमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ । समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ । संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउँदै लजाने नीति उल्लेख गरिएको छ । कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शि बनाउनु चुनौतीका रूपमा रहेका छन् । सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रूपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको राम्रो अवसर प्रदान गरेको छ ।

## ७.२ वर्तमान अवस्था

विश्वव्यापी रूपमा दिगो विकासका लक्ष्यहरू हाँसिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ

। सर्शत अनुदानको रूपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९५ प्रतिशत भन्दा बढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शीर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू मात्र केन्द्रित रहेका छन् । विद्यार्थी सङ्ख्याका आधारमा इकाइ लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लगानीका अतिरिक्त गाउँपालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रतिविद्यार्थी लागत पचास हजार भन्दा बढी रहेको छ ।

पञ्चवर्षीय गाउँ शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश, स्थानीय सरकार र सँघ संस्था रहने छन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रूपमा रहनेछ । शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रूपमा साझेदारी गर्न सकिनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन् । नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ । श्रोतको आँकलन तपसिल बमोजिम गरिएको छ ।

| क्र.स. | वित्तीय श्रोतको व्यवस्थापन | कूल बजेट | जम्मा हिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सङ्घीय सरकार | ५८१६३० | ५९.२३% | |
| २ | प्रदेश सरकार | २०८११५ | २१.१९% | |
| ३ | स्थानीय सरकार | १५३८२४ | १५.६६% | |
| ४ | अभिभावक तथा समुदाय | ३००० | ०.३% | |
| ५ | सङ्घ संस्था तथा दातृनिकाय | २५१५० | २.५६% | |
| ६ | स्थानीय दाता तथा अन्य श्रोत परिचालन | ५००० | ०.५% | |
| ७ | अपुग रकम | ५१५२ | ०.५२% | |
| | जम्मा | ९८१८७१ | १००% | |

### ७.३ उद्देश्य

क) योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने,

ख) पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने,

ग) उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,

घ) खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु ।

### ७.४ रणनीतिहरू

क) सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरिने,

ख) आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने,

ग) स्रोतको उपयोग गर्ने विद्यालयलाई जबाफदेही बनाइने,

घ) वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने,

ङ) शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गरिने,

च) मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने,

छ) वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने ।

### ७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य उपलब्धि

क) शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने,

ख) वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने ।

## ७.६ विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्वन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरूको बजेट विवरण

| क्र स | शिक्षाका उप-क्षेत्रहरू | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत (रु ००० मा) | | | | | | श्रोत आँकलन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य संस्था |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | १४३२० | ११९७० | १०९२० | ११६७० | १०९२० | ५९००० | ३५७५० | १९३५० | ३००० | ९०० |
| २ | आधारभत् शिक्षा | ३६६५० | ३६७०० | ३६२५० | ३६५०० | ३६२५० | १८२३५० | ९६८५० | ४५००० | ४००० | ३५०० |
| ३ | माध्यमिक शिक्षा | ४६३१० | ४६००० | ४४३५० | ४४५०० | ४५००० | २२६१६० | १५५०६०<br>० | ५१०१५ | १०८०० | ५०० |
| ४ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ६२६४ | ७२६४ | ६७६४ | ६२६४ | ६२६४ | ३२८२० | २६३७० | ० | ७९६४ | १००० |
| ५ | प्राविधिक तथा व्यावसायिक शिक्षा | २०० | २०० | २०० | २०० | २०० | १००० | ४०० | २०० | १००० | ५०० |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामाग्री तथा मुल्यांकन | १४१०० | १५३०० | १४६०० | १४१०० | १४३०० | ७२४०० | ३२४०० | १५००० | १५००० | १०००० |
| ७ | शिक्षक व्यवस्थापन र विकास | १५५०० | १६५७० | १४४८० | १६५३० | १६८२० | ७९९०० | ५८००० | १५००० | ५००० | १००० |
| ८ | विद्यालय व्यवस्थापन | १५६८ | १५६८ | १६५० | १८०२ | १९५३ | ८५४१ | ५५०० | २००० | ५०० | ५०० |
| ९ | अनौपचारिक शिक्षा र आजिवन सिकाइ | ४७५० | ४७५० | ४८५० | ४९५० | ५०५० | २४३५० | १५००० | ६०५० | २५६० | ५०० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | विद्यालय भौतिक पूर्वाधार विकास | १५००० | १५००० | १५००० | १५००० | १५००० | ७५००० | ४०००० | २०००० | १५००० | |
| ११ | शिक्षामा समता र समावेशीकरण | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | १०००० | ५००० | २५००० | |
| १२ | विद्यालयमा सूचना तथा संचार प्रविधि | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | २०००० | १०००० | ५०००० | |
| १३ | विद्यालय सुरक्षा विपत न्यूनिकरण तथा उत्थानशीलता | ३३५० | ३१५० | ३१५० | ३१५० | ३१५० | १५९५० | ५००० | ३००० | ३००० | ४९५० |
| १३ | संस्थागत संरचना र क्षमता विकास | २०० | ३००० | ३००० | ४०० | ३००० | ९६०० | ५०० | ५०० | ३०० | २०० |
| १४ | योजना कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समन्वय र सहजीकरण | १००० | २००० | २००० | २००० | ३००० | १०००० | ३०० | २०० | २०० | १०० |
| १५ | विद्यालय समायोजन एकिकरण तथा प्र अ र जनशक्ति व्यवस्थापन | ७६०० | ३८८०० | २२३०० | २२८०० | १८३०० | १०९८०० | ८०५०० | १५८०० | १०५०० | १५०० |
| | जम्मा | १८१८१२ | २१६४७२ | १९४५१४ | १९४८६६ | १९४२०७ | ९८१८७१ | ५८१६३० | २०८११५ | १५३८२४ | २५१५० |

# परिच्छेद ८
# अनुगमन तथा मूल्याङ्कन

## ८.१ परिचय

कोन्ज्योसोम गाउँपालिकाले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरूप कार्यान्विन गर्नेछ । स्थानीय तह र विद्यालयको आधारभूत तहमा सन्चालन हुने कार्यक्रमहरूको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ । प्रत्येक विद्यालयले र गाउँपालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम सन्चालन गर्नेछन् । कार्यक्रम सन्चालनको लागि बजेट र आबश्यक प्रबन्ध गाउँपालिकाको शिक्षा शाखाले गर्नेछ ।
जब कार्यक्रमहरूको कार्यन्वयन भए नभएको अनुगमन मूल्याङ्कन गर्न गाउँपालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र विद्यालय तहमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरूको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ । विद्यालय अनगुमनका क्रममा गाउँपालिकाले समग्र पक्षको (शैक्षिक, प्रशासनिक, र भौतिक) नियमित अनगुमन, सुपरिवेक्षण, निरीक्षण गर्नेछन् । अनगुमन पश्चात सरोकारवालाहरूसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्विन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रूपमा गाउँपालिका र विद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति बनाई सक्रिय हुनेछ ।

## ८.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरूमा अनुगमन, नियमन र मूल्याङ्कन गर्ने कार्य गरिरहेको छ । खासगरी गाउँपालिकाको शिक्षा शाखावाट अनुगमन तथा मूल्याङ्कन गर्ने गरिएको र जनप्रतिनिधिहरूबाट पनि समय समयमा अनुगमन गरिएको छ । विद्यालयमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ । अनुगमन मूल्याङ्कनका संरचना वा निकायहरू खडा भएतापनि सक्रिय बनाउन बाँकि नै छ । कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन । समग्र कार्यक्रम कार्यान्वयन, प्रगति समिक्षा पनि हुन बाँकी नै छ । प्रभावकारी अनुगमन र मूल्याङ्कनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ । सफलता, सिकाइ र राम्रा अभ्यासहरूको दस्तावेजिकरण र प्रचार प्रसारको पनि खाँचो रहेको छ ।

ऐन, नियमानुसार कार्य भए नभएको लेखाजोखा गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङ्कन गर्ने कार्यहरू नियमित रूपमा भैरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङ्कन गरिने छ । सङ्घमा शिक्षा तथा प्रविधि मन्त्रालय र शिक्षा विभागले अनुगमन तथा मूल्याङ्कनका कार्यको समन्वय सञ्चालन गर्नेछन् । कोन्ज्योसोम

गाउँपालिकाको गाउँ शिक्षा योजना सरोकारवालाहरूलाई जानकारी गराइ सो कार्यान्वयन भए नभएको सम्वन्धित निकायबाट अनुगमन गरिनेछ । अनुगमन प्रकृया तपसिल बमोजिम हुनेछ ।

| क्र. स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अलवोकन, निरक्षण, सुपरिवेक्षण, प्रतिवेदन | संयोजक | मासिक | आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, कक्षाकोठा अनुगमन फाराम, प्रतिवेदन |
| २ | गाउँ शिक्षा समिति | | संयोजक | मासिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | गाउँपालिका | | अध्यक्ष तथा पदाधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास तथा समन्वय इकाइ | | इकाइ प्रमुख | वार्षिक | |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | |
| ७ | शिक्षा अधिकृत | | | मासिक | |
| ८ | विद्यालय सुपरिवेक्षक | | | मासिक | |
| ९ | शिक्षा तथा मानव श्रोत विकास केन्द्र | | | वार्षिक | |
| १० | प्रदेश शिक्षा विकास निर्देशनालय | | | वार्षिक | |
| ११ | नागरिक समाज तथा गैर सरकारी सङ्घसंस्था | | | मासिक | |

गाउँ शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ । योजनाको कार्यन्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि गाउँपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ । योजनाको कार्यान्वयनको क्रममा गाउँपालिका वडाहरू, सम्वन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ ।

**८.३ उद्देश्य**

क) बार्षिक बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्नु,

ख) एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार, समीक्षा र सुधार गर्नु,

ग) नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्नु

## ८.४ रणनीतिहरू

क) एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गर्ने,

ख) अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गर्ने,

ग) शैक्षिक सूचना व्यस्थापन प्रणालीलाई थप सुदृढीकरण गर्ने,

घ) राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकता अनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गर्ने,

ङ) योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गर्ने,

च) प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गर्ने,

छ) अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गर्ने,

ज) कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजा मूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गर्ने,

झ) सहभागिता मूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गर्ने,

ञ) कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एव प्रतिवेदन प्रणालीको प्रबन्ध गर्ने,

ट) पुरस्कार र दण्ड प्रणालीको विकास गर्ने ।

## ८.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### अ) उपलब्धि

क) प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हाँसिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने,

ख) कार्यक्रमको आवधिक समिक्षा भई सफलतालाई निरन्तरता, असफलतालाई सुधार, कमिकमजोरीमा सुधार र पुनर्योजना  गर्न मद्दत हुने,

ग) समग्र कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुने ।

**आ) नतिजा**

क) नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुने,

ख) अनुगमनका आधारमा नतिजा सुधार हुने,

ग) अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुने,

घ) विद्यार्थी उपलब्धि परीक्षणका नतिजाका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुने,

ङ) विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने,

च) सिकाइहरूको दस्तावेज तयार हुने ।

**इ) प्रमुख क्रियाकलाप र लक्ष्यः**

| क्र.सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **पहिलो वर्ष** | **दोस्रो वर्ष** | **तेस्रो वर्ष** | **चौथो वर्ष** | **पाँचौ वर्ष** | जम्मा | | |
| १ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | १ | | | | | १ | | |
| २ | अनुगमन प्रणालीका लागि सूचक तयारी र अद्यावधिक | पटक | १ | | १ | | | २ | | |
| ३ | अनुगमन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ४ | चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ५ | स्थिति प्रतिवेदन तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ६ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | | १ | १ | १ | १ | ४ | | |
| ७ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ८ | अनुगमन सम्बन्धि क्षमता विकास | पटक | १ | १ | १ | १ | | ५ | | |
| ९ | सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १० | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | अध्ययन तथा अनुसन्धान | पटक | २ | २ | २ | २ | २ | १० | | |
| १२ | विज्ञ रोष्टरहरूले कक्षा कोठमा आधारित पेशागत सहायता प्रदान गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |

## अनुसूचि १
## वडागत शैक्षिक विवरण

| क्रस | विवरण | | वडागत विवरण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | विद्यालय उमेर ५-१७ वर्षसम्मका बालबालिकाको विवरण | पुरुष | १३२ | १३७ | ९० | १८४ | १६४ | ७०७ |
| | | महिला | १३४ | १२८ | ७६ | १४४ | १८५ | ६६७ |
| २ | विद्यालय बाहिर रहेका बालबालिकाको विवरण | पुरुष | १ | - | - | - | - | १ |
| | | महिला | - | - | १ | - | - | १ |
| ३ | आधारभूत तह कक्षा ८ उत्तीर्ण नगर्ने बालबालिकाको विवरण | पुरुष | ४ | - | ०९ | - | ३ | १६ |
| | | महिला | ३ | - | १ | - | ३ | ०७ |
| ४ | १५-६० वर्ष सम्मका निरक्षर संख्या | पुरुष | ८१ | ३१ | ४२ | ९८ | १४७ | ३९९ |
| | | महिला | १३४ | ७९ | ९४ | १७९ | १६० | ६४६ |

# अनुसूचि २
## भाषाअनुसारको जनसंख्या विवरण

| वडा नं | नेपाली | तामाङ | गुरुङ | मगर | नेवारी | पहरी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | १८५ | २००७ | २ | २ | ० | १ | २ | २१९९ |
| २ | ९७२ | १४३५ | २ | ३७ | ३ | ० | १३ | २४६२ |
| ३ | ५१७ | ६३३ | ६ | १०५ | ८ | १४१ | ८ | १४१८ |
| ४ | १८३ | २३५१ | ० | ० | १ | ० | ६ | २५४१ |
| ५ | २२२ | २३०३ | २ | २ | ११८ | ० | ५६ | २७०३ |
| कुल | २०७९ | ८७२९ | १२ | १४६ | १३० | १४२ | ८५ | ११३२३ |

# अनुसूचि ३
## धर्म अनुसारको जनसंख्या विवरण

| वडा नं | हिन्दु | बौद्ध | इस्लाम | किराँत | कृश्चियन | शिख | बहाई | जैन | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २२१ | १९०८ | ० | १ | ६७ | ० | ० | ० | २ | २१९९ |
| २ | १०३२ | १३४१ | ० | २ | ७३ | १ | ० | ५ | ८ | २४६२ |
| ३ | ७८७ | ५८२ | १ | ० | ४८ | ० | ० | ० | ० | १४१८ |
| ४ | ४७७ | १९५२ | १ | ० | ९९ | ० | ० | ० | १२ | २५४१ |
| ५ | १०४३ | १५०० | ० | ५ | १४६ | ० | ० | ० | ९ | २७०३ |
| **कुल** | **३५६०** | **७२८३** | **२** | **८** | **४३३** | **१** | **०** | **५** | **३१** | **११३२३** |

## अनुसूचि ४
## वडागत जनसंख्या, घरमुली र महिला तथा पुरुषको विवरण

| वडा नं | पुरुष घरमुली | महिला घरमुली | जम्मा घरधुरी | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ३२१ | ८८ | ४०९ | १०८० | १११९ | २१९९ |
| २ | ४२६ | ६० | ४८६ | १२६३ | ११९९ | २४६२ |
| ३ | २४३ | ४९ | २९२ | ७१६ | ७०२ | १४१८ |
| ४ | ३८२ | ९१ | ४७३ | १२६४ | १२७७ | २५४१ |
| ५ | ४०० | ८१ | ४८१ | १३३५ | १३६८ | २७०३ |

## अनुसूचि ५
## वडागत सामुदायिक विद्यालय विवरण

| क्रस | वडा नं | १-५ संचालित | १-८ संचालित | १-१० संचालित | १-१२ संचालित |
|---|---|---|---|---|---|
| १ | १ | १ | २ | १ | 0 |
| २ | २ | १ | १ | १ | १ |
| ३ | ३ | ३ | 0 | 0 | १ |
| ४ | ४ | १ | १ | १ | 0 |
| ५ | ५ | 0 | १ | ० | १ |
|  | जम्मा | ६ | ५ | ३ | ३ |

## अनुसूचि ६

## उमेर समुहगत जनसंख्या विवरण

| क्रस | उमेर समूह | महिला | पुरुष |
|---|---|---|---|
| १ | ०-४ | ४१३ | ४३८ |
| २ | ५-९ | ४२२ | ४४६ |
| ३ | १०-१४ | ४९६ | ४५५ |
| ४ | १५-१९ | ४८५ | ४८४ |
| ५ | २०-२४ | ६३४ | ६२४ |
| ६ | २५-२९ | ५७२ | ५६१ |
| ७ | ३०-३४ | ५२१ | ५३२ |
| ८ | ३५-३९ | ४२० | ४६२ |
| ९ | ४०-४४ | ४१७ | ४३१ |
| १० | ४५-४९ | २६९ | ३०४ |
| ११ | ५०-५४ | २६७ | २६१ |
| १२ | ५५-५९ | २०५ | १८८ |
| १३ | ६०-६४ | २०१ | १५५ |
| १४ | ६५-६९ | ११३ | १३७ |
| १५ | ७०-७४ | १०० | ९५ |
| १६ | ७५-७९ | ५६ | ३५ |
| १७ | ८०-८४ | ४२ | २८ |
| १८ | ८५-८९ | १८ | १४ |
| १९ | ९०+ | १४ | ०८ |

## अनुसूचि ७

## सामुदायिक विद्यालयको मौजुदा भौतिक पूर्वधारको विवरण

| क्रस | विवरण | संख्या |
|---|---|---|
| १ | भवन संख्या | ५२ |
| २ | पक्की भवन | ४१ |
| ३ | जम्मा कक्षाकोठा | १६५ |
| ४ | नपुग कक्षा कोठा | करिव २० |
| ५ | बाढीले पूर्ण क्षति गरेको विद्यालय | १ |
| ६ | प्र.अ. कार्य कक्षा भएको विद्यालय | ६ |
| ७ | विद्यालयमा अलग्गै कम्प्युटर ल्याब | ६ |
| ८ | शौचालय | करिव २५ |
| ०९ | पुस्तकालय भएका विद्यालय | ११ |
| १० | खानेपानीको सुविधा भएका विद्यालयहरु | १४ |
| ११ | इन्टरनेट र विधुत भएका विद्यालयहरु | १५ |
| १५ | अपाङ्गता पहुँच भएका विद्यालयहरु | ७ |
| १६ | खेल मैदान | १३ |
| १७ | विज्ञान ल्याब भएको विद्यालयहरु | ५ |
| १८ | गणित प्रयोगशाला भएको विद्यालय | १ |
| १९ | हात धुने सुविधा भएको विद्यालय | १४ |
| २० | स्यानिटरि प्याड व्यवस्थापन भएको विद्यालय | ११ |

# सन्दर्भ सामग्रीहरु


१. नेपालको संविधान २०७२, कानुन किताब व्यवस्था समिति

२. उच्चस्तरीय कार्यदलका प्रतिवेदन २०५५, शिक्षा मन्त्रालय, काठमाण्डौं

३. उच्चस्तरीय कार्यदलका प्रतिवेदन २०५८, शिक्षा मन्त्रालय, काठमाण्डौं

४. विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८९), शिक्षा मन्त्रालय, काठमाण्डौं

५. राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदन केन्द्रीय तथ्याङ्क विभाग, थापाथली काठमाण्डौं

६. शिक्षा ऐन (संशोधन सहित) २०२८, कानुन किताब व्यवस्था समिति काठमाण्डौं

७. शिक्षा नियमावली (संशोधन सहित) २०५९ ,कानुन किताब व्यवस्था समिति काठमाण्डौं

८. स्थानीय सरकार संचालन ऐन २०७४

९. निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५

१०. दीगो विकास लक्ष्य २०१७-३० राष्ट्रिय योजना आयोग, काठमाण्डौं

११. उच्च स्तरीय शिक्षा कार्यदलको प्रतिवेदन, शिक्षा मन्त्रालय काठमाण्डौं

१२ नेपाल सरकारको वार्षिक बजेट २०८२।८३

१३.१६औं योजना, राष्ट्रिय योजना आयोग, काठमाण्डौं

१४. फ्लास रिपोट २०८१, शिक्षा तथा मानव स्रोत विकास केन्द्र , काठमाण्डौं

१५ राष्ट्रिय परीक्षा बोर्डको परीक्षा विश्लेषण दस्तावेज २०७३।७४

१६. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुर

१७. फ्लास रिपोट २०८१, शिक्षा विकास निर्देशनालय , हेटौंडा

१८ कोन्ज्योसोम गाउँपालिकाको शिक्षा ऐन, २०७९

१९ कोन्ज्योसोम गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०८१

२० कोन्ज्योसोम गाउँपालिकाको शैक्षिक घरधुरी सर्वेक्षण, २०८२

२१ Big school model को सम्भाव्यतासम्बन्धी अध्ययन प्रतिवेदन,२०८२